# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» शनिबार, माघ १३ , २०७४ » Saturday, January 27, 2018 » www.newsofnepal.com » नेसं ११३८ शिल्ला थ्व १० » वर्ष २४, अंक १७ » पृष्ठ १२ » मूल्य रू १०/–



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ ९ बजेदेखि ६ बजेसम्म)



५ { पार्टी एकता हुन नदिन अझै षड्यन्त्र

९ { याद अल्झाएर बिदा भए रमेश

१० { फेरि अदुवा निर्यातमा अवरोध

१२ { फेडेररलाई रेकर्ड बराबरी गर्ने मौका




दक्षिण कोरियाको पूर्वी शहर मिर्याङस्थित सेजोङ अस्पतालमा शुक्रबार आगलागी हुँदा कम्तीमा ३७ जनाको ज्यान जानुका साथै अन्य ७० भन्दा बढी घाइते भएको त्यहाँको प्रहरीले जनाएको छ । तस्वीर : एजेन्सी

## अलमलमा एमाले-माओवादी एकता

# 'अविश्वास र आशंका बढ्यो'

मधूसूदन रायमाझी, काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचमा पार्टी एकताको प्रक्रिया अगाडि बढाउन अलमल देखिएको छ। नयाँ सरकार गठनअघि नै पार्टी एकताको प्रक्रिया पूरा गर्ने तयारीका साथ गृहकार्य अगाडि बढेपछि पद बाँडफाँडमा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच कुरा मिल्न नसक्दा प्रक्रिया अगाडि बढ्न सकेको छैन।

ओली र प्रचण्डकै बीचमा कुरा नमिल्दा पार्टी एकताका लागि गठन गर्ने दुईवटा कार्यदल पनि बन्न सकेको छैन। नेकपा एमालेले पार्टी र सरकारको नेतृत्व ओलीले नै गर्नुपर्ने अडान लिएको छ भने माओवादी केन्द्रले सरकारको नेतृत्व ओलीले गर्दा पार्टीको नेतृत्व प्रचण्डले पाउनुपर्ने अडान लिएको छ।

यही विषयमा ओली र प्रचण्डबीचमा समझदारी हुन सकेको छैन। पटक-पटक ओली र प्रचण्डको बीचमा वान टु वान वार्ता भए पनि दुवै अध्यक्षले अडान नछोड्दा एकता प्रक्रियाको काम अगाडि बढ्न सकेको छैन।

माओवादी केन्द्र सरकार गठनअघि नै पार्टी एकताको प्रक्रिया टुंगो लगाउनुपर्ने पक्षमा देखिए पनि एमाले भने सरकार गठन र पार्टी एकता प्रक्रिया एकसाथ अगाडि बढाउने पक्षमा देखिएको छ। पार्टी एकताका लागि माओवादीको हतारो र एमालेले पर्ख र हेरकै नीति अख्तियार गरेका छन्।

> पार्टी एकता प्रक्रिया अगाडि बढ्न नसके पनि प्रदेश सरकार गठनमा भागवण्डामै अगाडि बढाउनका लागि कार्यदल गठन गरेर काम गरिरहेका छन्।

पार्टी एकता प्रक्रिया अगाडि बढ्न नसके पनि प्रदेश सरकार गठनमा भागवण्डामै अगाडि बढाउन कार्यदल गठन गरेर काम गरिरहेका छन्। तर महत्त्वपूर्ण मानिएको एकताको प्रक्रिया अगाडि बढाउने काम भने अगाडि बढ्न सकेको छैन। निर्वाचनपछि दुईपटक एकता संयोजक समितिको बैठक बसे पनि एकता प्रक्रिया अगाडि बढाउने मोडालिटीको बारेमा टुंगो लाग्न सकेको छैन।

एकता प्रक्रिया लम्बिँदै जाँदा दुई दलमा विश्वासभन्दा पनि अविश्वास र आशंका बढ्दै गएको माओवादी केन्द्रका एक नेताले बताए।

उनले भने- 'एकता प्रक्रिया अगाडि बढाउन तत्काल कार्यदल गठन गरेर काम अगाडि बढाउनुपर्ने हो, जुन काम एमालेकै कारण ढिला हुँदै आएको छ।'

एमाले र माओवादी केन्द्रका नेताहरूले नै पार्टी एकता भाँड्ने षड्यन्त्र भइरहेको आशंका व्यक्त गर्न थालेका छन्। प्रचण्डले यसअघि प्रधानमन्त्री एवम् कांग्रेसका सभापति शेरबहादुर देउवाले आफूलाई पाँच वर्षका लागि प्रधानमन्त्री बन्न आग्रह गरेको सार्वजनिक गर्नुभएको थियो।

जुन विषयले एमाले सशंकित बनेको थियो। निर्वाचनमा वाम गठबन्धन बनाएर आफूलाई पहिलो दल बनाएको एमाले र निर्वाचनमा अपेक्षाकृत परिणाम ल्याउन सफल भएको माओवादी केन्द्रले निर्वाचनलगत्तै पार्टी एकता गर्ने घोषणा गरेका थिए।

(क्रमशः पृष्ठ ९ मा)

## देउवा सरकारको घोषणा

# 'कार्यान्वयन असम्भव'

रोविन पौडेल/हेमन्त जोशी/ दीपेन्द्र थापा, काठमाडौं

कुनै पूर्वयोजना, पूर्वतयारी तथा सम्बन्धित पक्षसँगको छलफलबिना सरकारले सामाजिक सुरक्षा भत्ता वृद्धि गरेपछि उक्त निर्णयलाई आर्थिक क्षेत्रका ज्ञाताले गैरजिम्मेवार र अल्पकालीन सस्तो लोकप्रियता भएको बताएका छन्।

मन्त्रिपरिषद्ले सामाजिक सुरक्षा भत्ता वृद्धि, वृद्धभत्ता पाउनका लागि ६५ वर्षको उमेर हद तथा भूकम्पपीडितका लागि थप १ लाख उपलब्ध गराउने निर्णयमा सरकारको गैरजिम्मेवारीपन देखिएको आर्थिक क्षेत्रका जानकारहरूले बताएका हुन्।

अर्थ मन्त्रालयले चालू आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वृद्धिका लागि बजेट व्यवस्थापनको तयारी नै नगरी सरकारले पछिल्लो निर्णय गरेको हो। मन्त्रालयबाट बजेट व्यवस्थापनका लागि कुनै तयारी नै नगरी कामचलाउ अवस्थामा रहेको सरकारले सस्तो लोकप्रियताका लागि मुलुकलाई नै आर्थिक दलदलमा फसाउने निर्णय गरेको उनीहरूको दाबी छ।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री सामाजिक सुरक्षा भत्ता वितरण सकारात्मक भए पनि नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकले यसको व्यवस्थापनबारे सोच्नु आवश्यक रहेको बताउनुहुन्छ।

*नेपाल समाचारपत्र*सँग कुरा गर्दै क्षेत्रीले भन्नुभयो- 'हरेक वर्ष राजस्व संकलन घट्दै गएको र संघीयताजस्तो महँगो प्रणाली कार्यान्वयनका क्रममा स्थानीय तहले भनेअनुसार कार्यसम्पादन गर्दै जाने भए आर्थिक भार खेप्ने गाह्रो पर्ने देखिन्छ। अर्कोतर्फ उमेर घटाएर भत्ता दिने, अशक्त तथा असहायलाई सुरक्षा भत्ता बढाउने कार्यले सरकार परिवर्तनसँगै सस्तो लोकप्रियताको लालचमा नयाँ नीति ल्याउने क्रम बढ्छ।'

> 'बख्खुमा बाँड्ने, सस्तो लोकप्रियताका लागि डोकोमा बोकेर उकालो लाग्ने' प्रवृत्ति भएन र?
>
> – क्षेत्री

> 'यो आर्थिक एजेन्डा नभएर राजनीतिक एजेन्डा हो।'
>
> – डा. पोखरेल

> 'घाँटी हेरेर हाड निल्नु र खुट्टा हेरेर जुत्ता किन्नु भन्ने उखान सरकारले बुझेन।'
>
> – आचार्य

आर्यआर्जनको माध्यम पनि नरहेको तथा राज्यको ढुकुटीमा रहेको रकम पनि आयातमा खर्च भएको अवस्थामा यस्तो निर्णय आउनु सरकारीस्तरबाट सोच विचार गर्ने परम्परा समाप्त भएको छनक देखिएको उहाँको भनाइ छ। क्षेत्रीले सरकारले गत वर्ष करिब डेढ खर्ब रुपियाँ बजेट बचत हुन्छ भने पनि अहिले त्यो सिध्याउने खेल बढेको बताउनुभयो। 'यो त 'बख्खुमा बाँड्ने, सस्तो लोकप्रियताका लागि डोकोमा समेटेर उकालो लाग्ने' प्रवृत्ति भएन र?' -क्षेत्रीको प्रश्न छ।

यस्तै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेल सरकारले खर्चको स्रोतबारे अझै स्पष्ट नपारेको बताउनुहुन्छ। बजेट व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा मन्त्रालयले स्पष्ट पारेपछि मात्र उक्त निर्णय कार्यान्वयनमा ल्याइनुपर्ने पोखरेलको भनाइ छ।

(क्रमशः पृष्ठ ९ मा)

## गोर्खाल्यान्ड नेता काठमाडौंबाट बेपत्ता

काठमाडौं, (नेस)

भारतीय प्रहरीको खोजीको सूचीमा रहेका गोर्खाल्यान्ड आन्दोलनका एक सदस्य सञ्जय थुलुङ रहस्यमय ढंगबाट पक्राउ परेका छन्। भारतीय सरकारले खोजी तीव्र बनाएपछि नेपालमा लुकिछिपी बस्दै आएका थुलुङलाई नेपाल प्रहरीको विशेष ब्युरोले पक्राउ गरी भारतीय प्रहरीलाई जिम्मा लगाएको प्रहरीको एक उच्च स्रोतले जानकारी दिएको छ। धापासीस्थित ससुरालीमा बस्दै आएका थुलुङलाई छक्याएर पक्राउ गरी भारतीय प्रहरीको जिम्मा लगाएको भए पनि नेपाल प्रहरीले भने उक्त घटनाको बारेमा कुनै जानकारी नभएको भन्दै पन्छदै आएको छ।

गोरखाल्यान्ड आन्दोलनको क्रममा हतियार नै ओसार पसार गर्ने कार्यमा संलग्न रहेका थुलुङलाई भारतीय प्रहरीले मस्टवान्टेडको सूचीमा राखेपछि थुलुङ परिवारसहित काठमाडौं आएर लुकिछिपी बस्दै आएका थिए।

(क्रमशः पृष्ठ ९ मा)

## डा. रुइतलाई पद्मश्री सम्मान

काठमाडौं, (नेस)

भारत सरकारले डा. सन्दुक रुइतलाई पद्मश्री सम्मान प्रदान गर्ने भएको छ। शुक्रबार भारतको ६९औं गणतन्त्र दिवसका अवसरमा नेपालका लागि भारतका राजदूत मञ्जिभसिंह पुरीले आयोजना गर्नुभएको स्वागत समारोहमा सो कुरा बताउनुभएको हो।

समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवा पनि उपस्थित हुनुहुन्थ्यो। प्रम देउवासँगै उक्त समारोहमा मन्त्रिपरिषद्का सदस्य, सांसद, पूर्वप्रधानमन्त्री, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, विभिन्न राजनीतिक दलका नेता, कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, उद्योगपति, व्यापारी, समाजसेवी, कलाकार, वरिष्ठ पत्रकारलगायत समाजका प्रतिष्ठित वर्गको उपस्थिति थियो। समारोहमा राजदूत पुरीले नेपाली नागरिक डा. सन्दुक रुइतलाई पद्मश्री सम्मान प्रदान गर्ने निर्णय भारत सरकारले गरेको जानकारी दिँदै यसै वर्ष विशेष समारोहमा उक्त सम्मान प्रदान गरिने बताउनुभयो। भारत र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्ष पुगेको बताउँदै उहाँले दुई देशबीचको सम्बन्ध अत्यन्त सुमधुर रहेको बताउनुभयो।

कार्यक्रममा राजदूत पुरीले भारतको राष्ट्रिय झन्डा फहराउँदै गणतन्त्र दिवसका अवसरमा भारतका राष्ट्रपतिले जारी गर्नुभएको सन्देश वाचन गर्नुभएको थियो। उहाँले विभिन्न सामाजिक संघसंस्था तथा अस्पताललाई ६ वटा बस र ३० वटा एम्बुलेन्स एवम् शैक्षिक प्रतिष्ठानलाई शैक्षिक सामग्री हस्तान्तरण गर्नुभयो।

## हाइकिङ गएका छात्र बेपत्ता

काठमाडौं, (नेस)

फुलचोकी हाइकिङ गर्न गएको एक विद्यालयका छात्र बेपत्ता भएका छन्। शुक्रबार बिहान कुसुन्तीस्थित अजय शिक्षा सदनका कक्षा ६ मा अध्ययनरत जोन तामाङ बेपत्ता भएका छन्। बिहीबार बिहान हाइकिङ गरी फर्कने क्रममा दिउँसो करिब साढे ३ बजे उनी बेपत्ता भएका थिए।

गोदावरी आउनु करिब ३ किलोमिटर बाँकी रहँदा विद्यार्थी सम्पर्कविहीन भएका थिए। उनी सम्पर्कविहीन भएपछि प्याब्सन ललितपुरका पदाधिकारी, नेपाल प्रहरी सशस्त्र प्रहरी बलको टोलीले २४ घण्टादेखि खोजी जारी राखेका छन्। काभ्रेको सिमानासम्म खोजी गर्दासमेत विद्यार्थी फेला पार्न नसकिएको प्याब्सन ललितपुरका अध्यक्ष शिव कार्कीले बताउनुभयो। अस्ति बिहीबारदेखि हिजो शुक्रबार राति करिब ७ बजेसम्म खोजी गर्दासमेत विद्यार्थी फेला पार्न नसकेको उहाँले जानकारी दिनुभयो। प्रिन्सिपल दुर्गा ओली आफैले सो विद्यालयका ११ जना विद्यार्थी हिउँ खेल्न भन्दै फुलचोकी लग्नुभएको थियो। हराएका विद्यार्थी खोज्न शुक्रबार राति अबेरसम्म सातदोबाटो र बाडेगाउँका प्रहरी निरीक्षकसहितको टोली परिचालन गरिएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# पाइप बिच्छ्याउन ८ अर्ब अभाव

नेपाल समाचारपत्र

काठमाडौं

रकम अभावका कारण काठमाडौंका विभिन्न ठाउँमा अझै मेलम्ची खानेपानीको पाइपलाई बिच्छ्याउन नसकेको आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ। खानेपानीको ट्यांकी तथा मेलम्ची खानेपानीको पाइपलाइनसम्बन्धी सम्पूर्ण कामको जिम्मा पाएको निर्देशनालयले शुक्रबार पत्रकार सम्मेलन गर्दै सो कुराको जानकारी दिएको हो।

सो कार्यक्रममा निर्देशनालयका प्रवक्ता लीला ढकालले रकम अभावका कारण काठमाडौंका ३० प्रतिशत स्थानमा पाइपलाइन बिच्छ्याउने काम अगाडि बढाउन नसकिएको बताउनुभयो। 'काठमाडौंमा मेलम्ची खानेपानी खुवाउन रकम अभावकै कारण पाइपलाइन थप विस्तार गर्न सकिरहेका छैनौं', उहाँले भन्नुभयो- 'हामीले विस्तृत अध्ययन गरेर सम्बन्धित ठाउँमा जानकारी गराइसकेका छौं।'

काठमाडौंको धुम्बाराही, महाराजगन्ज, सामाखुसी र कलंकी क्षेत्रमा खानेपानीको पाइपलाइन बिच्छ्याउन रकम अभाव भएको हो। यस क्षेत्रमा पाइपलाइन विस्तार गर्न ८ अर्ब लाग्ने निर्देशनालयले जनाएको छ।

निर्देशनालयले थोक वितरण प्रणालीअन्तर्गत ७७ किमि पाइपलाइन विस्तार गर्नुपर्नेमा हाल ६७ किमिको हारहारीमा पाइपलाइन बिच्छ्याइसकेको छ भने ६ सय ३० किमि वितरण सञ्जाल सुधारअन्तर्गत ६ सय ५० को हाराहारीमा पाइपलाइन बिच्छ्याउने काम सम्पन्न भइसकेको प्रवक्ता ढकालले बताउनुभयो।

निर्देशनालयले ट्यांकी बनाउने, खानेपानीको पाइपलाइन बिच्छ्याउनुका साथै भल्व चेम्बर र फायर हाइड्रेन्टको निर्माण भइरहेको जनाएको छ। हालसम्म १ हजार ६ सय २७ भल्व चेम्बर बनाउनुपर्नेमा ५ सय १ बनेको छ भने कतै आगलागी भयो भने त्यसका लागि उपयोगी हुने गरी निर्माण भइरहेको फायर हाइड्रेन्ट हालसम्म २ सय ५२ स्थानमा बनाउनुपर्नेमा ८४ वटा मात्रै बनेको निर्देशनालयले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# हिमाल आरोहणकी विकिपिडिया 'हली'को निधन

नेपाल समाचारपत्र

काठमाडौं



नेपालका हिमाल आरोहणबारे अध्ययन गर्दै आउनुभएकी न्युजिल्यान्डकी नागरिक एलिजाबेथ हलीको निधन भएको छ। हलीको ९४ वर्षको उमेरमा काठमाडौंको सिविक अस्पतालनमा निधन भएको हो।

हली नेपालका अग्ला हिमाल आरोहणबारे विगत ५ दशकभन्दा लामो समयदेखि अभिलेख राख्ने र अध्ययनमा सक्रिय हुनुहुन्थ्यो। हली पत्रकारसमेत हुनुहुन्थ्यो। उहाँले नेपालबाट विभिन्न विदेशी समाचार संस्थाका लागि समाचार पठाउने गर्नुभएको थियो। उहाँ रोयटर्स र टाइमजस्ता प्रतिष्ठित पत्रिकामा काम गर्नुहुन्थ्यो।

सन् १९२३ मा न्युजिल्यान्डमा जन्मिएकी हलीले अमेरिकाको मिसिगन विश्वविद्यालयमा अध्ययन गर्नुभएको थियो। सन् १९६० मा पहिलोपटक नेपाल आउनुभएकी हली त्यसयता नेपालमा नै बस्दै आउनुभएको थियो। न्युयोर्कस्थित फर्च्युन पत्रिकामा अनुसन्धानकर्ताका रूपमा काम गरिरहँदा उहाँ जागिर छोडेर विश्व भ्रमणका क्रममा काठमाडौं आउनुभएको थियो।

त्यसपछि उहाँ हिमालबारे अनुसन्धान गर्न प्रेरित हुनुभयो र सन् १९६३ देखि हिमाल आरोहणसम्बन्धी विवरण संकलन गर्न थाल्नुभयो। उहाँले 'द हिमालयन डाटाबेस' नामक वेबसाइटमा पर्वतारोहणसम्बन्धी सबै अभिलेख तथ्यांकसहित राख्नुभएको छ। उहाँलाई कुन हिमालमा कुन समय को कहाँबाट चढ्यो र त्यतिबेलाको मौसम कस्तो थियो भन्नेसम्मको तथ्यांक रहेको जानकारहरू बताउँछन्। 'द हिमालयन डाटाबेस'मा नेपालका ३ सयभन्दा बढी हिमालका ८० हजारभन्दा बढी आरोहणबारे सूचना छन्। नेपालका हिमाल आरोहणका सफलता तथा असफलतालगायतका विषयमा भएका कयौं अध्ययन अनुसन्धानमा उहाँका सूचना उपयोग भएका छन्। आरेहण अध्येता हलीले सन् १९८८ देखि सन् २००७ सम्म नेपालबारे लेखेका सामग्रीलाई संकलन गरी तयार पारिएको 'द नेपाल शिन' नामक पुस्तकको दुई भाग प्रकाशितसमेत भएको छ।

नेपाल सरकारले सन् २०१४ मा पुठा हिउँचुलीको एउटा चुचुरोलाई उनको सम्मानमा 'पीक हली' नामकरण पनि गरेको छ। सरकारले नेपाली पर्वतारोहण क्षेत्रमा उहाँले पुऱ्याएको अमूल्य योगदानलाई कदर गर्दै नेपाल-चीन सीमानामा पर्ने ६ हजार १ सय ८२ मिटर अग्लो चुचुरोलाई 'पीक हली' नामाकरण गरेको हो।

हली पहिलो पटक सगरमाथाको सफल आरोहणपछि एडमन्ड हिलारीले स्थापना गरेको 'द हिमालयन ट्रस्ट'को अध्यक्षसमेत हुनुहुन्थ्यो। हली नेपालका लागि न्युजिल्यान्डकी अवैतनिक वाणिज्य दूतसमेत नियुक्त हुनुभएको थियो।

# साहित्य

समाजको कल्याणको लागि जीवनको अनुभूतिलाई कलापूर्ण तरिकाले लिखितरूपमा प्रस्तुत गरिएको कुरा नै साहित्य हो।
– घनश्याम राजकर्णिकार

अभावमा पनि सबभन्दा ठूलो अभाव ज्ञानको अभाव हो। धनको अभावलाई लोकमा ठूलो अभाव मानिँदैन।
– तिरुवल्लुवर

व्यक्तिवृत

# सुदूर पश्चिमका सक्रिय युवास्रष्टा

मोहन दुवाल


बैतडीमा २०३२ असार ४ मा जन्मिएका पुष्करराज पछि धनगढी नपा-५, हसनपुरमा पुगेदेखि त्यहीँ साहित्य साधना र सिर्जनामा सेवारत छन्। थोरै वर्षको निरन्तर प्रयास र प्रयत्नबाट यिनले आफ्नो नाम धनगढीको माटोबाट उठाएर राष्ट्रमा चिनाउन प्रयत्नरत रहे र चिनाउन सफल पनि रहे। पिता गोपालदत्त भट्ट र माता राधिकादेवी भट्टका छोरा भई जन्मेका यिनले नेपाली विषयअन्तर्गत लघुकथामा विद्यावारिधी गरेका छन्। धनगढीमा छँदा यिनले व्यापार व्यवसाय गरे र फुर्सदमा साहित्य सिर्जना एवं सङ्गठनमा लागेर आफूलाई सक्रिय तुल्याइरहे। आफूले केही गरेर देखाउन पाउँदा यिनी खुशी हुन्छन्। यिनै युवा-स्रष्टा धनगढीबाट सिर्जनाका डोबहरू नियाल्दै राष्ट्रमा देखा पर्न सफल छन्।

धनगढीमा म दुईपल्ट पुग्न पाएँ। दुवैपल्ट यिनीसँग मेरो भेट भयो। नेपाल-भारत लेखक सम्मेलन हुँदाताका यिनले मलाई आवासमा भेट्न आएको र सम्पर्कको क्रम बढ्दै गएको हो । अर्कोपल्ट नेपाल बालसाहित्य समाजको एउटा साहित्यिक कार्यक्रममा जाँदा सम्बन्ध गाढा पार्न पाएको मलाई सम्झना छ। जनमत साहित्यिक मासिक र जनमत प्रकाशनका पुस्तकहरू धनगढी सम्प्रेषित गर्ने आन्दोलनमा यिनले सघाइदिएका हुन्। यिनीमार्फत नै मैले कैलालीका धेरै स्रष्टाहरूका कृतिहरू रसास्वादन गर्न पाएको हुँ। कैलालीको माटोमा साहित्यिक उत्सर्गहरू थप्ने आन्दोलनका अभियन्ता यिनी नयाँ पुस्ताका सक्रिय युवा साहित्यकार हुन्। सामाजिक सेवा, पत्रकारिता, साहित्यिक कार्यशीलतामा रमाइरहेका एकज सचेत युवालेखक पुष्करराज समाजमा व्याप्त भ्रष्टाचार, शोषण, कुकृत्यको विरोधमा कथा, निबन्ध र कवितामार्फत कलम चलाएर दृष्टि फुकाउन क्रियाशील छन्।

कला समूह संस्थापन गरेर, कैलाली जन पुस्तकालयका सञ्चालक रहेर, सुदूर पश्चिमाञ्चल साहित्य समाजमा आजीवन सम्पर्क जोडेर साहित्य कलाक्षेत्रमा रहँदै आएका यिनी सुदूर पश्चिमाञ्चल संवर्द्धन समिति, विद्यार्थी साहित्य प्रतिष्ठापन, जनमत साहित्यिक मासिकलगायत अन्य थुप्रै संघसंस्थामा सहभागिता जनाएर पनि सिर्जना र साहित्यिक क्रियाशीलताबाट आफूलाई चिनाउन सक्रिय छन्। आफ्नै अन्तर्मनभित्रको उद्बोधबाट डोऱ्याएर अनि साहित्यिक परिवेश पाएर साहित्य लेख्दै आएका यिनी एकलव्य र प्रकाश क्षितिज उपनामबाट पनि लेख-रचना लेख्ने गर्छन्।

साहित्य मानवीय अनुभूतिहरूका कलात्मक, सौन्दर्यपूर्ण विवेकसम्मत बौद्धिक अभिव्यक्तिका रूपमा स्वीकारेर लेखनक्षेत्रमा लागेका यिनी जीवनलाई सङ्घर्षको प्रतिविम्ब मान्छन् र सङ्घर्ष नै जीवन हो भन्छन्। प्रगतिचेत बोकेर जीवनपथमा कुदिरहन रुचाउने यिनी साहित्यमार्फत जनता र राष्ट्रको पक्षमा लेख्न रुचाउँछन्। साहित्य अध्ययन यिनको जीवनक्रम बने। संगीत श्रवण यिनको रुचिको विषय बने। खेलकुद कार्यक्रम हेर्नु यिनको दैनिकी बन्यो। हाल यिनको जीविकाको आधार प्राध्यापन, सम्पादन, अध्यापन र अन्वेषण भयो। यिनले कथामा मन राखे, कविता लेख्ने इच्छा गरे, निबन्धका हरफहरू कोरे। साथै समीक्षामा र अन्वेषणमा आफू सक्दो गर्दै आएको देखिन्छ। यस्तै खोजी र सिर्जनामा मन दिन पाउँदा खुशी हुन रुचाउने यिनी अग्रज पुस्ताका साहित्यकारहरूमा पारिजात, हृदयचन्द्र, भूपि शेरचन, रमेश विकल, युद्धप्रसाद मिश्र, विमल निभा, मोहन दुवाल मन पराउँछन्। विदेशी साहित्यकारहरूमा गोर्की र लुस्युन पढ्दै आएका यिनी भारतीय लेखकहरूमा प्रेमचन्द, शरतचन्द्र, राहुल सांकृत्यायन, शिवानी, तसलिमा नसरिनका कृतिहरूबाट प्रभावित छन्। यिनका प्रकाशित कृतिहरूमा कर्मयोद्धा (लघुकथा, २०५९), युगधारा (निबन्ध, २०५९), आस्थानायकको अवसान (कथा, २०६१), मुक्तिदूत (लघुकथा, २०६२), सुनौलो बिहानी (गजल, २०६३), एकथोपा सागरको (लघुकथा, २०६४), सुदूर पश्चिममा मातृभाषा साहित्य (अनुसन्धान, २०६५), सिर्जनाको सौन्दर्य (समालोचना, २०६९), सुदूर पश्चिमाञ्चलका थारु लोकगीतको अध्ययन (अनुसन्धान, २०६७) का साथै थुप्रै संयुक्त लेखनका प्रकाशोन्मुख कृतिहरू छन्।

सम्पादन कार्यमा पनि आफ्नै गन्तव्य र सक्रियता देखाउँदै आएका यिनले मालिका, सुरभि, साहित्यसुधा, आयाम, आफन्त, सुदूर पश्चिमाञ्चलका साहित्यकार : परिचय र अभिव्यक्ति, गजल प्रवाह आदिको सम्पादनमा आफ्नो बर्कत देखाएकै हुन्। यस्तै कार्य गरेर आफूलाई साहित्यिक कर्ममा जुटाउँदै आएका यिनलाई कर्मको सम्मानस्वरूप हाम्रो मझेरी प्रतिभा सम्मान (२०६१), स्व. देवकान्त स्मृति युवा साहित्यकार सम्मान (२०६२) प्रदान गरिसकिएको छ। र, यस्तै हाम्रो परेली साहित्यिक पत्रिकाको २०६४ को एउटा अङ्कमा यिनको सम्मानमा एउटा विशेष अङ्क प्रकाशित भएको छ। भर्खरैको युवावस्थाको छँदा नै कैलालीमा यिनले रोप्दै आएका सिर्जनाका डोबहरू नियालेर जनमतले पुष्करराज भट्ट विशेष निकाल्ने सोच बनाएको हो। यो विशेष अङ्क युवावस्थामा नै थुप्रै खालका साहित्यिक सिर्जना र साधना गरेबापतको सम्मानस्वरूप प्रदान गरिएको सम्मानभित्रको जनमत सद्भाव हो।


पुष्करराज

*परिवेश नै दुर्गन्धित भए स्वस्थ विचार फुल्छ कहाँ ?*
*मस्तिष्कमा कुविचार भए मानिस भुल्छ कहाँ ?*
*विषको वृक्ष रोपेर अमृत कहाँ फल्ला र ?*
*घृणा रोपेर प्रेमको नाटक कहाँ चल्ला र ?*

देशमा सुनौलो बिहानी ल्याउने चाहना बोकेर आफूभित्रको दृष्टि-विम्ब दह्रो पार्दै आएका यिनी गजलमा पनि यस्तै खालका सुन्दर विचार फुलाउन चाहन्छन्। साहित्य मनको सन्तुष्टिको लागि लेख्छु भन्नु भ्रम र दृष्टिदोष हो। साहित्य लेख्नु भनेको जनता, समाज, देशकै हितका लागि, प्रगतिका लागि लेख्नु पो हो, यिनी यस खालका विचार साहित्यमा सम्प्रेषण गर्न संघर्षरत छन्। प्रगतिशील साहित्यको प्रचारप्रसारका लागि आफू सक्दो मन दिँदै आएका यिनी हाल प्रलेस कैलाली, प्रगतिशील लेखक संघका केन्द्रीय सदस्य भएर हाल प्रदेश नं. ७ का इन्चार्ज छन्। यसै गरी यिनी जनसांस्कृतिक मञ्च, जनमत प्रकाशन, जनमत मासिक, जनमत वाङ्मय प्रतिष्ठानलगायत लघुकथा समाज, नेपाल वाङ्मय परिषद्मा सक्रिय छन्। यिनको योगदान गोरखापत्र, जनमत मासिक, शब्द-संयोजन, भानु, लघुकथा मुखपृष्ठमा संलग्न भएर सम्पादन सहयोगीका रूपमा आफ्नो सक्रियता देखाउँदै आएका छन्। यिनले पाएको सम्मान र पुरस्कारहरूमा हाम्रो मझेरी प्रतिभा सम्मान लगायत लघुकथा सम्मान, युवा-वर्ष मोती पुरस्कार, प्रश्रित प्रतिभा सम्मान, भानुभक्त सम्मान, भानु सम्मान (भारत)। यिनी गजलमञ्च, महाकाली साहित्य संगममा र कैलाली जनपुस्तकालयमा पनि सहयोगी भई आफ्नो क्रियाशीलता देखाएका छन्। राजनीतिमा पनि कहिलेकाहीँ आफ्नो सक्रियता देखाउन इच्छा राख्दै आएका यिनी राजनीतिमा देखा पर्दै आएका काला धब्बाहरू देखेर भयभित छन्। राजनीतिक क्षेत्र चोखो र स्वच्छ नरहेसम्म सबै क्षेत्रमा राम्रा खालका सम्भावनाहरू देखिँदैनन्। राजनीति त्यसैले कञ्चन हुनुपर्ने हो तर भइराखेको छैन, यस सन्दर्भमा कुरा हुँदा उनी चिन्ता जाहेर गर्छन्। शहीदको सपना हराइराखेकोमा यिनी निबन्ध लेख्छन्। जीवनलाई नशाजस्तै सम्झन्छन्। दास मानसिकता देखेर र भोगेर यिनी सशङ्कित छन्। यस्तै-उस्तै विम्बहरूभित्र लुकिरहेको एउटा सुन्दर आकृतिजस्तै भइदिएका छन् पुष्करराज भट्ट।

किशोरावस्थादेखि साहित्यप्रतिको मोहले साहित्यिक लेखनमा लागिरहेका यिनी आस्थानायकको अवसान कथासङ्ग्रहमा जीवनप्रतिको आफ्नो धारणा यसरी व्यक्त गर्छन्- जीवनमा कहिल्यै पनि पूर्ण प्राप्ति हुँदैन। जीजिविषाले मानिसका इच्छा अनि आकांक्षाहरूलाई जीवन्त राख्छ। मानिस बाँच्नका निमित्त, आफ्नो अस्तित्वबोध गर्नका निमित्त पनि केही गर्न चाहन्छ। मानिसका कर्महरू मेरो जीवन भोगाइका अनुभव, ज्ञान अनि क्रियाशीलताका जगमा उभिएका छन्। यस्तै सोच जीवनमा बोकेर साहित्यमा युगीन जागरणका शब्द विचार व्यक्त गर्न रुचाउने यिनी सुदूर पश्चिमेली समाजका कथाव्यथाहरूलाई नै आफ्ना कथाहरूमा व्यक्त गर्न खोज्छन्। आस्थानायकको अवसान पुस्तक पढेर प्रगतिशील समालोचक आनन्ददेव भट्टले पुष्करराजका कथाहरूबारे यसरी मूल्याङ्कन गरेका छन्- आस्थानायकको नायक प्रस्तुत कथासङ्ग्रहले एकातिर विषयवस्तुका दृष्टिले विशेष गरी कुनै पनि गाउँ-ठाउँदेखि शहर-बजारसम्म बस्ने आमनेपालीको अत्यन्त कष्टमय जीवनलाई देखाउँछ भने अर्कोतिर यसले वर्तमान समसामयिक नेपाली समाजको सत्यता, यथार्थता, वास्तविकता र कारुणिकतालाई हार्दिक किसिमले प्रस्तुत गर्न अत्यन्त उत्साहपूर्वक सौन्दर्य चेतनाका साथ अग्रसर भएको पनि दर्शाउँछ। कथा लेखनमा भएको यिनको समर्पणप्रतिको यो दृष्टि वरिष्ठ समालोचक आनन्ददेव भट्टको मूल्याङ्कन हो।

धनगढी, भारतसँगै दुःख-सुख साटफेर गर्दै आफ्नै हैसियत देखाएर रम्दै-झुम्दै गरेको एउटा नगर। साहित्य सिर्जना ओझेलमा परेको परिवेशमा स्रष्टाहरू बाँच्न गाह्रो बनाइदिएको यो देशको यस अवस्थामा सुदूर पश्चिमाञ्चलको माटोमा साहित्य सिर्जनामा भुल्दै, मन दिँदै क्रियाशील हुनु भनेको चानचुने विषय र कर्म होइन। त्यही कर्ममा व्याप्त हुन खोज्दै, सिर्जनाका डोबहरूभित्र आफूलाई समाहित तुल्याउँदै बाँच्न सकेकै कारणले पुष्करराजहरू धन्य छन्। त्यही धनगढी हेरेर त्यहाँ फुलेका पुष्कररूपी फूल मेरा मनमझेरीमा सम्प्रेषित भएकै कारणले म अक्षर-विम्बमा राखेर उनलाई नियालिरहेछु। उनले लेखेका गजल शब्दहरूलाई मन परेर म पनि यहाँ उल्लेख गरिरहेछु :


*मान्छे मान्छेका पीडामा बोल्छ यो कलम*
*बेथितिका अनेक रहस्य खोल्छ यो कलम।*

पुस्तक चर्चा

## मान्छे किन मान्छे हुन सक्दैन ?

दीपक खनाल 'अपूर्ण'

मानवीय संवेदना हराउँदै गएको डिजिटल संसार, भौतिक प्रविधिको तीव्र विकास, युद्ध र अपराधका संगीन डोबहरू ! चिमोट्दा पनि नदुख्ने भएको छ आजको संसारिक मान्छे, एकांकी बन्दै गएको छ जगत्। त्यस्तै भैसकें कि जस्तो लाग्छ आफूलाई पनि ? कवि विनोद दाहाल 'एकलभ्या'को अन्धो भूगोल हेर्दाहेर्दै शुरुकै कवितामा 'ब्रेक' लाग्छ आँखाको गति। गौर गरेर सोच्छु, सोध्छु आफैँलाई। हो, मान्छे किन मान्छे हुन सक्दैन ? कविको पहिलो कविताको शुरु पंक्ति दोहोऱ्याएर पढ्छु-



नियमबद्धताको निस्तो मुख
हाँसोको निर्वाद संसर्गमा
गिज्जिएर संवेदनाहरू मरेपछि
मान्छे किन मान्छे हुन सक्दैन ?
प्रश्न उत्तर, प्रश्न अनुत्तर कस्तो सचेतन मूर्दापन ? (बेवारिस विषहरू)

पूर्वपत्रकारसमेत हुनुको नाताले सक्रिय पत्रकारिताकालीन जीवनका 'नोस्टाल्जिया'हरू कविता बनेर प्रस्फुटित भएका छन् 'समाचारपत्र' शीर्षकको कवितामा। कुनै बेला नेपाल समाचारपत्रसँग जोडिएका दाहालले प्रतिकात्मकरूपमा 'समाचारपत्र' शीर्षकमा लेखेको कविता आमइमानदार पत्रकारको सामूहिक आवाज हो भन्दा अत्युक्ति नहोला।

यस्तै-यस्तै ४४ वटा कविताको सङ्गालो हो अन्धो भूगोल। ओरिएन्टल पब्लिकेसन हाउस प्रालिद्वारा प्रकाशित यो संग्रह ६६ पृष्ठ र ७० रुपियाँ मूल्यको छ। अन्त्यमा, शब्दका सर्जनहरूप्रति समर्पित यो संग्रहको शीर्षकमै प्रयोग भएको 'अन्धो', अन्य कवितामा अनायसै आएका अन्धो युग, कुँजिएका, पागल मूर्दा, वेश्याजस्ता शब्दहरूले समाजमा फरक परिवेशमा जिइरहेको एउटा तप्काको चित्त दुख्नेतर्फ ध्यानाकर्षण गराउन चाहन्छु।

गजल



भरत पौडेल

हिँड्दाहिँड्दै छुट्नेहरू भेटिन्छन् र गाह्रो हुन्छ
त्यहीँ माथि हालखबर सोधिन्छन् र गाह्रो हुन्छ।
यादसँगै असर बग्छ अनि अतीत बन्छ नदी,
यस्तै बेला मनका किनार भत्किन्छन् र गाह्रो हुन्छ।
न ऊ देउता, न म भक्त, लीला हेर्नु परेको छ,
सामु पर्दा यी हात पनि जोडिन्छन् र गाह्रो हुन्छ।
छाती ठोक्छु मलाई औंला ठडाउने कोही छैन,
खिसी गर्दै उनका अन्दाज पोखिन्छन् र गाह्रो हुन्छ।
उनलाई विश्वास दिँदै थिएँ बाडुलीको हिक्का छुट्यो,
सम्झिनेले यस्तै बेला सम्झिन्छन् र गाह्रो हुन्छ।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

माघ १३ देखि १९ गतेसम्म

**मेष**
साताको मध्य अर्थात् मंगलबारसम्म तपाईंको भाग्य चम्किनेछ। अधुरा रहेका वा थालनी गरिएका कार्यहरू पूरा होलान्। आर्थिक लाभ हुनाले परिवारमा सुखशान्ति हुने, उत्तम भोजन पाइनेछ। स्वास्थ्य चुस्त-तन्दुरुस्त भएको अनुभूति हुने, पढाइ-लेखाइ वा पेसा व्यवसायमा सफलता हात पर्नेछ। तर बुधबारबाट भने साथीभाइसँग विवाद पर्ला, धन-सम्पत्तिको नोक्सानी हुने देखिन्छ।

**वृष**
यो साता तपाईंका लागि निकै राम्रो देखिन्छ। तपाईंको यश-ऐश्वर्यमा वृद्धि हुनेछ। पढाइ-जागिरमा उच्च मूल्यांकन हुने देखिन्छ। राजनीतिमा सफलता, व्यवसायबाट उच्च आम्दानी, राज्यबाट लाभ हुनेछ। थालनी गरिएका अधुरा काम पूरा हुनेछन्। नेतृत्व क्षमतामा वृद्धि हुने, बोली बिक्ने, सानै प्रयासबाट पनि कार्य सफल हुने देखिन्छ। शुक्रबार भने दुर्घटनाको सम्भावना भएकाले सतर्कता रहनुहोला।

**मिथुन**
यो साताका मध्यदिनहरू तपाईंका लागि शुभ फलदायक छन्। सोम, मंगल र बुधबार केही आम्दानी हुने देखिन्छ। सानै प्रयासले पनि केही प्रगति होला। शुभ मांगलिक कार्यमा सरिक भइएला। तर बाँकी दिनहरू भने शुभ फल दिनेवाला देखिँदैनन्। धन हानि, मानसिक तनाव, काममा अरूचि होला। इज्जत-प्रतिष्ठामा आँच आउन सक्ने देखिन्छ। शुक्रबार भने केही राम्रो हुने देखिन्छ।

**कर्कट**
यो साता मिश्रित फलदायक छ। शुरुका दुई दिन शुभ छन्। कतैबाट नगद प्राप्त होला। मिष्ठान्न भोजनको अवसर मिल्ला। सोमबार र मंगलबार भने आर्थिक नोक्सानी, दुर्घटनाको भयका साथै विवादमा परिएला। त्यसपछिका दिनमा कतैबाट उपहार मिल्ला। काममा सफलता एवम् धनलाभ हुने सम्भावना छ। तर साताको अन्तिम दिन शुक्रबार भने मानसिक चञ्चलता र विनाकाममा खर्च हुनेछ।

**सिंह**
साताको धेरैजसो दिनहरू शुभ छन्। शारीरिक स्फूर्ति बढ्नेछ। गरेका कार्यहरू सफल हुँदा सुखानुभूति, हर्षविभोर हुनेछ। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। घरमा वा अन्यत्र भए पनि शुभकार्यममा सरिक भई मिष्ठान्न भोजन पाइनेछ। उपहारस्वरूप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्न सक्छ।

**कन्या**
तपाईंका लागि यो साताका दिनहरू धेरै शुभ फलदायक देखिन्छन्। हल्का प्रयासबाट नचिताएका ठूला काम बन्नेछन्। कतैबाट धन, पुरस्कार, उपहार, मिष्ठान्न भोजन प्राप्ति हुने सम्भावना छ। पारिवारिक वा साथीभाइसँग राम्रै जमघट होला। आर्थिक लाभ हुनेछ। वैदेशिक होस् वा स्वदेशमै भए पनि रोमान्टिक यात्रा हुनसक्छ। साताको अन्त्यको दिन भने स्वास्थ्यमा समस्या आउन सक्छ।

**तुला**
तपाईंका लागि साताको अधिकांश समय राम्रो फल दिनेवाला देखिन्छ। आइतबारसम्म उदरजन्य रोगको सम्भावना, दिनचर्या अस्तव्यस्त, पारिवारिक विवादको सम्भावना छ। तर त्यसपछिका दिनहरू धेरै उपलब्धिमूलक छन्। कहीँबाट आफू र आफ्नो परिवारको अनुकूल शुभ समाचार सुनिने, गरेको काम सफल हुने, आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ। आँटेको काम पूरा हुनसक्छ।

**वृश्चिक**
यो साता तपाईंका लागि मिश्रित फलदायक छ। शुरुका दिनमा खाद्यसामग्री, मिष्ठान्न भोजन, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। सोमबारदेखि निर्णय क्षमतामा ह्रास आउला। कुनै काम गरौं कि नगरौंको अवस्था आउनेछ। कुनै दिन केही आम्दानी पनि भइहाल्ला। एक दिन राम्रो भयो भने अर्को दिन नराम्रो हुने देखिन्छ। साताको अन्त्य शुक्रबार भने समयले साथ दिनेछ। मन प्रसन्न होला।

**धनु**
तपाईंका लागि यो साताको मंगलबारसम्म शुभ फलदायक छ भने बाँकी दिनहरू त्यति सन्तोषजनक देखिँदैनन्। शुरुका दिनहरूमा द्रव्यलाभ, खेलकुद, परीक्षा आदिमा सफलता हात लाग्ने, अड्किएका कामहरू पूरा हुने, समस्याको समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख हुने, मान-सम्मान, बढ्ने देखिन्छ। बुधबारबाट भने रोगको भय, काममा बाधा-व्यवधान, आर्थिक नोक्सानी, शारीरिक कष्ट होला।

**मकर**
तपाईंका लागि यो हप्ता सुख-समृद्धिदायक छ। राज्यद्वारा दिइने सुविधा प्राप्त हुने, राजनीतिक सक्रियता बढ्ने, व्यापार-व्यवसायमा यथेष्ट फाइदा हुने, शारीरिक एवम् मानसिकरूपमा स्वस्थ भइनेछ। त्यस्तै बोलेको लाग्ने, आर्थिक लाभ हुनाले व्ययभार थेग्न सहज हुने, सुख-सन्तोष हुनेछ। सबैको वाहवाही हुने देखिन्छ। तर साताको अन्त्य शुक्रबार भने केही अस्वस्थता र तनाव नहोला भन्न सकिन्न।

**कुम्भ**
तापाईंका लागि साताको शुरु शुभ फलदायक छैन। राज्य सञ्चालकको भय, मान-प्रतिष्ठामा आघात, व्यापारिक असफलता, कष्टदायक यात्राको सम्भावना छ। तर सोमबारबाट भने दिनहरू शुभ छन्। स्वस्थताको महसुस हुने, आफ्नो व्यवसायबाट पर्याप्त आम्दानी हुने, गुम्न लागेको धन हात लाग्ने सम्भावना छ। त्यस्तै रोजगारीको अवसर मिल्ने, परीक्षामा सफलता प्राप्ति होला।

**मीन**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। शुरुमा लाभ भए पनि सोमबारबाट त्यति लाभदायक देखिँदैन। आइतबारसम्म भोजनादि, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। त्यसपछिका दिनहरू के गरौं कसो गरौंको स्थितिमा बित्नेछन्। झुटा आरोप लाग्ने सम्भावना छ। बुधबार र शुक्रबार भने समयले साथ दिनेछ। त्यसैले ती दिनमा गर्नुपर्ने कार्य केही भएमा भोलि गरौंला भनेर नसाँच्नुहोला।

# नेपाल

> सीटीईभीटीमा विकृति छन्, सीटीईभीटी पछाडि फर्किनुमा कारण छ, सीटीईभीटीको इमेज बिग्रीनुमा सम्बन्धन विकृति हो, जनमानसमा इमेज राम्रो छैन, कसले, कसरी गर्ने हो सुधार्ने दायित्व हाम्रो हो, अहिलेको सीटीईभीटी व्यवस्थापनले गर्नैपर्छ। नत्र सीटीईभीटी अगाडि बढ्न सक्दैन।

# नमुना प्राविधिक शिक्षालय स्थापना गर्ने सीटीईभीटीको तयारी

पुष्कर बुढाथोकी, भक्तपुर

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी)ले ७ वटै प्रदेशमा अधिकार सम्पन्न प्रादेशिक कार्यालय स्थापना गरी कम्तीमा एउटा नमुना प्राविधिक शिक्षालय स्थापना गर्ने भएको छ।

सीटीईभीटीले आयोजना गरेको संघीय संरचनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् विषयक अन्तर्क्रिया कार्यक्रममा सदस्य सचिव पुष्परमण वाग्लेले सीटीईभीटीले प्रत्येक प्रदेशमा एउटा नमुना बहुप्राविधिक शिक्षालय स्थापना गरी परिषद्ले प्रदान गर्ने सम्पूर्ण कार्यक्रम त्यहींबाट सञ्चालन गर्ने जानकारी दिनुभयो।

सीटीईभीटीले सञ्चालन गर्ने कार्यक्रमहरूको गुणस्तर अभिवृद्धि गर्ने बताउँदै अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवहारिक र पारदर्शी बनाउनेमा जोड दिनुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा.गीताभक्त जोशीले परिवर्तित अवस्थामा सीटीईभीटीलाई कसरी समायोजन गर्ने भन्ने चुनौती रहेको बताउनुभयो। उहाँले वार्षिक ५ लाख युवा श्रम बजारमा आउने गरे पनि अहिले १ लाख १४ हजारमात्र तालिम दिन सकिएको बताउँदै विशेष गरी आधारभूत र मध्यम जनशक्ति हाम्रो आवश्यकता भएको बताउनुभयो।

अब ७ प्रदेशमा ७ वटा मोडेल पोलिटेक्निक बनाउने नीति र बजेटमा व्यवस्था रहेको बताउँदै उहाँले सातै प्रदेशमा नयाँ संस्था बनाउनेभन्दा पनि भएकालाई छनोट गरी सुधार गर्नुपर्ने बताउनुभयो। 'सीप दिनको लागि योजना निर्माण हुनुपर्ने बताउँदै उहाँले यसका लागि शिक्षा मन्त्रालय, योजना आयोग र अर्थलगायत अरू मन्त्रालयसँग सीटीईभीको नेतृत्वले लबिङ गर्नुपर्छ' -उहाँले भन्नुभयो।

सीटीईभीटीले जनमानसमा छवि सुधार्नुपर्ने बताउँदै उहाँले भन्नुभयो- 'सीटीईभीटीमा विकृति छन्, सीटीईभीटी पछाडि फर्किनुमा कारण छ, सीटीईभीटीको इमेज बिग्रीनुमा सम्बन्धन विकृति हो, जनमानसमा इमेज राम्रो छैन, कसले, कसरी गर्ने हो सुधार्ने दायित्व हाम्रो हो, अहिलेको सीटीईभीटी व्यवस्थापनले गर्नैपर्छ। नत्र सीटीईभीटी अगाडि बढ्न सक्दैन। कसैलाई आरोप लगाएको होइन, यो सबैको सम्पत्ति हो।'

प्राडा सुरेशराज शर्माले अबको समय युवा सशक्तीकरणको समय भएको बताउँदै सीटीईभीटीले क्षमता विकास र रोजगारीलाई जोड दिनुपर्ने बताउनुभयो। अहिले सीटीईभीटीसँग दाता त्यति खुसी नरहेको बताउँदै सेवा प्रवाह र परिणाममा ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो। नेपाललाई प्राविधिक जनशक्ति कति छ? पाँच वर्षमा कति चाहिन्छ? दश वर्षमा कति चाहिन्छ? त्यसको तथ्यांक खोज्नु जरुरी रहेको बताउनुभयो।

विज्ञ देवीप्रसाद दाहालले सीटीईभीटीको सीप परीक्षण एसियामै पहिलो भएको बताउँदै गुणस्तरलाई कायम गरेर छाता ऐन बनाई सीटीईभीटीले गरेको काम थप राम्रो बनाउनु पर्ने र सीटीईभीटीले प्राविधिक शिक्षाको नेतृत्व लिनुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रा.सरोज देवकोटाले पछिल्लो समय सीटीईभीटीलाई कमजोर बनाउने काम भइरहेको बताउँदै युवालाई स्वदेशमै सीप र तालिम दिनु र रोजगारी सिर्जना गर्न जरुरी रहेको बताउनुभयो।

विज्ञ गोविन्द गजुरेलले सीटीईभीटी राजनीतिक नेतामुखी हुन नहुने बताउँदै यसको ऐन परिमार्जन गरी सुधार गर्नुपर्ने र केन्द्रले गुणस्तर नियन्त्रण गर्न जरुरी रहेको औल्याउनुभयो।

प्राडा टंकनाथ शर्मालेकाम गरेर रोजगारी पाउनुपर्ने वर्गलाई सीटीईभीटीको महत्त्व रहेको बताउँदै यसको विस्तार गर्दा विपन्न वर्गलाई सोच्नुपर्ने उल्लेख गर्नुपर्ने र हुनेखाने वर्गलाई मात्र लक्षित गर्न नहुनेमा जोड दिनुभयो।

डा.दिनेशचन्द्र देवकोटाले २०४६-७४ यता उद्योग घटेका र ३५ प्रतिशत रेमिटेन्स बढेको बताउँदै सीटीईभीटी ऐन, २०४५ लाई समीक्षा गर्ने बेला आएको बताउनुभयो। अब भौतिक निर्माणमा अल्झिन नहुने र त्यो खर्चले जनशक्ति उत्पादनका कार्यक्रम चलाउन पर्ने बताउनुभयो। छरिएर रहेका संस्थामा काममा दोहोरोपन छ भन्दै आधारभूत, मध्यम र उच्चस्तरका जनशक्ति उत्पादनमा सीटीईभीटीमात्र होइन राज्य नै कमजोर भएको उल्लेख गर्नुभयो। सीपलाई उत्पादनसँग जोड्न सक्नुपर्ने बताउँदै सीटीईभीटी क्षेत्रको रिइन्जिनियरिङ गर्न जरुरी भएको बताउनुभयो।

डा.हरि प्रधान सीटीईभीटीले प्रविधिका क्षेत्रमा विदेशी मान्छे ल्याउनुपर्ने अवस्था निस्तेज पारेको बताउँदै टीआईटीआईचाहिँ सीटीईभीटीभन्दा बाहिर राख्नुपर्ने र कृषि, वन, फिसरी र जडिबुटी क्षेत्रमा जोड दिनुपर्ने बताउनुभयो।

# कृष्णमोहन–नुडुपको पन्ध्रौं श्रद्धाञ्जली सभाको आयोजना

नेपाल समाचारपत्र

काठमाडौं

सशस्त्र प्रहरी बल नेपालका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व.कृष्णमोहन श्रेष्ठको स्मृतिमा माघ १२ गते शुक्रबार श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरियो ।

कृष्णमोहन-नुडुप स्मृति प्रतिष्ठानद्वारा आयोजित 'कृष्णमोहन-नुडुप पन्ध्रौं श्रद्धाञ्जली समारोह'मा सुरक्षा निकाय तथा अन्य विभिन्न क्षेत्रका महानुभावले श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।



समारोहका प्रमुख अतिथि प्रहरी महानिरीक्षक प्रकाश अर्यालले स्मृति बाटिकामा रहेको स्व. कृष्णमोहन श्रेष्ठको प्रतिमामा पुष्पगुच्छा चढाउनुका साथै श्रद्धाञ्जली अर्पण गर्नुभयो।

उक्त श्रद्धाञ्जली समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठ, अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरू वासुदेव वली, सनतकुमार बस्नेत, किशोरकुमार लामा र शैलेन्द्रकुमार श्रेष्ठ तथा अवकाश प्राप्त प्रहरी महानिरीक्षक धुब्रबहादुर प्रधान, प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती रोशी अर्याल, सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती सरिता श्रेष्ठलगायत संघका पदाधिकारीहरू एवं नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका उच्च अधिकृत तथा कृष्णमोहन-नुडुप स्मृति प्रतिष्ठानका पदाधिकारीलगायत अन्य विभिन्न क्षेत्रका व्यक्तिले श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।

वि.सं. २०५९ साल माघ १२ गते ललितपुरको बागडोलमा प्रातभ्रमणमा रहेको अवस्थामा सशस्त्र प्रहरी महानिरीक्षक स्व.कृष्णमोहन श्रेष्ठ र उहाँकी धर्मपत्नी सशस्त्र प्रहरी परिवार महिला संघकी संस्थापक अध्यक्ष स्व.नुडुप श्रेष्ठ एवं अंगरक्षक सशस्त्र प्रहरी नायव निरीक्षक स्व. सूर्य रेग्मीले गोली प्रहारबाट वीरगति प्राप्त गर्नुभएको थियो। उहाँहरूको सम्झनामा सो प्रतिष्ठानले हरेक वर्ष श्रद्धाञ्जली समारोहको आयोजना गर्दै आएको छ।

सो श्रद्धाञ्जली समारोहलाई सम्बोधन गर्नुहुँदै प्रहरी महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी बल नेपालको व्यावसायिक छवि स्थापित गर्ने कार्यमा स्व.कृष्णमोहन श्रेष्ठको अतुलनीय योगदान रहेको चर्चा गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले कर्तव्य पालनाको क्रममा वीरगति प्राप्त गर्नुभएका संगठनका प्रथम सशस्त्र प्रहरी महानिरीक्षक स्व श्रेष्ठ, उहाँकी धर्मपत्नी स्व.श्रेष्ठ र अंगरक्षक सशस्त्र प्रहरी नायव निरीक्षक स्व. रेग्मीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै दिवंगत आत्माको चिरशान्तिको कामनासमेत गर्नुभयो।


सो प्रतिष्ठानका अध्यक्ष गोविन्द दास श्रेष्ठले चक्रपथ विस्तारका कारण श्रेष्ठ दम्पतीको हत्या भएको स्थान बागडोलमा रहेको 'कृष्णमोहन-नुडुप स्मृति उद्यान' लाई त्यस वरपर सार्ने कार्य भइरहेकोले उक्त स्थानमा गर्दै आएको श्रद्धाञ्जली कार्यक्रम यसपटक हलचोकमा गरिएको उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी बल नेपालबाट यथेष्ट सहयोग प्राप्त प्रतिष्ठानले आगामी दिनमा प्रहरी संगठनको व्यावसायिक वृद्धि एवं अन्य समसामयिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रयास गरिरहेको चर्चा गर्नुभयो।

कार्यक्रममा प्रतिष्ठानका सचिव महेश श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै स्वं श्रेष्ठको राष्ट्रप्रतिको देनलाई बिर्सन नहुनेमा जोड दिनुभयो।

सो अवसरमा कृष्णमोहन-नुडुप कार्यदक्षता पुरस्कार सशस्त्र प्रहरी सहायक निरीक्षक रविना राई र प्रहरी सहायक निरीक्षक तारादेवी दर्लामी थापालाई प्रदान गरिएको छ भने सशस्त्र प्रहरी नायव निरीक्षक भुवन घिमिरेलाई सूर्य रेग्मी अंगरक्षक पुरस्कारबाट पुरस्कृत गरिएको छ।

यसै गरी ललितपुरको बागडोलमा रहेको महेन्द्र भृकुटी माध्यमिक विद्यालयबाट गत वर्षको कक्षा ८ को परीक्षामा उकृष्ट अंक हासिल गर्ने सीमाकुमारी कुसवाह र विकल शाक्यलाई कृष्णमोहन नुडुप छात्रवृत्ति प्रदान गरिएको छ।


## हार्दिक समवेदना



जन्म १९८७/०५/१० स्वर्गारोहण २०७४/१०/०२

स्व. सानुलाल श्रेष्ठ

नेपाल वरिष्ठ नागरिक समाजद्वारा संचालित यस वृद्धाश्रम सोह्रखुट्टेमा आश्रित श्री सानुलाल श्रेष्ठको गत २०७४।१०।२ गते ८८ वर्षको उमेरमा स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेपाल वरिष्ठ नागरिक समाज
सोह्रखुट्टे, काठमाडौं


# पार्टी एकता हुन नदिन अझै पनि षड्यन्त्र : ज्ञवाली

नेपाल समाचारपत्र

भक्तपुर

नेकपा एमालेका सचिव एवम् सांसद प्रदीप ज्ञवालीले वाम गठबन्धनको सरकार बन्न नदिन र पार्टी एकता हुन नदिन अझै पनि षड्यन्त्र भइरहेको बताउनुभएको छ। आज भक्तपुरमा अनेरास्ववियु भक्तपुर जिल्ला कमिटिको १८औं सम्मेलनमा बोल्दै उहाँले षड्यन्त्रलाई चिर्दै फागुन पहिलो सातासम्म नयाँ सरकार गठन गर्न र पार्टी एकता गर्न कसैले रोक्न नसक्ने बताउनुभयो।


नयाँ सरकार गठन गर्ने ढोका वर्तमान सरकारले बन्द गर्न खोजेको आरोप लगाउँदै उहाँले सरकारले नै संविधानको गलत व्याख्या गर्दै निर्लजता प्रकट गरेको बताउनुभयो। कांग्रेसले वाम गठबन्धन फुटाउन र एमालेलाई सरकारमा जान नदिने षड्यन्त्र गरेको आरोप लगाउँदै उहाँले गलत काममा सरकार लागेको टिप्पणी गर्नुभयो।

जादाजाँदै सरकारले देशको ढुकुटी रित्याउने गरी गरेको बताउँदै उहाँले सरकारले देशको ढुकुटी रित्याउने काम गरेको आरोप लगाउनुभयो। संविधानको अपव्याख्या गरेर नयाँ सरकार निमार्ण हुन नदिएको आरोप लगाउँदै उहाँले सरकार लम्ब्याएर सरकारले अर्थतन्त्रलाई तहसनहस पार्ने कार्य गरेको आरोपसमेत उहाँले लगाउनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य महेश बस्नेतले अब बन्ने सरकारले आर्थिक उन्नतीको बाटो खोल्ने बताउँदै अबको १० वर्षमा युवालाई रोजगारीका लागि खाडी मुलुक जानुपर्ने अवस्था नआउने दाबी गर्नुभयो।

कार्यक्रममा एमालेका केन्द्रीय सदस्य सोम मिश्र, प्रदेशसभा सदस्य शशीजंग थापा, अनेरास्ववियुका भक्तपुर इन्चार्ज रजन केसी, अनेरास्ववियुका केन्द्रीय उपाध्यक्ष शैलेश लामा, सचिव समिक बडाललगायतले देशको परिवर्तनमा विद्यार्थीले पुऱ्याएको योगदानको चर्चा गर्नुभएको थियो। शनिबारसम्म चल्ने सम्मेलनमा ८४ जना प्रतिनिधिको उपस्थिति रहेको र सम्मेलनले नयाँ नेतृत्व चयन गर्ने अनेरास्ववियु भक्तपुरका संयोजक जयराम बास्तोलाले जानकारी दिनुभयो।


## हार्दिक श्रद्धाञ्जली



जन्मः २००७/०६/१०

स्वर्गारोहणः २०७४/१०/०१

स्व. बिजय सिंह मुनाल

हाम्रा प्रातः स्मरणीय पति/पिता/दाजु/मामा **बिजय सिंह मुनाल**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामी प्रती सहानुभुती सहयोग तथा समवेदना प्रकट गर्नु हुने सम्पुर्ण ईष्टमित्र साथि भाइ आफन्तजन तथा सुवेच्छुकहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

ईश्वरी के.सी. सिंह

अनिल मेहता — बृन्दा सिंह
राधा मेहता — श्याम सुकुमार
मिना सिंह खड्का — देवाशिष पालित
उत्तम राज रेग्मी — अग्रिमा रेग्मी
सिपा रेग्मी — अग्रता रेग्मी



## सिनेमा कर्नर










## अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, सुख-शान्ति, आत्मसन्तुष्टि।
**वृष** : अन्न लाभ, उत्तम भोजन, कार्य सफल, उपहार प्राप्ति।
**मिथुन** : धननाश, रोगव्याधि, अनावश्यक खर्च, वादविवाद।
**कर्कट** : विविध लाभ, प्रसन्नता, पैसा प्राप्तिको सम्भावना।
**सिंह** : कार्य सिद्धी, सुख-शान्ति, वस्तु वा सेवा प्राप्ति, निरोगिता।
**कन्या** : राज्यबाट लाभ, शुभ यात्रा, यश, मान-प्रतिष्ठा।
**तुला** : रोग, कष्ट, धनहानि स्वास्थ्य बाधा, कार्य बाधा।
**वृश्चिक** : धनलाभ, प्रेम सम्बन्धमा प्रगाढता, समस्या समाधान।
**धनु** : आर्थिक लाभ, विजय, पारिवारिक सुख-शान्ति।
**मकर** : कार्य सिद्धि, सन्तान-सुख, धन प्राप्ति।
**कुम्भ** : पाचनमा समस्या, दिनचर्या अस्तव्यस्त, अनिद्रा, दौडधुप।
**मीन** : आर्थिक लाभ, पराक्रम, उन्नति, मान-प्रतिष्ठा वृद्धि।

# नेपाल

‘यसअघि बेंसीशहर नगरपालिका- ६ को मकैडाँडामा सञ्चालित गंगामिलन माध्यामिक विद्यालयमा गरेको कार्यक्रम सकारात्मक भएको प्रतिक्रिया आएपछि हामी यो विद्यालयमा आएका हौं’ -उहाँले भन्नुभयो।

## सीमामा सकस भोग्दै दोधारावासी

**हरकसिंह धामी, कञ्चनपुर**

सीमा क्षेत्र त्यसै पनि त्यति सुरक्षित हुँदैन। सीमामा चोर तस्कर र डाँकाको बिगबिगी त छँदै छ वैधानिक संस्था भारतीय प्रहरी र भारतीय सीमा सुरक्षा बल एसएसबीको ज्यादती पनि त्यत्तिकै छ । अर्कोतिर भारतका नागरिकहरूले तिनै एसएसबी र प्रहरीको बलमा खेत नै मिचिदिन थालेपछि दोधारावासीलाई पीडाले पोलेको छ।

दोधाराका वीरबल गुरुङले आफ्नो लालपुर्जा भएको खेतमा खनजोत गर्न पाएका छैनन्। भारतीय प्रहरी आएर यो त भारतमा पर्छ तँ खेत नजोत् भनेर धक्की दिने गरेको गुनासो उनी गर्छन्। उनको खेतको नजिकै रिर्फेन्स पिलर छ तर पिलरको धेरै यताबाट भारतीय पक्षले खेत जोत्ने गरेका छन्। कहिले-कहिले त भारतीय एसएसबीले अपशब्द बोलेर गाली गलौंचसमेत गर्ने गरेको उनी सुनाउँछन्। २४ सालदेखि आफूले भोगचलन गर्दै आएको आफ्नै जमिन पराइले आएर छोड भन्दा साह्रै चित्त दुख्ने गरेको उनी सुनाउँछन्।

वीरबल गुरुङ त केबल प्रतिनिधि पात्र मात्र हुन्, यस प्रकारका समस्या भोग्ने दोधारा चादँनीका बीस हजारौ जनताको पीडा यस्तै छ। दोधाराकै अर्का बासिन्दा इन्द्र राउतले आफूहरू नभएको समय पारेर भारतले पिलर सराउने गरेको र पछि त्यतै सीमाना भन्दै सीमा मिच्ने गरेको भन्दै यस मामिलामा आफूहरू निरीह बन्नुबाहेकको विकल्प नभएको बताए। सरकारले यस प्रकारका समस्या समाधान गरी दिनुपर्ने भन्दै सीमा क्षेत्रका जनताको पीडा सरकारले नबुझ्केको गुनासो गरे। भारतको यस प्रकारको हेपाहा प्रवृतिको अन्त्यका लागिसमेत सरकारले पहल गर्नुपर्ने उनको भनाइ रहेको छ।

महाकाली नगरपालिका वडा नं.८ का वडाअध्यक्ष ओमप्रकाश रोकायले भारतले नेपालको सीमा मिचेर भारतले नेपालतर्फ पिलर हालेको र सो ठाउँमा जमिनका विषयमा विवाद भएका कारण त्यस बारेमा आफूहरूले कुरा गरेर हल गर्ने प्रयास गरिने बताउनुभएको छ। भारतसँगको समस्या अन्य ठाउँमा पनि भएको र यसलाई सरकारले उच्चस्तरबाटै समाधान गर्नुपर्ने उहाँको भनाइ रहेको छ। दोधारा चादँनी अर्थात् हालको महाकाली नगरपालिकाका कञ्जभोज, कुतियाकबर, अठार नम्बर र सुन्दर नगरमा यस प्रकारका समस्या रहेका छन्। पटक-पटक सरकारसँग यस बारेमा जानकारी गराएको भए पनि आफूहरूको सीमाको समस्याका बारेमा भने कुनै समाधान हुन नसकेको स्थानीयको गुनासो रहेको छ।

सीमा मिचिने र सीमामा जनताको खेतबारी मिचिने त छँदै छ सीमा क्षेत्रमा गस्ती गर्न आउने भारतीय सीमा सुरक्षा बल एसएसबीबाट पनि त्यत्तिकै पीडित छन्। सीमामा गस्ती गर्न आउने टोली कुतियाकबर र कञ्जभोज क्षेत्रमा हतियारसहित पटक-पटक नेपाल पसेर नेपाली जनताहरूलाई दुःख दिने गरेका छन्। भारतीय प्रहरी सीमा क्षेत्रमा पसेर आफूहरूलाई दुःख दिने गरेको स्थानीयको गुनासो रहेको छ। कञ्जभोज र कुतियाकबरमा सीमा क्षेत्रमा सबभन्दा बढी समस्या देखिएको छ। सीमामा देखिने यस प्रकारका समस्या समाधानका लागि पटक-पटक गुहार गरेको भए पनि सरकारले कुनै सुनुवाइ नगरेको स्थानीयको गुनासो रहेको छ।

विभिन्न सरकारी निकायबाट पटक-पटक अनुगमनमा आउने र आश्वासन दिने गरेको भए पनि आफूहरूको समस्या भने ज्युँका त्युँ रहेको यस क्षेत्रका स्थानीय बासिन्दाको भनाइ रहेको छ। यथासक्य चाँडो आफूहरूको समस्या समाधान गरिदिनसमेत उनीहरूले सरकारसँग माग गरेका छन् ।

## सदरमुकाम सार्ने निर्णयले आन्दोलन चर्कियो

**धनवीर दाहाल, रुकुमकोट**



वर्षौंको आन्दोलनले सदरमुकाम पाएका रुकुमकोवासी फेरि सदरमुकामकै लागि आन्दोलनमा उत्रिएका छन्। देशको कान्छो जिल्लाको मान्यता पाएको रुकुम पूर्वको सदरमुकाम अन्यत्रै सार्ने मन्त्रिपरिषद्को निर्णय गलत भएको भन्दै रुकुम पूर्वको सदरमुकाम रुकुमकोट र त्यस आसपासका सर्वसाधारण आन्दोलित भएका छन्।

बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले सिस्ने गाउँपालिका-५ र ६, रुकुमकोटमा रहेको सदरमुकाम पुथाउत्तरगंगा गाउँपालिका-१२, को गोलखाडामा सार्ने निर्णय गरेको छ। उक्त निर्णयको विरोधमा रुकुमकोटबासीले बिहीबार रातिदेखि जिल्ला प्रशासन कार्यालय घेराउ गरेका छन् भने राति मसाल जुलुस पनि निकालेका थिए। रुकुमकोटबाट जिल्ला सदरमुकाम गोलखाडा सार्न नदिन सडक अवरुद्ध गरेको स्थानीय केशवचन्द्र समालले बताउनुभयो। आन्दोलनकारीले रुकुमकोट प्रवेश र रुकुमकोटबाट बाहिरीने सबै सडक बन्द गरेका छन्। रुकुमकोटस्थित जिल्ला अदालतबाहेक सम्पूर्ण सरकारी कार्यालयमा बिहानै तालाबन्दी गरिएको छ।

आन्दोलनकारीले प्रधामन्त्री शेरबहादुर देउवाको पुत्ला दहन गरेका छन् । प्रमुख जिल्ला अधिकारी भूपेन्द्र सापकोटाले आफू सर्वसाधारणको घेराबन्दीमा परेको बताउनुभयो । २०७२ साल असोज ३ गते जारी भएको संविधानमा साविकको रुकुम जिल्लालाई दुई छुट्टाछुट्टै प्रदेशमा राखिएको थियो। गत असोज २० गतेदेखि रुकुम पूर्वले छुट्टै जिल्लाको रूपमा कामकाज गर्न थालेको थियो।

## हातमा करोड कागजमा लाख

**सिर्जना पन्त, बागलुङ**

बागलुङका मुख्य व्यापारिक केन्द्रमा घडेरी करोडौं मूल्यमा खरिद बिक्री भए पनि मालपोत कार्यालयबाट न्यूनतम मूल्यमा पास हुँदा राज्यलाई लाखौंको घाटा हुने गरेको छ। बागलुङ सदरमुकाम, बुर्तिबाङ, कुश्मिसेरा र गलकोटलगायतका विभिन्न ठाउँमा करोडौं रुपियाँमा जग्गाको किनबेच भए पनि सरकारी दररेटअनुसार कम दरमा पास हुँदा मालपोत कार्यालयलाई वर्षेनी लाखौं रकम कर घाटा भइरहेको छ।

बागलुङ बजारका मुख्य चोकमा प्रतिहात जग्गा झण्डै २० लाख रुपियाँभन्दा बढीले किनबेच भए पनि सरकारले तोकेको न्यूनतम मूल्यअनुसार जग्गा पास गर्ने गर्दा राज्यलाई वर्षेनी करोडौं घाटा हुने गरेको हो। सरकारले निर्धारण गरेको जग्गाको मूल्य कम हुनु, बैंकहरूले जग्गाको सरकारी दररेटको कार्यान्वयन नगर्दा जग्गाधनीले कर छली गरी बेचबिखन गर्ने वातावरण सिर्जना भएको सरोकारावालाहरू बताउँछन्।

सरकारले जग्गाको न्यूनतम मूल्य तोके पनि वित्तिय संस्थाहरूले सरकारी दररेटभन्दा दस गुणा ऋण दिँदा राज्यलाई ठूलो राजस्व नोक्सानी हुने गरेको छ। बैंकहरूले जग्गामा बढी रकम लगानी गर्ने, पास गर्दा सरकारी दररेटमै पास गर्ने गरेका कारण बागलुङमा जग्गा किनेर घर बनाउन सक्ने अवस्था नरहेको स्थानीय रामबहादुर जिसीले बताउनुभयो। बजारका मुख्य चोकमा तीन आनाको घडेरी खरिद गर्दा झण्डै तीन करोड पर्ने गरे पनि मालपोतबाट १५/२० लाखमा मात्र जग्गा खरिद बिक्री हुने गरेको पाइन्छ। यस्तै बैंकहरूले ऋण लगानी गर्दा सरकारी मापदण्डको दररेटलाई नमानी करोडौं रुपियाँ ऋण लगानी गरिरहेका छन्।

बागलुङस्थित ग्लोबल आईएमई बैंकका प्रमुख अर्जुन पौडेलले आफूहरूले बाहिर चलनचल्तीको मूल्य हेरेर ऋण लगानी गर्ने गरेको बताउनुभयो। जग्गा मूल्य निर्धारण समितिले वर्षेनी जग्गाको कारोबारस्थल हेरेर १५ देखि २० प्रतिशतसम्म मूल्य बढाउने गरे पनि आकासिँदो भाउलाई भने रोक्न सकेको छैन। मालपोत कार्यालय बागलुङका प्रमुख भीमसेन श्रेष्ठले एक करोडमा बिक्री भइरहेको जग्गालाई मूल्य निर्धारण गर्दा १०/१५ लाखमा पास गर्नुपर्ने बाध्यता रहेको बताउनुहुन्छ।

सरकारी निर्णयलाई कार्यान्वयन गर्नुपर्दा राज्यलाई ठूलो रकम घाटा भइरहे पनि न्यूनतम मूल्यमा पास गर्नुपर्ने बताउनुभयो। व्यापारिक केन्द्रहरूमा रहेको घरजग्गाको खरिद बिक्रीमा वित्तीय संस्थाहरू प्रत्यक्ष संलग्न हुने भएकाले सरकारी मापदण्ड वा सरकारी खरिद बिक्रीका आधारमा ऋण लगानी गर्ने वातावरण सिर्जना गर्न सके राज्यले अहिले उठाइरहेको राजस्वभन्दा १० गुणा बढी राजस्व संकलन गर्न सक्ने सरोकारवालाहरू बताउँछन्।

## बेवारिसे महिलाको उद्धार

**नेपाल समाचारपत्र**

सल्यान

मानसिक सन्तुलन गुमाएकी एक बेवारिसे महिलालाई आवश्यक संरक्षण र उपचारका लागि कोसिस नेपाल काठमाडौंमा पठाइने भएको छ। नाम र ठेगाना नखुलेकी भारतीय मुलकी देखिने आन्दाजी २७ वर्षीया एक महिलालाई उपचारका लागि काठमाडौं पठाउन लागिएको हो।

विगत केही महिनादेखि जिल्लाको शारदा नगरपालिका-३ बयलडाँडामा बस्दै आएकी ती महिलालाई कोसिस नेपालमा संरक्षण र उपचारका लागि पठाउन लागिएको महिला तथा बालबालिका कार्यालयकी प्रमुख विष्णु कुमारी आचार्यले बताउनुभयो।

कोसिस नेपालसँग समन्वय गर्दा मानसिकरूपमा समस्या भएकालाई ३ महिनासम्म निःशुल्क उपचार गर्ने र यदि सो अवधिमा स्वास्थ्यमा सुधार नआएमा र पीडितका आफन्तबारे केही जानकारी न आएमा पुनः जिल्लामा नै पुनःस्थापना गर्नुपर्ने भएको उहाँले बताउनुभयो।

लैगिक हिंसा निवारण समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी परमानन्द घिमिरेको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयमा सरोकारवालासँग बसेको बैठकले बेवारिसे अवस्थामा जिल्लामा बस्दै आएकी ती महिलालाई काठमाडौं पठाउने निर्णय गरेको हो।

तीन महिनासम्म काठमाडौंको कोसिस नेपालमा उपचार गर्दा यदि ती महिलाको पारिवारिको पहिचान हुन नसकेको खण्डमा शारदा नगरपालिकाले संरक्षण गर्ने जिम्मा लिएको छ।

जिल्लामा अलपत्र अवस्थामा बसोबास गर्दै आएकी ती महिलालाई केही दिन पहिला जिल्ला प्रहरी कार्यालय सल्यानका प्रमुख डीएसपी भरतबहादुर विकको पहलमा जिल्ला अस्पताल लगेर स्वास्थ्य चेक जाँच तथा उपचार गराइएको थियो।

उपचारपछि फेरि ती महिला जिल्ला सदरमुकाममा अलपत्र अवस्थामा बसोबास गर्दै आएको शारदा नगरपालिका-३ का वडाअध्यक्ष टोपबहादुर थापाले बताउनुभयो।

मानसिक सन्तुलन गुमाएकी ती महिलालाई जिल्लाबाट कोसिस नेपालसम्म पुऱ्याउनका लागि जिल्ला प्रहरी कार्यालयबाट एक जना र महिला तथा बालबालिका कार्यालयबाट एक जना गरी दुई जनाको साथमा पठाउने प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनुभयो।

## सबै तहमा स्वास्थ्य सुरक्षा संयोजन समिति

बैतडी, (नेस)

बैतडीका १० वटै स्थानीय तहमा स्थानीय तह स्वास्थ्य सुरक्षा संयोजन समिति गठन भएको छ। स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारीरूपमा अघि बढाउनका लागि जिल्लाका ६ वटै गाउँपालिका र ४ वटै नगरपालिकामा संयोजन समिति गठन गरिएको स्वास्थ्य बीमा बोर्ड बैतडीका प्रबन्धक जनक साउँदले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा समितिहरू गठन गरिएको छ।’

स्थानीय तह स्वास्थ्य सुरक्षा संयोजन समिति गठन गर्नुका साथै जनप्रतिनिधिहरूलाई स्वास्थ्य बीमासम्बन्धी जानकारीसमेत दिइएको प्रबन्धक साउँदले बताउनुभयो। ४४० जना जनप्रतिनिधिहरूलाई स्वास्थ्य बीमाका बारेमा जानकारी दिइएको छ। बैतडीमा २०७३ साल पुसदेखि शुरू भएको स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत ७ सय ४ घरपरिवारका ३ हजार ४ सय ४० जनाले बीमा गरेका छन्।

## राहदानी बुझ्न आग्रह

बैतडी, (नेस)

जिल्ला प्रशासन कार्यालय बैतडीले गत कात्तिक २७ गतेसम्म राहादानी फारम भरेकाहरूलाई आफ्नो राहादानी बुझेर लैजान आग्रह गरेको छ। कात्तिक २७ गतेसम्म राहदानी फारम भरेकाहरूका राहादानी जिल्ला प्रशासन कार्यालयमा आएकाले एकप्रति पासपोर्ट साइजको फोटो, सक्कली नागरिकता र स्वयं व्यक्ति उपस्थित भएर राहदानी बुझ्न आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले जानकारी दिनुभयो। राहदानी फारम बुझ्नेले राजस्व बुझाएको रसिद पनि साथमा ल्याउनुपर्ने प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिनुभयो।

## आपराधिक क्रियाकलाप न्यूनीकरण अभियानमा प्रहरी

**सरिता चलाउने, सल्यान**

जिल्लाको सुरक्षा अवस्थामा एकदमै महत्त्वपूर्ण भूमिका खेल्दै आएको जिल्ला प्रहरी कार्यालय सल्यानले बुधबारबाट आफ्नै कार्यालयअगाडि नयाँ प्रहरी चेकपोस्ट स्थापना गरेको छ। जिल्लाको शारदा नगरपालिका-३ बयलडाँडामा रहेको जिल्ला प्रहरी कार्यालयअगाडि प्रहरी चेकपोस्ट स्थापना भएको प्रहरी प्रमुख डीएसपी भरतबहादुर विकले जानकारी दिए।

सदरमुकामबाट छुट्ने सवारीसाधनको चेकजाँचका लागि पोस्ट स्थापना गरेको उनले बताए। उनले भने- ‘यो क्षेत्रमा जिल्लाबाट छुट्ने सवारीसाधन बढ्न थालेपछि चेकपोस्टको स्थापना गरेका हौं।’

सदरमुकामबाट अहिले सल्लीबजार, कालीमाटी, जयतपानी, लक्ष्मीपुर र खैराबांगलगायतका स्थानमा नियमितरूपले गाडी सञ्चालनमा आएका छन्।



प्रहरी पोस्ट स्थापनासँगै सदरमुकामबाट सो बाटो भएर विभिन्न स्थानमा जाने सवारीसाधनमा यात्रुको क्षमताको निगरानी गरिने र जिल्लाको पश्चिम क्षेत्रमा आवतजावत गर्ने सवारीसाधनमा अवैध वस्तु ओसारपसारमा समेत यसले मद्दत पुऱ्याउने विश्वास जिल्ला प्रहरीले लिएको छ।

### सार्वजनिक स्थानमा सीसी क्यामरा जडान

डीएसपी भरतबहादुर विकले जिल्लाका दुई वटा सार्वजनिक स्थानमा सीसी क्यामरा जडान गरेको र केही स्थानमा जडानको काम भइरहेको बताएका छन्। जिल्ला प्रहरी कार्यालय र शारदा नगरपालिकाको संयुक्त सहयोगबाट सीसी क्यामरा जडान गरेको विकले बताए।

‘सर्वसाधारणको अत्ति नै चाप रहने खलंगा बजार र जिल्ला अस्पताल सल्यानमा सीसी क्यामरा जडान गरेका हौं’ -उनले भने। कुनै पनि अपराधिक घटना, सार्वजनिक अपराध र चोरीका घटना न्यूनीकरणका लागि सीसी क्यामराबाटै निगरानी बढाइएको

## बालविवाहबारे सचेतना अभियान

**नेपाल समाचारपत्र**

लमजुङ

किशोरकिशोरीहरूमा लागूऔषधका साथै बालविवाहको समस्या बढ्न थालेपछि नेपाल प्रहरीले विद्यालयस्तरमा सचेतनाका कार्यक्रम शुरू गरेको छ। लागूऔषध नियन्त्रणका साथै बालविवाहबारेमा प्रहरीले विद्यालयमा पुगेर सचेतनामुलक कार्यक्रमको थालनी गरेको हो।

सो अभियानअन्तर्गतको कार्यक्रम सञ्चालन गर्नका लागि बेंसीशहर नगरपालिका-११ को चितिस्थित जनकल्याण आमाविमा आफैं पुग्नुभएका प्रहरी नायव उपरीक्षक पदमबहादुर विष्टले लागूऔषध दुर्व्यसन रोक्न र बालविवाह अन्त्य गर्न किशोरकिशोरी र बालबालिका नै सचेत रहनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो- ‘बालबालिका र अभिभावकहरूमा सचेतना पुगोस् भनेर विद्यालयमा कार्यक्रम गर्ने गरेका छौं।’

‘यसअघि बेंसीशहर नगरपालिका- ६ को मकैडाँडामा सञ्चालित गंगामिलन माध्यामिक विद्यालयमा गरेको कार्यक्रम सकारात्मक भएको प्रतिक्रिया आएपछि हामी यो विद्यालयमा आएका हौं’ -उहाँले भन्नुभयो।

प्रनाउ पदमबहादुर विष्टले लागूऔषधको सेवनले समाजमा ठूलो विकृति फैलिँदै गएको उल्लेख गर्दै नियन्त्रणका लागि प्रत्येक परिवारमा सचेतना आवश्यक रहेको बताउनुभएको छ। कार्यक्रममा उहाँले लागूऔषधको परिचय, लागूऔषध प्रयोगको असर, लागूऔषधले समाजमा पार्ने नकारात्मक प्रभाव, बालविवाह, बालविवाहले समाजमा निम्त्याउने समस्या र ऐन कानुनको बारेमा जानकारी गराउनुभएको थियो। दुर्व्यसनमुक्त समाज निमार्णका लागि लागूऔषध सेवनबाट हुने असरका विषयमा विद्यार्थीलाई सानैदेखि सचेत गराउन आवश्यक रहेको विष्टले बताउनुभयो।

स्थानीय सामाजिक अगुवा राजकुमार विष्टले सबै बाबुआमाले आफ्ना छोराछोरीलाई अनुशासन सिकाए कुनै पनि सन्तान दुर्व्यसनीमा नलाग्ने बताउनुभयो। लागूऔषधको बारेमा सचेतनाका लागि सरकारले यस विषयको पाठ्यक्रम नै लागू गर्नुपर्ने अभिभावकहरूले बताएका छन्।

'घरबाट निस्कदा मसँग जम्मा ७ सय रुपियाँ थियो।' बाटोमा हिँड्दै जाँदा धेरै समाजसेवीले आफूलाई सहयोग गरेको उनले बताए। 'धेरै सहयोगी मनले आर्थिक सहयोग पनि गर्नुभयो, दैलेख आइपुग्दा मसँग ३ हजार रुपियाँ छ' -उनले भने।

# कालिकोटमा फैलिएको भाइरल इन्फ्लुएन्जा भएको प्रमाणित

## १९ वटा विद्यालय बन्द

कालीबहादुर मल्ल, कालिकोट

यहाँ एक महिनोदेखि महामारिको रूपमा फैलिएको मौसमी ज्वरोका बिरामीहरूको ल्याब परीक्षण गर्दा भाइरल इन्फ्लुएन्जा भएको प्रमाणित भएको छ। खाँडाचक्र-४ ताडीस्थित दलित टोलका ६ जनाको घाँटीको पानी ल्याब परीक्षणका काठमाडौंस्थित राष्ट्रिय प्रयोगशालामा पठाइएकोमा सबैमा भाइरल इन्फ्लुएन्जा भेटिएको हो।

एउटै गाउँबाट ६ वटा नमुना पठाइएकोमा सबैमा भाइरल इन्फ्लुएन्जा देखिएको जिल्ला स्वास्थ्य प्रमुख डा. कौशल अलीले बताए। 'ल्याब परीक्षणमा ६ जनाकै नमुनामा भाइरल पोजेटिभ भेटियो', उनले भने- 'दुईजनामा बी पोजेटिभ र ४ जनामा ए एच थ्री पोजेटिभ पाइएको हो।' इन्फ्लुएन्जा भए पनि हाल खाडाचक्र-२ मा पूरै नियन्त्रणमा आइसकेको र ४ ताडीमा पनि ९० प्रतिशत पुराना बिरामी निको भइसकेको अलीले बताए।

'ल्याब परीक्षणका लागि घाँटीको पानी पठाइएका मध्ये ५९ वर्षीय मनसरे विकबाहेक ५ जनालाई



सञ्चो भइसकेको छ', उनले भने- 'महामारी फैलिएको ठाउँमा नियन्त्रण भइसकेको छ।'

यस्तै जिल्लाभरि फैलिएको भाइरल इन्फ्लुएन्जा नियन्त्रणमा नआएपछि प्रभावित क्षेत्रका १९ वटा विद्यालय चार दिनसम्मका लागि बन्द गरिएको प्रमुख जिल्ला अधिकारी वद्रीनाथ गैरेले बताएका छन्। उनका अनुसार जिल्लाको सान्नित्रिवेणी गाउँपालिका, खाँडाचक्र र तिलागुफा नगरपालिकाका विद्यालय बन्द गरिएका हुन्। भाइरल ज्वरो र निमोनियाबाट ६ जनाका मृत्यु भइसकेको छ भने १५ सय बिरामी परेका छन्।

# रातारात सारिँदै जिल्लास्तरका कार्यालय

रोशन पराजुली, हेटौंडा

प्रदेश नम्बर-३ को अस्थायी राजधानी हेटौंडालाई कायम गरिएपछि यहाँका जिल्लास्तरका कार्यालय स्थानान्तरण थालिएको छ। सरकारले हेटौंडामा रहेको जिल्ला समन्वय समितिको कार्यालयलाई मुख्यमन्त्रीको कार्यालय बनाउने भएपछि जिल्ला समन्वय समितिलाई घरेलु तथा साना उद्योग कार्यालयमा सारिने जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ।

सोमबार राति अबेरसम्म बसेको सरकारी कार्यालय प्रमुखको बैठकले हेटौंडामा मन्त्रालयहरू राख्ने स्थान पहिचान गर्दै जिससलाई घरेलुमा सार्ने निर्णय गरेको हो। क्षेत्रीय प्रशासक रेश्मीराज पाण्डेको संयोजकत्वमा बसेको उच्चस्तरीय सरकारी टोलीको बैठकले हेटौंडामा रहने ७ वटै मन्त्रालयको स्थान तोकेको हो।

सरकारी टोलीले हेटौंडास्थित जिल्ला शिक्षा कार्यालय, डिभिजन सहकारी कार्यालय, श्रम कार्यालयको नयाँ भवन, क्षेत्रीय स्वास्थ्य निर्देशनालय कार्यालय भवन, हेटौंडा कपडा उद्योगको कार्यालय भवन, क्षेत्रीय वन कार्यालय भवन, जिल्ला वन कार्यालय मकवानपुरको भवनमा मन्त्रालय रहने टुंगो लगाएको हो।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाले जानकारी गराएअनुसार मुख्यमन्त्रीको आवासका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग भवनलाई प्रयोग गर्ने निर्णय भएको छ। अख्तियारको कार्यालय भने आफ्नो नयाँ भवनमा सार्ने तयारी भएको छ।

हेटौंडामा आवश्यक सरकारी कार्यालय तथा क्षेत्रीयस्तरका महत्त्वपूर्ण कार्यालय रहेकाले मन्त्रालय तथा आवासका लागि घर भाडामा लिनु नपर्ने उहाँको भनाइ छ। सरकारले भवन तथा मन्त्रालय रहने स्थानबारे चाँडो जानकारी गराउन गरेको निर्देशनबमोजिम आफूहरूले निर्णय गरेको बुढाको भनाइ छ।

प्रजिअ बुढाका अनुसार प्रदेशस्तरमा कति वटा मन्त्रालय हुने भन्ने टुंगो लागेपछि थप कार्यालय व्यवस्थापन हुनेछ। प्रदेश नम्बर-३ को प्रदेश प्रमुखको कार्यालय र आवास क्षेत्रीय प्रशासन कार्यालयलाई तोकिएपछि यहाँका क्षेत्रीय प्रशासकको आवास हेटौंडा सिमेन्टको अतिथिकक्षमा तय गरिएको बताइएको छ।

अस्थायी राजधानी हेटौंडामा प्रदेश सभामुखको कार्यालय र सांसद्का लागि बैठक हल उपयुक्त देखिएको छैन। प्रदेशमा संख्याका आधारमा क्षमताभन्दा कम भवन उपलब्ध छन्।

तत्कालीन मध्यमाञ्चल शिक्षा निर्देशनालय भवनमा सभामुखको कार्यालय र संसद् बैठकको हल तोकिएको छ। त्यहाँ करिब १ सय जना क्षमताको हल छ। जसमा १३ जिल्लाका १ सय १० सांसदसँगै सुरक्षाकर्मी र सञ्चारकर्मीको उपस्थिति रहन्छ।

सांसदका लागि ६ वटामात्र शौचालय सञ्चालनमा रहेको निर्देशनालयका सूचना अधिकारी गोपालप्रसाद भण्डारीले जानकारी दिनुभयो। कार्यालय सञ्चालनका लागि पार्टेसन गरिएका कोठा १० वटामा आवास, १ तले आवास गृह र ३ कोठे अतिथिगृह रहेको उहाँले बताउनुभयो।

संसद् बैठक चल्दा सांसदसँगै कम्तीमा २ सय जनाको उपस्थिति त्यहाँ रहन्छ। तर, त्यहाँ २० वटा गाडी र १० वटा मोटरसाइकलका लागिमात्र पार्किङ सुविधा रहेको भण्डारीले बताउनुभयो।

तत्कालीन मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय (हाल प्रदेश प्रमुखको कार्यालय) मा २० कोठा, फर्निचर, कम्प्युटरदेखि आवश्यक सबै सामग्री तयारी अवस्थामा रहेको कार्यालयका सूचना अधिकारी विनयकुमार श्रीवास्तवले जानकारी दिनुभयो।

एक सभाकक्षमा ६० जना अट्ने क्षमता, प्रोजेक्टर, फर्निचर, राउन्ड टेबल, कुर्सी, शौचालय ५ वटा, करिब १ सय सवारी क्षमताको पार्किङ रहेको श्रीवास्तवले बताउनुभयो। प्रमुखका लागि आवास कार्यालय भवनको माथिल्लो तलामा आवश्यक सबै फर्निचर, टेलिफोनलगायत सामग्री उपलब्ध रहेको र भान्साको राम्रो व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो।

जिल्ला समन्वय समितिको भवन हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका लागि नयाँ भवनमा १, पुरानो भवनमा २ वटा गरी करिब २ सय जना क्षमता भएको कार्यालयका प्रवक्ता रामकृष्ण थापाले जानकारी दिनुभयो। कार्यालय सञ्चालनका लागि २६ कोठा, शौचालय १० वटा र पर्याप्त पार्किङ व्यवस्था रहेको थापाले बताउनुभयो।

# स्वास्थ्य क्षेत्रको अन्योल यथावत्

नेपाल समाचारपत्र

लमजुङ

संविधानले स्वास्थ्यलाई अधिकारका रूपमा परिभाषित गरेको तथा सोसम्बन्धी सञ्चालनको अधिकार स्थानीय तहलाई दिएको भए तापनि लमजुङमा यस क्षेत्रमा देखिएको अन्योल यथावत् रहेको छ। आर्थिक वर्षको आधा अवधि बित्न लाग्दा पनि त्यस्तो अन्योल हट्न सकेको छैन। प्याक्ट इन्टरनेसनलले स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता स्थिति विश्लेषण र राजनीतिक तथा आर्थिक विश्लेषण अध्ययनका सुझाव तथा सिफारिस सार्वजनिकीकरण कार्याशालाका अवसरमा जिल्लास्थित सरोकारवालाले त्यस्तो बताएका हुन्।

कार्यक्रमका सहभागी स्थानीय तहका प्रमुख तथा अध्यक्षहरूले स्वास्थ्य क्षेत्रमा स्पष्ट कार्यक्रम र पर्याप्त बजेट नआएको गुनासो गर्नुभयो। बेंसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले स्वास्थ्य क्षेत्रमा कार्यक्रम र बजेट नआउँदा काम गर्न निकै असहज भएको बताउनुभयो। उहाँले स्वास्थ्यको अधिकार नगरपालिकामा दिइए पनि त्यसबारे स्पष्ट कार्यक्रम र बजेट नआएको बताउनुभयो। नगरप्रमुख अर्यालले भन्नुभयो- 'नयाँ संरचनाअनुरुप जनस्वास्थ्यका कर्मचारी हामीकहाँ पठाइएको छ।' अर्यालले भन्नुभयो- 'न बजेट छ, न कार्यक्रम, यस्तो अन्योलमा कसरी काम गर्ने ?' कार्यालयहरूले कर्मचारी र उनीहरूको तलब नगरपालिकामा पठाएको तर ती कार्यालय राख्ने घर भाडा, कार्यक्रम, प्रशासनिक खर्च आदि केही नपठाएकाले नगरपालिकालाई भार थप्ने र अन्योल बढाउने काम भएको बताउनुभयो।

जिल्लाका अन्य स्थानीय तह मध्यनेपाल तथा रागिनास नगरपालिका, दूधपोखरी, दोर्दी, मर्स्याङ्दी र क्होलासोंथर गाउँपालिकाका प्रमुखहरूले पनि आफ्नोमा पनि त्यही समस्या रहेको बताउनुभयो। यस्तो अन्योल र समस्या समाधानका लागि विषयगत क्षेत्रका दक्ष र अनुभवी कर्मचारी नहुँदा नगरपालिकामार्फत् ठोस र आवश्यक योजना निर्माण र प्राथमिकीकरणमा चुनौती रहेको बताउँदै यस्तो असहज अवस्थाको सिर्जना नगर्न स्थानीय तहका प्रमुखहरूले आग्रह गरेका छन्।

जिल्ला समन्वय समितिका प्रमुख लोकराज पाण्डेले स्थानीय निकायको कानुन नबन्दा स्वाथ्य क्षेत्रमा काममा अन्योल भएको बताउनुभयो। उहाँले अब प्रदेश सरकार र संघीय सरकार निर्माण भएपछि काममा सहजता आउने बताउनुभयो। उहाँले नयाँ संरचनाअनुरूप काम गर्नुपर्ने भएकाले काम गराई र बुझाइमा धेरै कमजोरी रहेको बताउनुभयो। उहाँले स्वास्थ्य, शिक्षा, कृषि, महिला तथा बालबालिकालगायतका लक्षित क्षेत्रमा ठोस कार्यक्रम तथा योजना बनाएर अघि नबढेमा आगामी दिनमा निकै समस्या हुने बताउनुभयो।

सो अवसरमा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत केशव चापागाईंले भन्नुभयो- 'अहिलेको अवस्थामा कता-कता समन्वय र सन्तुलन नमिलेको हो कि जस्तो देखिएको छ, त्यसैले स्वास्थ्य क्षेत्रमा स्थानीय तहको कार्यप्रगति उत्साहजनक हुन सकेको छैन।' उहाँले सेवाग्राहीलाई भरपर्दो, प्रभावकारी र सन्तोषजनक स्वास्थ्य सेवा दिनुपर्नेमा औषधि खरिद, ढुवानी तथा वितरणजस्ता कार्यमा समेत सन्तुलन नमिलेको पाइने गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'प्रत्येक स्थानीयतहमा १५ शैय्याको अस्पताल सञ्चालन गर्ने योजना सरकारले राखेको छ, तर जिल्लाका ६ स्थानीय तहमा अस्पताल छैन, सञ्चालनका लागि चासो पनि देखाएको पाइँदैन, स्वास्थ्य सेवा कुनै पनि वाहनामा रोकिन हुन्न।'

कार्यक्रममा प्याट इन्टरनेसनल साहस संस्थाका टिम लिडर कपिल घिमिरेले स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता कार्यक्रमको बारेमा जानकारी दिनुका साथै स्थानीय सरकार र सामाजिक जवाफदेहिता, स्थिति विश्लेषण तथा राजनीतिक आर्थिक विश्लेषण अध्ययनका सुझाव तथा सिफारिसबारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

बेंसीशहर नगरपालिका-८ की वडाअध्यक्ष पवित्रा थापा रानाले बेंसीशहर नगरपालिकाले स्वास्थ्यसँगै विकास निर्माणलाई प्राथमिकतामा राखेर काम गरिएको बताउनुभयो।

# गाई काटेको आरोपमा दम्पती पक्राउ

लमजुङ, (नेस)

लमजुङमा गाई काटेको आरोपमा एक दम्पती पक्राउ परेका छन्। मासुजन्य प्रयोजनको लागि मर्स्याङ्दी गाउँपालिका-९ बगैंचामा गाई काट्दै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा ३३ वर्षीया दुर्गामान तामाङ र उहाँकी पत्नी २८ वर्षीया डिलमाया तामाङ भएको प्रहरीले बताएको छ। प्रहरीका अनुसार राति १० बजेको समयमा गाई काटेर मासु भाग लगाइरहेका बेला प्रहरीले उनीहरूको साथबाट बञ्चरो, चक्कु र बाल्टीसमेत बरामद गरेको जनाएको छ। घटनामा संलग्न मर्स्याङ्दी गाउँपालिका-३ का २० वर्षीय विजय तामाङ फरार रहेको प्रहरीले जनाएको छ। गाई काटेको आरोपमा उनीहरूविरुद्ध प्रहरीले गौवध मुद्दा चलाउनका लागि अनुसन्धानको लागि जिल्ला अदालतबाट १० दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# प्रदेशसभा बैठक बस्ने तयारी

सुर्खेत, (नेस)

प्रदेश नं ६ मा प्रदेशसभाको बैठक आगामी माघ २१ गते बस्ने करिब-करिब निश्चित भएको प्रदेश प्रमुख दुर्गाकेशर खनालले जानकारी दिएका छन्। संविधानको धारा १८३ मा प्रदेश प्रमुखले प्रदेशसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले २० दिनभित्र प्रदेशसभाको अधिवेशन आह्वान गर्ने व्यवस्था गरिएको छ। संविधानले गरेको व्यवस्थाअनुसार अन्तिम परिणाम घोषणा भएको मितिले २० दिनभित्र बैठक बोलाउनुपर्ने भएकाले आगामी माघ २१ गते पहिलो बैठक बोलाउने तयारी भएको प्रदेश प्रमुख खनालले जानकारी दिए।

उनले कार्यालयमा कर्मचारी नभएका कारण सूचना जारी गर्न ढिला भएको बताए, तर शुक्रबार दिउँसो सहसचिव भुवन ढुंगाना आइपुगेका र आगामी आइतबार सर्वदलीय बैठक बोलाई मिति घोषणा गरिने उनको भनाइ छ। केही दिनपहिले पनि प्रदेससभाका सदस्यलाई २२ देखि २४ गतेसम्म राष्ट्रिय सभाको चुनाव हुने हुँदा त्योभन्दा पहिले नै बैठक बोलाउने गरी छलफल गरेको प्रमुख खनालको भनाइ थियो। प्रदेश नम्बर ६ मा ४० जना सांसद रहेका छन्।

# ४२ जिल्ला हिँड्दै दैलेख आए शरद

हिक्मत नेपाली, दैलेख

नेपाल बुझ्न र मुलुकको शान्ति र समृद्धिको कामना गर्दै देशका ७७ वटै जिल्लामा पैदल यात्राका लागि निस्किएका शरद कोइराला दैलेख आइपुगेका छन्। काभ्रेको नमोबुद्ध नगरपालिका वडा नं. ५ घर भएका १८ वर्षीय शरद दैलेख आएको ४३औं जिल्ला हो। उनी मंगलबारमात्रै सुर्खेतबाट दैलेख आइपुगेका छन्। उनी हिँडेरै नेपाल घुम्ने उद्देश्यसहित दैलेखसम्म आइपुगेका छन्।

नेपालका ७७ वटै जिल्ला पैदल यात्रा घुम्ने उद्देश्यले गत भदौ २० गते घरबाट निस्किएको उनले बताए। नेपालमा बस्ने नागरिकको रहनसहन र मुलुकमा शान्तिको कामना गर्दै पैदल यात्रा गरिरहेको उनले बताए। पुस्कर शाहद्वारा लिखित किताबबाट प्रभावित भएर नेपाल घुम्न थालेको उनको भनाइ छ। कक्षा १२ मा अध्ययनरत उनले भने- 'मेरो दैनिकी कलेजदेखि घर र घरदेखि कलेजसम्ममात्र थियो, पढाइ सकिएपछि कुनै जागिरे जीवन या व्यवसायमा लाग्नुबाहेक अरू विकल्प थिएन्, धेरै सोचे अनि पैदल यात्रा शुरू गरें।'

दैलेख सदरमुकाममा गरिएको पत्रकार भेटघाट कार्यक्रममा उनले मुस्कुराउँदै भने- 'घरबाट निस्कदा मसँग जम्मा ७ सय रुपियाँ थियो।' बाटोमा हिँड्दै जाँदा धेरै समाजसेवीले आफूलाई सहयोग गरेको उनले बताए। 'धेरै सहयोगी मनले आर्थिक सहयोग पनि गर्नुभयो, दैलेख आइपुग्दा मसँग ३ हजार रुपियाँ छ' -उनले भने। शरदले एकोहोरो आफ्नो मीठो घटना सुनाए- 'लुक्ला जाँदा सोलुखुम्बुको हिमाली भेटमा हिँडिरहेको थिएँ, भोकले असाध्यै च्यापेको थियो, एक गाँस खाना माग्नलाई नजिक कुनै घर पनि थिएनन्, पानी खाँदै यात्रा अगाडि बढाइरहेको थिए, भोग मेटाउन फालेका चाउचाउका खोस्टाहरू खोज्दै हिँडेको त्यो पल सम्झन लायक छ।'


मुस्कुराउँदै उनले भने- 'बाटोमा हिँड्दै गर्दा एउटा फालेको चाउचाउको पोका भेटाएँ, चाउचाउको खोस्टाभित्र नुनको धुलो थियो, त्यही नुनको धुलोसँग पानी खाएँ, भोकले सताइरहेको बेला त्यही चाउचाउमा भएको नुनको धुलो पनि निकै स्वादिलो लाग्यो।' 'पैदल यात्रा शुरू गरेको बीचमा दशैं र तिहार आयो, म घर गइनँ' -उनले भने ।उनका आमाबुबा फरक-फरक व्यवसायमा रहेको उनी बताउँछन्। घरमा दुई दिदी र एक भाइ रहेको बताउँदै उनले घर परिवारबाट भावनात्मक सहयोग पाइरहेको बताए। नेपाल घुम्नुको मुख्य उद्देश्य एउटा किताब लेख्न चाहेको उनले बताए। नेपाललाई विश्वभरि चिनाउन एउटा यात्रा स्मरण लेख्ने प्रयासमा रहेको पनि बताए।



आफ्नो यो अभियानमा मुलुकभर छरिएर रहेका (एमआरआर) का साथीले सहयोग गरेको शरदको भनाइ छ। आफू पुगेका ४२ जिल्लाका नागरिकको फरक-फरक क्रियाकलाप र सोचाइ रहेको उनको अनुभव छ। 'कैयौं स्थानमा मलाई बास दिइयो। कैयौं स्थानमा गास', उनले भने- 'धेरै जना व्यक्तिले त मलाई पागल पनि भने।' तराईभन्दा पहाडी क्षेत्रका धेरै जसो युवा बेरोजगार रहेको उनले बताए। नेपालका ७७ वटै जिल्लाको पैदल यात्रापछि सर्वोच्च शिखर सगरमाथामा पाइला टेक्ने उनको लक्ष्य छ। बुधबार शरदले पैदल यात्रा शुरू गरेको १ सय ४०औं दिन हो।

श्री भूमिसुधार कार्यालय भ.पु.बाट कटुन्जे-१ को परिवर्तित सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने जगत बहादुर बखुन्छेको नाममा विशेष अदालत ऐन २०५९ को दफा १० (९)अनुसार जारी गरिएको हकदावी सम्बन्धी ३० दिने सार्वजनिक सूचना :-

भ.पु.जि. कटुन्जे वडा नं. १/ख कि.नं. १२२९ को क्षे.फ. ०-६-० का ज.ध. दुर्गाराज गुरुङ्ग र ऐ.कि.नं. १२२६ क्षे.फ. ०-३-२-० का ज.ध. निश्चल थापाले हामीहरुको नाममा दर्ता कायम भएको उक्त कित्ता जग्गाको साविक मोही जगत बहादुर बखुन्छे परलोक भई निजको कुनै सन्तान नभएको र जग्गा अरुले नै जोत कमोद गरी राखेकोले वेहदार मोही लगतकट्टा गरी पाउँ भनि फिराद पत्र पेश गरेकोले नियमानुसार म्याद जारी हुँदा साविक मोही जगत बहादुर बखुन्छेको परलोक भई निजको कुनै सन्तान नभएकोले भतिजा नाताका म दल बहादुर बखुन्छेले जोत कमोद गरी आएको भए तापनि कानूनी हकदार कोहि पनि नभएको हुदा कानून बमोजिम गरेमा मंजुर छ भनि मिति २०७४/५/२५ मा प्रतिउत्तर पेश गरेको र अरु कुनै कसैले दावी उजुर नगरेको यसमा साविक मोही भए स्वयंम निज परलोक भएको भएमा निजका कानूनी हबदार तथा निज पनि नभएको भए बेहकदार मोही लगत कट्टा हुनु नपर्ने कुनै कारण समेत भएमा सप्रमाण म्याद भित्र दावी उजुरी गर्न आउनु होला । अन्यथा नियमानुसार भै जाने व्यहोरा समेत सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



# विश्व



## अतिथि

भारतको ६९औं गणतन्त्र दिवसमा दक्षिण-पूर्वी एसियाली देशको समूह आसियानका सबै १० देशका राष्ट्राध्यक्ष प्रमुख अतिथिका रूपमा सहभागी हुँदै।



## अतिक्रमण दिवस

जनवरी २८ शुक्रबार अस्ट्रेलिया दिवसलाई त्यहाँका आदिवासी तथा उनका समर्थकहरू अतिक्रमण दिवसका रूपमा मनाउँदै। बेलायतीहरू सन् १७८८ मा पहिलो पटक अस्ट्रेलिया पुगेको स्मरणमा उक्त दिवस मनाउने गरिएको छ।



**विश्व २ मिनेट**

### अमेरिका

## प्यालेस्टाइनलाई ट्रम्पको चेतावनी

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्यालेस्टिनीलाई उपलब्ध गराउँदै आएको आर्थिक तथा सुरक्षा सहायता रोक्ने धम्की दिएका छन्। यदि प्यालेस्टिनी शान्ति वार्ताका लागि तयार हुँदैन भने उक्त कदम उठाउन सक्ने ट्रम्पले बताए। प्यालेस्टिनीले आफूहरूका लागि केही गर्दैन भने आफूले उनीहरूलाई आर्थिक मद्दत बन्द गर्ने उनले चेतावनी दिए। ट्रम्पले प्यालेस्टाइन र इजरायलबीच सायदै मात्र अब शान्तिवार्ता हुन सक्ने आशय व्यक्त गरे। उनले भने- 'मलाई थाहा छैन, इजरायल र प्यालेस्टाइनबीच कुनै बेला शान्तिवार्ता पनि हुनसक्छ।' अमेरिकाले राखेको शान्तिवार्ताको मध्यस्थता प्रस्तावलाई प्यालेस्टाइनले अस्वीकार गरेको छ।

### भारत

## वोइङ उडाउँदै सुल्तान

नयाँदिल्ली, (एजेन्सी)

भारतको इतिहासमा पहिलो पटक गणतन्त्र दिवसको परेडमा मुख्य अतिथिका रूपमा आसियानका १० सदस्य राष्ट्रका राष्ट्राध्यक्षसँगै ब्रुनाइका सुल्तान सहभागी भएका छन्। आसियानका दश सदस्य राष्ट्मा सबैभन्दा शीर्ष नेता मानिएका ब्रुनाइ सुल्तान हसनल बोल्कियाह आफ्नो बोइङ आफैले उडाएर भारत पुगेका हुन्। उनलाई विश्वको सबैभन्दा धनाढ्य सुल्तान मानिन्छ। फोर्ब्सले केही समयअगाडि उनको कुल सम्पत्ति २ अर्ब डलरभन्दा धेरै भएको बताइएको थियो। ७१ वर्षीय बोल्कियाह आफ्नो विलासी जीवनशैलीका लागि चर्चित हुन्। विमान उडानमा सौखिन सुल्तानले आफ्ना पाइलटका टोलीलाई ककपिटमा बस्न दिँदैनन्।

### अमेरिका

## सहयोग अस्वीकार

होनोलुलु, (एजेन्सी)

गल्तीवश ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणको सतर्कता चेतावनी दिने अमेरिकी हवाई राज्यका एक सरकारी कर्मचारीले संघीय र राज्यका अनुसन्धाकर्तालाई सहयोग गर्न अस्वीकार गरेको बिहीबार सरकारी अधिकारीहरूले जनाएका छन्। संघीय सञ्चार आयोग जन सुरक्षा तथा मातृभूमि सुरक्षा ब्युरोका अध्यक्ष लिसा फोल्क्सले उनको असहयोगको कारण सुरक्षा निकाय असन्तुष्ट भएको बताएकी छिन्। वासिङ्टनमा अमेरिकी सिनेट कमर्श कमिटीका सदस्यहरूलाई ती व्यक्तिले आफ्नो सोचमा परिवर्तन ल्याउने कुरामा आफूहरू आशावादी रहेको पनि बताएकी छिन्। उनको सो चेतावनीका कारण हवाईका जनतामा सन्त्रास फैलिएको थियो।


### इटाली

## विद्यार्थीको हत्या

रोम, (एजेन्सी)

रोमका एक वकिलले इजिप्टको स्वतन्त्र ट्रेड युनियनमाथि अनुसन्धान गरेकै कारण इटालियन स्नातकस्तरका विद्यार्थी गिउलियो रेगेनीको हत्या गरिएको शुक्रबार बताएका छन्। दुई वर्षअघि उनको अंगभंग गरिएको शव भेटिएको थियो। उक्त हत्याकाण्डको विस्तृत प्रतिवेदन सार्वजनिक गर्ने क्रममा वकिल गिउसेप्पे पिग्नाटोनले उनी बेपत्ता हुनु अघिसम्म प्रहरीको उच्च निगरानीमा रहेको बताएका छन्। तर उनले यस विषयमा कसैलाई पनि अभियोग लगाएका छैनन्। रेगेनीको हत्यामा आफूहरूको कुनै संलग्नता नरहेको दाबी गर्ने इजिप्सियन अधिकारीहरूले उनीमाथि निगरानी राखिँदै गरेको भने स्वीकार गरेका छन्।

# संग्रहालयद्वारा ह्वाइट हाउसलाई भान गगको पेन्टिङ दिन अस्वीकार



वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई न्युयोर्क गुगेनहाइम म्युजियमले भान गगको पेन्टिङ दिन अस्वीकार गरेको छ।

ट्रम्पले म्युजियमसँग ह्वाइट हाउसमा राख्नका लागि भान गगको पेन्टिङ 'ल्यान्डस्केप विद स्नो'को माग गरेका थिए। तर म्युजियमले पेन्टिङ दिन अस्वीकार गरेर त्यसको बदलामा सुनको कमोथ दिने प्रस्ताव गरेको हो।

म्युजियमले ह्वाइट हाउसलाई भान गगको पेन्टिङ दिन नसकेकोमा माफी मागेको छ। तर गुगेनहाइम म्युजियमले यसको बदलामा १८ क्यारेट सुनले बनेको ठोस ट्वाइलेट दिने विकल्प दिएको वासिङ्टन पोस्टले जनाएको छ। ह्वाइट हाउसले अहिलेसम्म संग्रहालयको प्रस्तावलाई लिएर कुनै टिप्पणी गरेको छैन।

संग्रहालयका अध्यक्ष नेन्सी स्पेकटरले गत सेप्टेम्बरमा ह्वाइट हाउसका तर्फबाट आएको अनुरोधमा उक्त जवाफ दिएको वासिङ्टन पोस्टले जनाएको छ।

उनले मेलमा लेखेकी थिइन्- 'मलाई यो सूचित गर्नुपरेकामा दुःख लागेको छ कि म्युजियमको थन्नहजर कलेक्सनको हिस्सा हो र हामी यसलाई उधारोमा दिन सक्दैनौं। विशेष अवसरमा बाहेक पेन्टिङबाहिर पठाउने गरेको छैन।'



उनले इमेलमा सन् १८८८ मा बनाइएको भान गगको पेन्टिङ सहयोगी संस्थामा मालिकको अनुमतिमा मात्र प्रदर्शन गरिने उल्लेख गरेकी थिइन्।

संग्रहालयकी अध्यक्षले इटलीका कलाकार मोरिट्जियो क्याटालानले बनाएको सुनका ट्वाइलेट ह्वाइट हाउसलाई लामो समयका लागि दिन सकिने जानकारी दिएकी थिइन्- 'यो अत्यन्त मूल्यवान् र नाजुक छ। तर हामी यसलाई राख्न र यसको रेखदेखका लागि सबै जानकारी दिन सक्छौं।'

उक्त स्वर्ण ट्वाइलेटको नाम अमेरिका राखिएको छ। अमेरिकामा यसलाई धनाढ्यले प्रयोग गर्नेहरूका लागि एक व्यंग्यका रूपमा लिने गरिएको छ।

अमेरिकामा राष्ट्रपति र उनकी पत्नीले ह्वाइट हाउसमा विभिन्न कोठा सजाउनका लागि प्रमुख कलाकृति मगाउनु सामान्य हो।

# क्लोनिङबाट दुई स्वस्थ बाँदर जन्माउन सफल

## मानव क्लोनको सम्भावना बढ्यो

बेइजिङ, (एजेन्सी)

अनुसन्धानकर्ताले पहिलो पटक 'डली' भेडा जन्माउन प्रयोग गरेको क्लोनिङ प्रविधिलाई स्वस्थ बाँदर उत्पादनमा प्रयोग गरेका छन्। विज्ञानका लागि यसले मानवमा पनि समान विधि प्रयोग गर्न सकिनेतर्फ महत्त्वपूर्ण कदम मानिएको छ।

सन् १९९६ मा डलीको जन्मेदेखि वैज्ञानिकहरूले कुकुर, बिरालो, सुंगुर, गाई र घोडालगायत करिब दुई दर्जन स्तनपायीको क्लोन गरिसकेका छन्। यस विधिबाट मानव भ्रुण पनि निर्माण गरिसकेका छन्। तर अहिलेसम्म उनीहरू बाँदर, एप्स र मानव वर्गमा यो विधिबाट शिशु विकास गर्न समर्थ भएका थिएनन्।

'प्राइमेट प्रजातिको क्लोनिङमा रहेको व्यवधान हटेको छ।' -सांघाइ स्थित चाइनिज एकेडमी अफ साइन्सका ममिङ पुले घोषणा गरे। जर्नल सेलमा प्रकाशित शोधमा उनी र उनका सहकर्मीले दुईवटा माकाक्वी सफलतापूर्वक विकास गर्न सकेको घोषणा गरेका छन्। दुई पोथी शिशु बाँदर ७ र ८ हप्ताका भइसकेको र उनीहरूको नाम जोङ जोङ र हुवा हुवा राखिएको जनाइएको छ।

यस विधिले मानव क्लानिङ सैद्धान्तिकरूपमा सम्भव हुने देखिएको पुले बताए। तर आफ्नो टोलीले त्यस्तो गर्ने कुनै मनसाय नबनाएको उनले बताए। मूलधारमा रहेका वैज्ञानिकहरूले मानव शिशु क्लोनको



विरोध गरिरहेका छन्। समाजले नैतिक सिद्धान्तका कारण यसमाथि प्रतिबन्ध लगाएको पु बताउँछन्।

उनले चिकित्सकीय अनुसन्धानका लागि धेरै संख्यामा वंशाणुगत समान बाँदर उत्पादन गर्ने उद्देश्य रहेको बताए। उनीहरू प्रयोगशालामा बनाइने अन्य जनावर मुसा वा छुचुन्द्रोभन्दा मानवसँग धेरै मिल्ने भएकाले विशेष मूल्यवान् हुने बताए।

यो प्रक्रिया अझै पनि धेरै कमजोर रहेको छ। दुईवटा शिशु बाँदरका लागि १ सय २७ अन्डाको प्रयोग भएको थियो। अहिलेसम्म यसमा एउटा बाँदरको भ्रुणको प्रयोग भएको छ। वैज्ञानिकहरू एउटा वयस्क बाँदरबाट स्वस्थ बच्चा उत्पादन गर्न असफल नै भएका छन्। तर उनीहरू यसका लागि प्रयासरत छन् र केही गर्भको नतिजाको पर्खाइमा छन्।

# 'तुर्केली फौज सिरियादेखि इराकसम्म लड्न तयार'

इस्तानबुल, (एजेन्सी)

टर्की कुर्दिस फौजविरुद्ध उत्तरी सिरियादेखि पूर्वी इराकसम्म भिड्न तयार रहेको राष्ट्रपति तायिप एर्दोगानले शुक्रबार बताएका छन्। अंकारामा एर्दोगानले आफ्नो फौजले कुर्दिस नियन्त्रित मान्विजमा पनि अघि बढ्ने र यस क्रममा अमेरिकासँग पनि मुठभेड हुने खतरा रहेको बताएका छन्।

सन् २०१६ मा कुर्दिस नेतृत्वको फौजले इस्लामिक स्टेट लाडकू समूह (आईएस) बाट छिनेको सो शहरमा अहिले अमेरिकी फौज तैनाथ रहेको छ। टर्कीले गतसाता मात्र कुर्दिस छापामारविरुद्ध आफ्नो सैनिक कारबाही अघि बढाएको थियो।

कुर्दिस पिपुल्स प्रोटेक्सन युनिटस (वाईपीजी)लाई धपाउने उद्देश्यले तुर्केली सिरियाली लडाकू समर्थितहरूको साथ लिएर तुर्केली फौजले कुर्दिस नियन्त्रणमा रहेको आफ्रिनमा हमला गरेको थियो।

टर्कीको सरकारले वाईपीजीलाई प्रतिबन्धित कुर्दिस्तान वर्कर्स पार्टी (पीकेके)कै विस्तारित समूहको रूपमा सोच्ने गरेको छ।

विगत तीन वर्षदेखि पीकेकेले दक्षिण-पूर्वी टर्कीमा कुर्दिस स्वायतत्ताका लागि लडिरहेको छ। यस अभियानको कारण अँकारा र वासिङ्टनबीचको सम्बन्ध तनावमा परेको छ। वासिङ्टनले आईएसविरुद्धको युद्धमा वाईपीजीलाई सहयोग गर्दै आइरहेको छ। तुर्केली राष्ट्रपतिले आफ्नो एके पार्टीको बैठकमा इराक सिमानासम्म कुनै पनि आतंककारी बाँकी नरहुन्जेलसम्म अपरेसन ओसलभ ब्रान्च विस्तार गर्न आफू तयार रहेको बताएका छन्।



# अस्पतालमा आगो लाग्दा ३७ जनाको मृत्यु



सोल, (एजेन्सी)

दक्षिण कोरियाको एउटा अस्पतालमा शुक्रबार आगलागी हुँदा कम्तीमा ३७ जनाको ज्यान जानुका साथै अन्य ७० जनाभन्दा बढी घाइते भएको प्रहरीले जनाएको छ। दक्षिणपूर्वी शहर मिर्याङस्थित सेजोङ अस्पतालको आपत्कालीन कक्षबाट आगो शुरू भएको बताइएको छ।

उक्त आगलागीको समय सो भवन र त्यससँग जोडिएको नर्सिङ होममा करिब २ सय बिरामी रहेका थिए। एक दशकभित्र दक्षिण कोरियामा भएको यो सबैभन्दा भयावह आगलागी हो।

घाइतेमध्ये अधिकाशंको स्थिति निकै चिन्ताजनक रहेकाले मृतकको संख्या अझै बढ्न सक्ने बताइएको छ। अग्नियन्त्रकहरूले अधिकांशको धुवाँमा निस्सासिएर मृत्यु भएको हुनुपर्ने बताएका छन्। मर्नेमा एक जना डाक्टर, एक जना नर्स र एक जना नर्सिङ एसिस्टेन्टको पनि भएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

प्रहरीले शुरूमा मर्नेको संख्या ४१ रहेको जनाएको थियो भने अस्पताल सूत्रले कम्तीमा ३७ जना मरेको पुष्टि गरेको छ। मिर्याङ राजधानी सोलदेखि करिब २ सय ७० किमि दक्षिण-पूर्वमा रहेको छ।

दैनिक अखबार जुङ आङ इल्वोका अनुसार सो अस्पतालमा लामो उचार र स्याहार आवश्यक पर्ने वृद्ध बिरामीहरू राखिने गरेको छ। ज्यान जोगाउन सफल जाङ यिओङ जाय नामक बिरामीले आफू दोस्रो तल्लामा बसिरहेका बेला नर्सहरू 'आगो लाग्यो, भागौं' भनी चिच्याउँदै आएको बताएका छन्। उनले आफू झ्याल खोलेर अग्निनियन्त्रकहरूको सिंढीबाट तल ओर्लेको बताएका छन्।

वडा नम्बर ६ बनाउँदै नेचा सल्यान गाउँपालिकामा साविकको तिङ्ला गाविसलाई समावेश गरेपछि स्थानीय बासिन्दाले १ वर्ष अघिदेखि आन्दोलन गरिरहेका थिए। आफ्नो माग पूरा भएको भन्दै तिङ्लाबासीले खुसी साटासाट गरेका छन्।



# याद अल्झाएर बिदा भए रमेश

रश्मी थापा, काठमाडौं

यादै यादमा अल्झ्यो मेरो जिन्दगानीजस्ता लोकप्रिय गीतका गायक तथा संगीतकार रमेश ताम्राकारको बिहीबार राति हृदयघाटबाट निधन भएको छ।

बिहीबार अचानक छातीमा पीडा भएपछि उनलाई बल्खुस्थित बयोधा अस्पतालमा लगिएको थियो। अस्पताल पुर्‍याउनुअघि नै उहाँको निधन भएको जानकारी चिकित्सकहरूले उहाँको परिवारलाई गराएका थिए। मधुमेहबाट पीडित ताम्राकार साँस्कृतिक संस्थानको दोस्रो महाप्रबन्धकका रूपमा समेत काम गर्नुभएको थियो। उहाँपछि मात्रै स्वरसम्राट नारायण गोपाल साँस्कृतिक संस्थानको महापबन्धक हुनुभएको थियो।

उहाँद्वारा संगीतबद्ध यादैयादमा अल्झ्यो मेरो जिन्दगानी हालसम्म पनि लोकप्रिय रहेको छ। उहाँले गायिका तारा थापासँग हीरा के हो त्यो चिन्नलाई पारखीलाई सोध पनि उत्कृष्ट गीत मानिन्छ। त्यसबोहक उहाँले ज्ञानु राणा, लोचन भट्टराईजस्ता गायिकाहरूसँग गाएका



नेपाली र नेपाल भाषाका गीतहरू पनि यादगार छन्। उहाँले ईशारा जोडिदियौ तिमीले, बाच्न जन्मेको नेपाली म ,आज मैले एउटा सपना देखे, गुन्द्रुक पकाउन पर्दैन, धेरैसँग माया, औंला औंलामा, चाग निगा स्वङुगा, होली ए मेला, वइला कन्हे वइला, वनेत्येल जिला थौं कलाया थ छें, बाँच्न जन्मेको नेपाली म, सुन्दर बिहानी आउँछ, होलिया मेला, आज र मैले, जिन्दगीको पाना, मैले आँखाको भाका बुझिन, जय नमो सीरी बुद्ध भगवान, सललल् त्रिशुलीमा जालै हानुकी, हाय रे ज्यापुनी, राजमती कुमतीजस्ता दर्जनौं लोकप्रिय नेपाली र नेवारी गीत गाउनुभएको थियो भने नेपाली र नेवारी गीतहरूमा संगीतसमेत दिनुभएको थियो। गायक ताम्राकार यसैवर्ष नातिकाजी राष्ट्रिय संगीतबाट समेत सम्मानित हुँदै हुनुहुन्थ्यो। राष्ट्रपति विद्यादेवी भण्डारीको समय अभावका कारण दुर्भग्य जिउँदै रहँदा उहाँ सम्मानित हुने अवसरबाट वञ्चित हुनुपरेको छ।

काष्ठमण्डपमा जन्मनुभएका ताम्राकारकी धर्मपत्नी काम विशेषले हाल नयाँदिल्ली तथा सगुन ताम्राकारसहित २ छोराहरू अमेरिकामा रहेकाले उहाँहरू काठमाडौं आइपुगेपछि मात्र दाहसंस्कार गरिने पारिवारिक स्रोतले जानकारी गराएको छ। करिव ६५ वर्षीय ताम्राकारको शवलाई महाराजगन्जस्थित शिक्षण अस्पतालमा राखिएको छ। छोरा सगुन भने आज शनिबार काठमाडौं आइपुग्ने भएकाले सम्भवत: उहाँको दाहसंस्कार शनिबार नै हुनेछ।

लामो समयसम्म अर्थ मन्त्रालयमा समेत सेवा गर्नुभएका गायक तथा संगीतकार ताम्राकार कलाकारलाई माया गर्ने र सहयोग गर्ने स्वभावको भएको गायिका लोचन भट्टराईले बताउनुभएको छ।

## मत बदर हुने अवस्था आउन नदिन निर्देशन

नेपाल समाचारपत्र
काठमाडौं

प्रमुख निर्वाचन आयुक्त डा. आयोधिप्रसाद यादवले माघ २४ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा मत बदर हुने अवस्था नै नआउने गरी राम्रोसँग मतदातालाई मतसङ्केत गर्न सिकाउन कर्मचारीलाई निर्देशन दिनुभएको छ।

ललितपुरको गोदावरी आयोजित 'राष्ट्रियसभा सदस्य निर्वाचन : मतदान र मतगणना' विषयक प्रशिक्षणको शुक्रबार उद्घाटन गर्दै उहाँले सो निर्देशन दिनुभएको हो। सो अवसरमा प्रमुख आयुक्त डा. यादवले एउटा मत बदर हुँदा १८ वा ४८ मतभार बदर हुने भएकाले जिल्ला-जिल्लामा गएर मतदातालाई मत संकेत गराउने तरिका सिकाउन निर्देशन दिनुभयो।

आयोगले एकै वर्षमा स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन गरी तीनवटा निर्वाचन सबैको सहयोगमा सम्पन्न गरेको बताउँदै उहाँले निर्वाचन सफल बनाउन आयोगका कर्मचारी र सुरक्षाकर्मीले पुर्‍याएको योगदानको प्रशंसा गर्नुभयो।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले शुक्रबारदेखि निर्वाचन आचारसंहिता लागू भएकाले नेपाल सरकारबाट आचारसंहिताको पूर्ण पालनमा हुने विश्वास व्यक्त गर्दै भन्नुभयो- 'निर्वाचन अवधिभर सरुवा, बढुवाका कार्य रोकिन्छन्, दीर्घकालीन प्रभाव पार्ने खालका नयाँ कार्यक्रमको थालनी गर्न रोक लगाइएको छ।'

प्रशिक्षणमा आयोगका सहसचिव एवं प्रवक्ता नवराज ढकालले प्रशिक्षणको उद्देश्यमाथि चर्चा गर्नु हुँदै स्थानीय तहका १ हजार ५ सय ६ र प्रदेश सभाका ५ सय ५० गरी २ हजार ५६ जना मतदातालाई मत सङ्केत गर्न सिकाउनुपर्ने खाँचो औंल्याउनुभयो।

हरेक मतदातालाई राम्रोसँग मत सङ्केत गर्न सिकाएर बदर मतलाई न्यून गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो। ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भएको र माघ २४ मा हुने राष्ट्रिय सभा सदस्य निर्वाचनलाई पनि सफल बनाउने दृढता व्यक्त गर्नुभयो।

प्रदेश नम्बर ३ को राष्ट्रियसभा सदस्यको निर्वाचन ललितपुरमा हुने छ। एक दिने प्रशिक्षणमा प्रदेश नम्बर ३ र ४ का क्षेत्रीय निर्वाचन अधिकारी र जिल्ला निर्वाचन अधिकारी गरी २७ जनाको सहभागिता रहेको छ।

## तिङ्लाबासीको जित

बुद्धवीर बाहिङ, सोलुखुम्बु

भर्खरै सम्पन्न तीनै तहका निर्वाचनमा 'नो भोट, नो क्यान्डिडेट' अभियान सफल पारेर चर्चामा रहेका सोलुखुम्बु तिङ्लाबासीले अन्तत: लडाईं जितेका छन्। स्थानीय तह निर्धारणको बेला अपायक पर्ने नेचा सल्यान गाउँपालिकामा पारिएपछि आन्दोलित भएका तिङ्लाबासीले विरोधस्वरुप तीनै तहका निर्वाचनमा नो भोट नो क्यान्डिडेट अभियान चलाएका थिए।

उनीहरूको माग स्वायत्त तिङला गाउँपालिका भए पनि संविधानअनुसार प्रशासनिक रहित गाउँपालिका बनाउन सकिने प्रावधान भएकाले तिङ्लाबासीको माग फेरिएको तिङला स्वायत्त गाउँपालिका संघर्ष समितिका अध्यक्ष बालकुमार कार्कीले बताए। 'संविधानमा विशेष गाउँपालिका बनाउन पाउने प्रावधान भए पनि प्रशासनिकसहितको स्वायत्त गाउँपालिका नभएकाले हामी सोलुदूधकुण्ड नगरपालिकामा गाभिनुपर्ने माग राखी निरन्तर आन्दोलन गर्दै आएका थियौं, सरकारले हामीलाई न्याय दिएको छ' संघर्ष समितिका अध्यक्ष कार्कीले भने।

यो मागमा जिल्लाका नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका नेताले समेत समर्थन जनाए पनि कांग्रेस नेता बलबहादुर केसी अनुदार बनेका कारण नेचा सल्यानमै तिङलालाई गाभिएको थियो। स्थानीय तहको निर्वाचनमा 'नो भोट, नो क्यान्डिडेट' गरेको तिङलाबासीले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पनि नो भोट गरेका थिए। यसबीचमा नेचा सल्यान गाउँपालिकाले तिङ्लालाई आफूबाट छुटिन दिने निर्णय गरेर स्थानीय विकास मन्त्रालयमा पत्र पठाएको थियो।

सोलुदूधकुण्ड नगरपालिकाले पनि तिङ्लालाई नयाँ वडाका रूपमा लिने सहमतिसहितको निर्णय गरेको थियो। मन्त्रिपरिषद्को बिहीबारको बैठकले तिङ्लालाई सोलुदूधकुण्ड नगरपालिकामा गाभ्ने निर्णय गरेको छ। सोलुदूधकुण्ड नगरपालिकामा तिङलालाई समाहित गरेको भन्ने अनौपचारिक जानकारी आएपनि औपचारिक रूपमा जानकारी जानकारी प्राप्त नभएको संघर्ष समितिका अध्यक्ष बालकुमार कार्कीले बताए।

वडा नम्बर ६ बनाउँदै नेचा सल्यान गाउँपालिकामा साविकको तिङला गाविसलाई समावेश गरेपछि स्थानीय बासिन्दाले १ वर्ष अघिदेखि आन्दोलन गरिरहेका थिए। आफ्नो माग पूरा भएको भन्दै तिङ्लाबासीले खुसी साटासाट गरेका छन्। उनीहरूले माग पूरा भएको खुसीयालीमा र्‍यालीको आयोजना गर्न लागेको समेत अध्यक्ष कार्कीले बताए।

## आठ वर्षीया बालिकाको हत्यापछि बालुवामा गाडेको स्वीकार

खोटाङ, (नेस)

बालुवामा गाडिएको अवस्थामा शब फेला परेको खोटाङका ८ वर्षीया बालिकाको हत्या सोही स्थानका युवाले गरेको स्वीकार गरेका छन्। रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेका निवासी नौमणी राईकी छोरी लुमणी राईको हत्या गरी बालुवामा गाडिएको अवस्थामा फेला परेपछि घटनामा संलग्न भएको आशंकामा पक्राउ परेका सोही स्थानका जीउधन राईले हत्या आफैंले गरेको स्वीकार गरेका हुन्। पक्राउ परेका जीउधन र मारिएकी लुमणी काका-बडाबाउका छोराछोरी हुन्।

बुधबार दिउँसो करिब १२ बजेबाट हराएकी बालिकाको खोजी गर्ने क्रममा हत्या गरेर घर नजिकैको खोलाको बगरमा गाडिएको अवस्थामा फेला पारिएपछि अनुसन्धानका लागि नियन्त्रणमा लिएको जीउधनले सोधपुछका क्रममा उक्त कुरा स्वीकार गरेको प्रहरी नायब उपरीक्षक लोकदर्शन थापाले बताउनुभयो।

के कारणले बालिकाको हत्या गरिएको हो भन्ने बारे अझै बुझ्न बाँकी रहेकाले घटनाको विस्तृत जानकारी आउन बाँकी रहेको प्रहरी नायब उपरीक्षक थापाको भनाइ छ।

स्थानीयले भने जीउधनले बालिकालाई बलात्कारपछि हत्या गरेर लुकाउनका लागि खोलाको बगरमा गाडेको हुन सक्ने अनुमान गरेका छन्। बालिका राईको शव चिम्चिमा खोलाको बगरमा गाडिएको अवस्थामा घटना भएकै रात फेला पारिएको थियो।

## मन्त्रीद्वारा सचिवको सरुवा

काठमाडौं, (नेस)

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्रनारायण देवले आफू अनुकूलको नियुक्ति र आर्थिक चलखेल गर्न बाधक बनेपछि मन्त्रिपरिषद्को निर्णय गराएर संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेलाई सरुवा गराएका छन्।

मन्त्री देवको दबाबमा बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले न्यौपानेलाई सार्वजनिक खरिद अनुगमनमा सरुवा गरेको छ भने सो कार्यालयका सचिव कृष्ण देवकोटालाई मन्त्रालयमा तानेको छ।

स्रोतका अनुसार नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक हटाउने, मन्त्रालय अन्तर्गतका विकास समिति बृहत्तर विकास समितिलागायतका ६ निकायमा पदमा आफू अनुकूल राजनीतिक नियुक्त गर्न दबाब दिँदै आएका थिए।

यस्तै नेपाल वायुसेवा निगमको रणनीतिक साझेदारका रूपमा विनाप्रतिस्पर्धामा जर्मन कम्पनी लुफ्थान्सा कम्पनीलाई ल्याउनका लागि समेत मन्त्री देवले दबाब दिरहेका थिए तर सचिव न्यौपानेले असहमति जनाउँदै आएका थिए।

मन्त्री देवले निरन्तरको गैरकानूनी निर्णय गर्न दबाब दिँदै आए पनि सचिव न्यौपानेले असहमति जनाउदै आएको र कतिपय तहमा मनमुटाव नै भएको थियो। यसरी आफ्नो दबाब र निर्णयमा सधैं बाधक बनेका न्यौपानेलाई हटाएर निर्णय गराउनका लागि सचिवको सरुवा गरेका स्रोतले बताएको छ।

## तलब नपाउँदा शिक्षक आन्दोलित

कृष्णउदास खनाल, वीरगन्ज

पर्साको कालिकामाई गाउँपालिकाले २ महिनाको तलब नपठाएको भन्दै कालिकामाई गाउँपालिकाका सम्पूर्ण विद्यालयका शिक्षक आन्दोलित भएका छन्।

गाउँपालिकाअन्तर्गतका ३ वटा माध्यमिक बिद्यालय र ६ वटा प्राथमिक विद्यालयका शिक्षकहरू तलब नपाएको भन्दै आन्दोलित भएका हुन्। सुकई साह माध्यमिक विद्यालय भेडिहारी पर्साका प्रधान्याध्यापक रामवालक चौरसिया, दिव्यकन्या माध्यमिक विद्यालय विरन्चीवर्वाका प्रधानाध्यापक रामजतन राउत कम्मकर, मुडली माध्यमिक विद्यालयका प्रधानाध्यापक महेन्द्र यादव, राजेश तिवारीलगायतका प्रधानाध्यापक तथा शिक्षकहरूले लिखित रूपमा कालिकामाई गाउँपालिकाका अध्यक्षलाई निवेदन दिएका छन्। ४ महिनाको तलबको सटा २ महिनाको तलब पठाई शिक्षकहरूको भावनामाथि अनादर गरेको भन्दै २ महिनाको तलब पठाउनुपर्ने माग गरेका छन्।

निवेदन दिएपछि छलफलका लागि बैठक बोलाइएन भने कडा आन्दोलन घोषणा गर्नेसमेत सुकई साह माध्यमिक विद्यालयका शिक्षक सोनालाल साहले बताउनुभएको छ। यसै गरी यस विषयमा कार्यकारी अधिकृत देवनाथ साहसंग कुरा गर्दा शिक्षकहरूको तलबको विषयमा गाउँपालिकाको अध्यक्षलाई नै जानकारी नरहेको र यस विषयमा अख्तियारी आए नआएको बारेमा जानकारी गरी शिक्षकहरूको तलब तुरन्त पठाउने बताएका छन्।

### अविश्वास...

तर निर्वाचन सम्पन्न भएको झन्डै २ महिना बितिसक्दासमेत एकता प्रक्रियाले गति लिन नसक्दा एमाले र माओवादी केन्द्रका नेता तथा कार्यकर्ताहरू सशंकित बनेका छन्।

एमालेका एक नेताले पार्टी एकता प्रक्रिया जति धेरै लम्बिँदै जान्छ त्यति नै धेरै अविश्वास र आशंका पनि बढ्दै जाने बताए। उनले भने- 'एकता प्रक्रिया अगाडि बढाउने जिम्मेवारी ओली र प्रचण्डकै हातमा छ, पार्टी एकता दुवै दलको अस्तित्व स्वीकार गरेर मात्र हुन्छ, दुवै दलले अडान छोडेर निर्वाचनमा जनता समक्ष गरेको प्रतिबद्धताअनुसार काम गर्नुपर्छ।' दुवै पार्टीभित्र अविश्वास र आशंका बढ्दासमेत पार्टी एकताका लागि निर्णायक मानिएका ओली र प्रचण्डबीच पद बाँडफाँडमा अझै सहमति जुटन सकेको छैन।

### कार्यान्वयन...

उहाँ भन्नुहुन्छ- 'अहिलेको अवस्था हेर्दा सायद अर्को वर्ष मात्र यो कार्यान्वयनमा आउला भन्ने देख्छु। भूकम्पपीडितलाई दिन लागिएको प्रतिपरिवार १ लाख रुपियाँ राहत हो कि नयाँ किस्ता हो अझै स्पष्ट छैन।' चुनाव जित्नैका लागि राजनीतिक दल वितरणमुखी अर्थतन्त्र कार्यान्वयनमा लागेका र यस्ता निर्णय आर्थिक एजेन्डा नभएर राजनीतिक एजेन्डा भएको पोखरेलले बताउनुभयो।

यस्तै अर्थविद् केशव आचार्यले मुलुक संघीयता कार्यान्वयनको चरणमा रहेकाले तत्कालको प्राथमिकता सामाजिक सुरक्षाभत्ता नभई संघीयता कसरी कार्यान्वयन गर्ने भन्ने रहेको बताउनुभयो। 'घाँटी हेरेर हाड निल्नु र खुट्टा हेरेर जुत्ता किन्नु भन्ने उखान नै छ। तर, आवश्यकता र सामर्थ्य नहेरी गैरजिम्मेवार ढंगले निर्णय गरिनु अहिले राज्यको ढुकुटीमा समस्या निम्ताउनु मात्र नभई दीर्घकालीन रूपमा आर्थिक बोझ पनि हो' -आचार्यले नेपाल समाचारपत्रसँग भन्नुभयो। संघीयता कार्यान्वयन गर्न ३ वर्षमा ११ खर्ब रुपियाँ आवश्यक संरचना निर्माणका लागि आवश्यक रहेको अर्थ मन्त्रालयले बताउँदै आएको छ। तर, संघीयता कार्यान्वयनका लागि विदेशी सहयोग माग्ने अवस्थामा राज्यलाई सामाजिक सुरक्षा भत्तामार्फत् थप आर्थिक भार थप्नु गैरजिम्मेवारपूर्ण निर्णय रहेको आचार्यको भनाइ छ।

सरकारले वित्तीय व्यवस्थापनको बारेमा राम्रो जानकारी नै नराखी उक्त निर्णय गरेको राष्ट्र बैंकका एक अधिकारीको भनाइ छ। 'बिना कुनै छलफल र समन्वय ल्याएको यस्तो कार्यक्रम सफल नहुने सम्भावना देखिन्छ। बजेटमा समावेश भएपछि मात्र सरकारको कार्यक्रम कार्यान्वयनमा आउने भए पनि अहिले अनौठो अवस्था देखिएको छ' -राष्ट्र बैंक स्रोतको भनाइ छ। आगामी सरकारले कामचलाउ सरकारको निर्णयबारे कार्यान्वयनमै आशंका जनाइरहेको अवस्थामा यसको तत्काल कार्यान्वयन असम्भव रहेको केन्द्रीय बैंकका ती अधिकारीको भनाइ देखिन्छ। सरकारको यस्तो निर्णयले राज्यको ढुकुटीमा व्यायभार थोपरिने तथा यसको व्यवस्थापन आगामी सरकारका लागि ठूलो चुनौती देखिन्छ। हाल राज्यको ढुकुटीमा ३ खर्ब रुपियाँ जति मात्र मौज्दात रहेको छ। पूरक बजेटसमेत नआएको अवस्थामा सामाजिक सुरक्षा भत्ता तत्काल कार्यान्वयनमा नआउने निश्चित प्राय: देखिन्छ।

त्यसो त वर्षैपिच्छेजस्तो परिवर्तन भइरहने सरकारबीच राज्य ढुकुटी वितरणको प्रतिस्पर्धा चलेको देखिएको छ। यो दीर्घकालीन अर्थतन्त्रमा सकारात्मक सन्देश भने होइन। एमालेले नै शुरू गरेको वितरणमुखी अर्थतन्त्रको प्रणाली नेपाली कांग्रेसले निरन्तरता दिएको जानकारहरू बताउँछन्। उनीहरूले यही एजेन्डाले चुनाव जित्दा यसको विरोधमा उत्रिएको नेपाली कांग्रेसका कार्यकर्ता भने केही खुसी होलान् भन्ने अर्का थरी बताउँछन्।

### पाइप बिच्छ्याउन...

त्यस्तै भक्तपुरको कटुन्जेबाहेक निर्देशनालयले महांकाल चौर, बाँसबारी, पानीपोखरी, खुमलटार, बालाजु, टिगनी, कीर्तिपुर र आरुबारीमा ट्यांकी बनाउने काम अन्तिम चरणमा पुगेको जनाएको छ। मेलम्चीबाट शुरुङमार्ग हुँदै काठमाडौंमा पानी ल्याउन अन्तिम तयारी भइरहँदा खानेपानी वितरण सञ्जालको पनि काम तीव्र गतिमा भइरहेको निर्देशनालयले जनाएको छ। त्यस्तै ढल प्रशोधन केन्द्र बनाउने कार्य पनि भइरहेको निर्देशनालयले जनाएको छ। ढल प्रशोधन केन्द्र गन्ध नआउने वातावरण मैत्री हुने दाबी गरेको छ।

### हाइकिङ...

विद्यार्थी बेपत्ता भएपछि प्रिन्सिपल ओलीलाई सातदोबाटो प्रहरी वृत्तले नियन्त्रणमा लिइ हिरासतमा राखेको छ। हराएका विद्यार्थी खोज्न प्रहरीले आज शनिबार कुकुरको सहयोग लिने भएको छ।

### गोर्खाल्यान्ड नेता...

उनको खोजीमा रहेको भारतीय प्रहरीले नेपालस्थित आफ्नो दूतावासलाई प्रयोग गरेर थुलुङको बारेमा जानकारी दिएपछि नेपाल प्रहरीको विशष ब्युरोले पक्राउ गरेर गुपचुपरूपमा भारतीय प्रहरीको जिम्मा लगाएको आशंका गरिएको छ। यस विषयमा नेपाल प्रहरीका प्रवक्ता मनोज नेउपानेसँग सम्पर्क राख्दा उहाँले थुलुङ पक्राउ परेको वा अपरहणमा परेको बारे नेपाल प्रहरीलाई कुनै जानकारी नै नभएको जानकारी दिनुभयो।

थुलुङ परिवारले उनी अपहरणमा परेको भन्दै प्रहरीमा उजुरी दिएको भए पनि प्रहरीले अहिलेसम्म थुलुङको बारेमा के भएको भन्ने जानकारी परिवारलाई समेत दिएको छैन।

**खप्तडछान्ना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**छान्ना बझाङ**
**७ न. प्रदेश नेपाल**

IT Officer भर्ना सम्बन्धी खप्तड छान्ना गाउँपालिको सूचना

प्रथमपटक प्रकाशित मिति २०७४/१०/०९

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामाजिक विकास कार्यक्रमअन्तर्गत सूचना प्रविधि अधिकृत (IT Officer) करारमा नियुक्ति गर्नुपर्ने भएकाले इच्छुक उम्मेदवारले सूचना प्रकाशित भएको १५ दिनभित्रमा गाउँ कार्यपालिकाको कार्यालयमा रीतपूर्वक दरखास्त दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

**१. आवश्यक पद संख्या - १**
**२. शैक्षिक योग्यता :** लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृतको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर वा Information and Communication Technologies वा सो सहरको विषयमध्ये कुनै १ विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSC.IT, CSIT ) को उपाधि हासिल गरेको र २१ वर्ष पूरा भई ३५ वर्ष नकटेको हुनुपर्ने ।
**३. संलग्न राख्नुपर्ने कागजातहरु :** व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्रको पतिलिपि शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्र ।
**४. आवेदन दिने तरिका :** खप्तड छान्ना गाउँपालिकाको कार्यालयमा स्वयम् उपस्थित भई आवेदन दिने ।
**५. आवेदन शुल्क रु ३००० मात्र ।**
**६. उम्मेदवार छनोटका आधारहरु देहायबमोजिम हुनेछन् ।**

| सूकचहरु | पूर्णाङ्क |
|---|---|
| क) शैक्षिक योग्यता | ३० |
| ख) कार्य अनुभव (सूचनाअनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| ग) उम्मेदवारको स्थायी ठेगाना | २० |
| घ) २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunter jf Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतका रुपमा कार्य गरेको । | १० |
| जम्मा | १०० |

**७. तलब स्केल :** मासिक रु ४७५०० (४०,००० तलब ७५०० भत्ता)
**८. करार अवधि** : २०७५ असार मसान्तसम्म
**९. सम्पर्क नम्बर :** ९७४९१२५८६५, ९७४९०२३०८०

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
सिंचाइ मन्त्रालय
**जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग**
**जल उत्पन्न प्रकोप ब्यवस्थापन डिभिजन कार्यालय नं. २०**
**नेपालगंज, बाँके**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७४/१०/१३**

यस जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.२०, बाँकेबाट जनताको तटबन्ध कार्यकम तथा बाढि पहिरो पुन: निर्माण विशेष कार्यकम अन्तर्गत **बबई नदी नियन्त्रण** कार्य Contract No. WIDMD20/BRT/01/2074-075 देखि Contract No. WIDMD20/BRT/03/2074-075 सम्मको लागि **"नेपाल समाचार पत्र"** राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७४/०७/१९ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतीको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को उपदफा २ र ३ को प्रयोजनार्थ सोही ऐनको दफा २७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का.नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कामको विवरण | कबोल अङ्क रु (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | WIDMD20/BRT/01/2074-075 | Kalika/Gajurmukhi JV, , Baneshwor-10, Kathmandu | Construction of Spurs , Sloping Revetment and Earthen Embankment at Panditpur to Jabighatt, Bardiya | 75,04,55,050.25 |
| 2 | WIDMD20/BRT/02/2074-075 | Nagarjun Construction Company Pvt. Ltd, Balaju, Kathmandu | Construction of Spurs , Sloping Revetment and Earthen Embankment at D/S of Jabdighat Bridge, Bardiya | 3,58,23,934.57 |
| 3 | WIDMD20/BRT/03/2074-075 | Nagarjun Construction Company Pvt. Ltd, Balaju, Kathmandu | Construction of Spurs , Sloping Revetment and Earthen Embankment at D/S of Jabdighat Bridge, Bardiya | 2,88,33,860.18 |

**डिभिजन प्रमुख**



# अर्थ

नेपाल र भारतबीचको दुई देशीय सम्झौताअनुसार वीरगञ्ज नाकाबाट भित्रिने पाइपलाइन निर्माणमा प्रयोग हुने सामानमा भन्सार शुल्क नलिनका लागि अर्थ मन्त्रालय र भन्सार विभागले आपसी समन्वय गरेकाले भन्सार नलिईकन चेकजाँच मात्रै गरेर पठाइएको सूचना अधिकारी यादवले बताउनुभयो।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

ललितपुर निर्माण सामाग्री व्यापार संघ
ललितपुर, नेपाल, फोन: ५५२१९८७
सुचना ! सुचना !! सुचना !!!
यस संघले २०७४/०९/१० गते नेपाल समाचार पत्रमा विशेष साधारण सभा बोलाएको उल्लेख हुनु पर्नेमा भुलबस विशेष अधिबेशन भएकोमा क्षमा याचना सहित मिति २०७४/१०/२० गते शनिबारका दिन बिशेष साधारण सभा हुने भएकोले सबै सदस्यहरुको उपस्थित हुन हार्दिक अनुरोध गर्दछौ। यदि सुचना नपुगेको खण्डमा यसै सुचनालाई आधार मानेर पाल्नु हुन बिनम्र अनुरोध गर्दछौ।
**नोट : बिशेष साधारण सभा हुने स्थान र समय निम्न अनुसार छ।**
**मिति : २०७४/१०/२० गते शनिबार**
**समय : ११:०० बजे**
**स्थान : बालकुमारी मन्दिर परिसर, ललितपुर**

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ माघ १३, जनवरी २७, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।३८ | १०१।९८ |
| युरो १ को रू. | १२६।३७ | १२७।१२ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।४६ | १४५।३२ |
| स्विस फ्रन्क १ को रू. | १०८।५८ | १०९।२३ |
| अस्ट्रलियन डलर १ को रू. | ८२।०३ | ८२।५२ |
| क्यानाडियन डलर १ को रू. | ८२।३७ | ८२।८६ |
| सिङ्गापुर डलर १ को रू. | ७७।६१ | ७८।०७ |
| जापानी यन १० को रू. | ९।२९ | ९।३५ |
| चिनियाँ युआन १ को रू. | १६।०४ | १६।१४ |
| साउदी अरब रियाल १ को रू. | २७।०३ | २७।१९ |
| कतारी रियाल १ को रू. | २७।८४ | २८।०१ |
| थाई भाट १ को रू. | ३।२३ | ३।२५ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।६० | २७।७७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।१९ | २६।३५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५३ | ९।५८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।८८ |
| डेनिस क्रानर १ का रू. | १६।९८ |
| हङकङ डलर १ का रू. | १२।९७ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।



राजधानीको इन्द्रचोकमा पोते खरिद गर्दै महिला।
तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# फेरि अदुवा निर्यातमा अवरोध

गणेश घिमिरे, इलाम

भारतले विभिन्न बहाना बनाएर फेरि नेपाली अदुवा निकासीमा रोक लगाएको छ। विभिन्न बहानामा पटक-पटक निकासीमा रोक लगाउन थालेपछि कृषक तथा व्यपारी दुवै मारमा परेका छन्।

भारतले नेपाली अदुवा सफा नगरी आएको भन्दै निकासीमा रोक लगाएपछि पाँच/छ दिनदेखि निर्यात ठप्प भएको इलामका अदुवा व्यवसायीले बताएका छन्। देशभरको अदुवा अहिले काँकरभिट्टा नाकाबाट मात्र भारत जाने गरेको छ। भारतले यसअघि विषादी प्रयोग भएको, चीनको अदुवा नेपाल हुँदै भारत पुऱ्याउने गरेको भन्दै निकासीमा रोक लगाएको थियो। तर, यसपटक अदुवा सफा नगरी आएको ल्याएको भन्दै नेपाली अदुवामा भारतले रोक लगाएको हो।

नेपाली अदुवाको व्यापारमा ब्रेक लगाउने प्रयासस्वरूप पछिल्लोपटक भारतले अवरोध गरेको इलामका अदुवा व्यवसायी कृष्ण पौडेलले बताउनुभयो। काँकरभिट्टा र वीरगन्ज नाकाबाट चिनियाँ अदुवा भित्रिने-जाने गरेको आरोप भारतीय पक्षको थियो। अहिले आरोप फेरिए पनि समस्या उस्तै रहेको पौडेल बताउनुहुन्छ। सूर्योदय नगरपालिका फिक्कलका अदुवा व्यापारी नारद धितालका अनुसार बीउ अदुवा प्रतिकिलो २५ रुपियाँ र भारत जाने अदुवा प्रतिकिलो औसत १५ रुपियाँमा कारोबार भइरहेको छ। अहिले बारीमै अदुवा थुप्रिएको उहाँको भनाइ छ।

भारतले नेपाली अदुवामा रोक लगाएपछि इलामका व्यापारीले अदुवा खरिद गर्नै छाडिसकेको माईजोगमाई गाउँपालिकास्थित नाम्सालिङका कृषक गणेश

> यसअघि विषादी प्रयोग भएको, चीनको अदुवा नेपाल हुँदै भारत पुऱ्याउने गरेको भन्दै निकासीमा रोक लगाएको थियो। तर, यसपटक अदुवा सफा नगरी आएको ल्याएको भन्दै नेपाली अदुवामा भारतले रोक लगाएको हो।

अधिकारीले बताउनुभयो। बजार छैन भन्दै व्यापारीहरू गाउँमा अदुवा किन्न जान छोडिसकेका छन्। अदुवा बिक्री नै नभएपछि आउँदो वर्ष रोप्ने-नरोप्ने अन्योलमा कृषकहरू पर्न थालेका छन्।

अदुवा उत्पादकदेखि व्यवसायीसम्मले गुणस्तरमा ध्यान नदिएकाले पनि समस्या आएको कतिपय कृषकहरू पनि स्वीकार्छन्। व्यपारीहरूका अनुसार मापदण्डअनुसार बोक्रा फालेको वा नफालेको सुकेका विभिन्न आकारको अदुवाको गानो, चिस्यान १२ प्रतिशतभन्दा कम भएको, बाह्य पदार्थ २ प्रतिशतभन्दा कम भएको, सुगन्धित तेल एक प्रतिशतभन्दा बढी भएको, क्याल्सियम अक्साइड ४ प्रतिशतभन्दा कम भएको र कुनै रङको प्रयोग नभएको अदुवा निर्यातयोग्य हुन्छ। मापदण्डअनुसार नहुँदा नेपालबाट भारत पुऱ्याउने अदुवाको कानुनी हैसियतसमेत नबनेकाले समस्या पर्ने गरेको नेपाल अदुवा उत्पादक तथा व्यवसायी संघका केन्द्रीय अध्यक्ष नरेन्द्र खड्काको भनाइ छ।

इलाम-पाँचथरमा उत्पादक अदुवा व्यपारीमार्फत् झापाको धुलाबारी हुँदै भारत निकासी हुने गरेको छ। अदुवा बिक्री नहुँदा इलामका १२ हजार नौ ३२ परिवार किसान प्रभावित भएका छन्। यो वर्ष फेरि इलाममा अदुवाको उत्पादनसमेत बढेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। जिल्लामा सरदर तीनहजार २ सय ३३ हेक्टरमा अदुवा खेती भएर ४५ हजार नौ सय ९४ टन वार्षिक उत्पादन हुने गरेको छ। नेपालमा इलामसहित २६ जिल्लामा अदुवा खेती हुँदै आएको छ। यहाँको उत्पादन ९४ प्रतिशत भारत निर्यात हुने गरेको छ। अन्य सुठोका रूपमा अन्य देशमा जाने गरेको छ।

भारतले नेपालको अदुवा खरिदका लागि मेची एक्सपोर्टलाई मात्र अनुमति दिएको छ। अन्य कम्पनीलाई अदुवा खरिदको अधिकार नदिएकाले मेची एक्सपोर्टले विभिन्न बहानामा अदुवा खरिद रोक्ने गरेको छ। नेपाली अदुवा निकासिमा भारतले पटक-पटक अवरोध सिर्जना गरे पनि अदुवा निर्यात समस्या सुल्झाउन नेपाल असफल बनिरहेको छ।

# नेसनल ट्रेडिङ खारेज गर्ने तयारी

काठमाडौं, (नेस)

सरकारले लामो समयसम्म घाटामा सञ्चालित नेसनल ट्रेडिङका खारेज गर्ने तयारीमा रहेको छ। कम्पनीका सबै कर्मचारीलाई 'पे अफ' गरी अवकास दिई कार्यविहीनको अवस्थामा रहेको उक्त संस्थालाई खारेज गर्न अर्थ मन्त्रालयको निजीकरण समितिले सुझाव दिएको छ।

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको अध्यक्षतामा रहेको निजीकरण समितिको ८९औं बैठकले नेसनल ट्रेडिङलाई खारेजीका लागि निर्णय गरेको हो। निजीकरण समितिले नेसनल ट्रेडिङको सम्पत्ति तथा दायित्व एकिन गरी उचित व्यवस्थापन तथा हिसाब किताब फरफारक गर्ने समेत प्रयोजनका लागि आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक समिति गठन गर्ने जनाएको छ। उक्त समितिमा अर्थ मन्त्रालयको समेत प्रतिनिधि रहने छन् भने ६ महिनाभित्र व्यवस्थापनका सबै कार्य सम्पन्न गरिसक्नुपर्ने निर्णय भएको हो।

आपूर्ति मन्त्रालयका सहसचिव मुकुन्द पौड्यालले निजीकरण समितिले ट्रेडिङ खारेजका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने निर्णय गरे पनि सरकारले उक्त निर्णय कार्यान्वयन गर्ने विषय भने आचारसंहिताका कारण टरेको बताउनुभयो। समितिले खारेजीको निर्णय गरे पनि ट्रेडिङको भविष्य निर्धारण गर्ने अन्तिम अधिकार भने मन्त्रिपरिषद्मा रहनेछ। अर्थ मन्त्रालय संस्थान समन्वय महाशाखा प्रमुख गणेशप्रसाद पाण्डेयले असफल संस्थाको छवि बनाएको ट्रेडिङमा हाल पर्याप्त कर्मचारीसमेत नरहेकाले एकैपटक ठूलो जिम्मेवारी दिन नसकिने निर्णय गरिएको बताउनुभयो। यसअघि संस्थाको मूल्याङ्कन र हाल कर्मचारी पनि नरहेको अवस्थामा कुनै जिम्मेवारी दिन नसकिने उहाँको भनाइ छ।

कामविहीन बनेको संस्थानलाई कार्य जिम्मेवारी तोक्न गठन गरिएको समितिले ट्रेडिङमार्फत चीनबाट इन्धन आयात गर्न सकिने, व्यापार प्रवर्द्धन संस्थाका रूपमा स्थापना गर्न सकिने, कालोपत्रे उत्पादन गर्न लगाउने लगायत ४ वटा सुझाव आपूर्ति मन्त्रालय प्रतिवेदन बुझाएको थियो। सोही प्रतिवेदन बमोजिम आपूर्ति मन्त्रालयले असोज महिनामा ट्रेडिङलाई चीनबाट इन्धन आपूर्तिको जिम्मेवारी दिन अन्तिम सहमतिका लागि फाइल मन्त्रिपरिषद्मा पठाए पनि मन्त्रिपरिषद्ले अर्थ मन्त्रालयको सहमति मागेको सहसचिव पौड्यालको भनाइ छ। मन्त्रिपरिषद्को निर्णय बमोजिम कार्तिक १२ गतेको सचिवस्तरीय बैठकले सैद्धान्तिक सहमतिका लागि अर्थ मन्त्रालयलाई पत्र पठाउने निर्णय गरेको थियो। तर, उल्लेखित कुनै पनि काम गर्नका लागि ट्रेडिङ सक्षम नरहेको निजीकरण समितिले निश्कर्ष निकालेको हो।

# पेट्रोलियम पाइपलाइनका पाइप भित्रिन थाले

वीरगन्ज, (नेस)

पेट्रोलियम पदार्थको आपूर्तिका लागि प्रस्तावित पाइपलाई निर्माणको लागि परियोजनाको भण्डारस्थल वीरगन्जमा पाइप भित्रिन थालेको छ।

नेपालका लागि इन्धन आपूर्ति गर्न निर्माण गर्न लागिएको अमलेखगन्ज-रक्सौल-मोतीहारी इन्धन पाइपलाइनका लागि पाइप आउन थालेको हो। छिमेकी देश भारत महाराष्ट्रको मुम्बईस्थित पाइप उद्योगबाट पाइप लोड भएर आएको १० वटा लरी वीरगन्ज भन्सार कार्यालयबाट पहिलो लटमा भित्रिएको छ। एउटा लरीले ३२ देखि ३५ वटासम्म कालो स्टिल पाइप बोकेर वीरगन्ज चिनी कारखाना आवास क्षेत्रभित्र बनाइएको परियोजनाको सामग्री भण्डारण गर्ने गोदाममा आईपुगेको छ।

पहिलो लटमा २ हजार ७ सय २४.२३ मिटर पाइप जाँचपास भएर आएको हो। ४ अर्ब २० करोड रुपियाँ लागतको यो परियोजनामा भारतले ३ अर्ब २० करोड रुपियाँ लगानी गर्ने सम्झौता भएको छ। हालसम्म झण्डै दुई करोड बराबरको पाइपको जाँचपास गरिएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष यादवले जानकारी दिनुभयो। पाइपलाइन निर्माणका लागि आउने पाइपको भन्सार नलिन पत्राचार भएकाले त्यसअनुसार जाँचपास गरेर पाइप नेपाल भित्रिन दिएको सूचना अधिकारी यादवले बताउनुभयो।

# लक्ष्यभन्दा कम भन्सार असुली

यमलाल भुसाल, बुटवल

मुलुककै दोस्रो ठूलो भन्सार नाकाको रूपमा रहेको भैरहवा भन्सार कार्यालयले आर्थिक वर्षको छ महिनामा लक्ष्य अनुसारको राजस्व संकलन गर्न असफल देखिएको छ। भन्सार कार्यालयले आवको पुस मसन्तसम्ममा कुल ३७ अर्ब ४९ करोड १२ लाख रुपियाँको लक्ष्य लिएकोमा ३३ अर्ब ४ करोड ९९ लाख रुपियाँ राजस्व असुली गरेको भैरहवा भन्सार कार्यालयका प्रमुख भुपालराज शाक्यले बताउनुभयो।

विगत वर्षमा भन्दा यस आर्थिक वर्षमा सवारी साधन आयातमा कमी आयात भएकाले राजस्व असुली मिट हुन नसकेको कार्यालयले जनाएको छ। गत आवमा यस नाकावाट छ महिनाको अवधिमा ६ हजार ७ सय १४ जिप कार र भ्यान आयात भएकोमा यसवर्षको सोही अवधिमा केवल ३ हजार ५ सय ७७ वटा मात्र आयात भएको भन्सार कार्यालयले जनाएको छ। जिप कार भ्यान कमी आउदा ५ अर्ब ४६ करोड ४९ लाख रुपियाँ राजस्वमा कमी भएको कार्यालयले जनाएको छ।

चालू आर्थिक वर्ष २०७४/७५ को असोज महिना बाहेक अन्य ५ महिनामा कार्यालयले लक्ष्य अनुसारको राजस्व संकलन गर्न नसक्दा वार्षिक राजस्व संकलनको लक्ष्य प्रभावित भएको हो। कार्यालयबाट प्राप्त तथ्यांक अनुसार चालू आर्थिक वर्षको साउन महिनामा ५ अर्ब ७० करोड ६ लाख रुपियाँ राजस्व संकलन गर्ने लक्ष्य रहे पनि कार्यालयले ५ अर्ब २१ करोड ११ लाख रुपियाँ मात्र राजस्व संकलन गरेको छ। त्यस्तै भदौ महिनामा ६ अर्ब ५१ करोड ५० लाख रुपियाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा ६ अर्ब १४ करोड ५६ लाख रुपियाँ, असोज महिनामा ५ अर्ब ७० करोड ६ लाख रुपियाँ लक्ष्य रहेकोमा ६ अर्ब ४३ करोड २१ लाख रुपियाँ राजस्व संकलन भएको छ।

यस्तै कार्तिक महिनामा ६ अर्ब ५१ करोड ५० लाख रुपियाँ लक्ष्य रहेकोमा ५ अर्ब ३० करोड ६२ लाख रुपियाँ र मंसिर महिनामा पनि ६ अर्ब ५१ करोड ५० लाख रुपियाँ राजस्व संकलन गर्ने लक्ष्य रहे पनि ४ अर्ब ९७ करोड २८ लाख रुपियाँ मात्र राजस्व संकलन भएको छ। कार्यालयले पुस महिनामा ६ अर्ब ५१ करोड ५० लाख लक्ष्य रहेकोमा जम्मा ४ अर्ब ९८ करोड २१ लाख रुपियाँ असुली गरेको छ। भैरहवा नाकाबाट सिमेन्टको कच्चा पदार्थ क्लिंकर, जिप कार र भ्यान लगायतको आयतमा कमी हुँदा लक्ष्य अनुसारको राजस्व संकलनमा प्रभाव परेको भन्सार प्रमुख शाक्यले बताउनुभयो।

त्यस्तै गत आर्थिक वर्षमा मधेस आन्दोलनको कारण वीरगन्जबाट पैठारी गर्ने अधिकांश पैठारीकर्ताहरू भैरहवा भन्सारमा आई कारोबार गरेकोमा हाल उक्त पैठारीकर्ताहरू पुन: वीरगन्ज नाकामा फिर्ता भएको कारण चालू आर्थिक वर्षमा राजस्व संकलनमा कमी देखिएको प्रमुख शाक्यको दाबी छ। साथै उहाँले भारतीय सीमामा अत्याधिक सवारी जामको कारण सिमेन्ट, क्लिंकर आयातकर्ताहरू अन्यत्र नाकाबाट कारोबार गर्न थालेको र भारतमा प्रारम्भ गरिएको कर प्रणाली जीएसटी तथा नेपालतर्फ शुरू गरिएको एक्जिम कोडको कारणले समेत केही आयातकर्तामा द्विविधा उत्पन्न भएको कारण लक्ष्य अनुसारको राजस्व संकलन हुन नसको भन्सारका सूचना अधिकृत कलिराम पौडेलले बताउनुभयो।

# माथिल्लो तामाकोसी आयोजना दुई वर्ष ढिला हुने संकेत

चिरञ्जीवी मास्के, दोलखा

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको लागि आवश्यक सामग्री ढुवानी गर्ने भारतीय ठेकेदार कम्पनीले काममा ढिलाइ गर्दा आयोजना झण्डै २ वर्षपछि धकेलिने संकेत देखिएको छ। भारती ठेकेदार कम्पनी टेक्सम्याको रेल्वे इन्जिनियरिङले पेनस्टक पाइपको ढुवानीको काम २५ प्रतिशत मात्र पूरा गरेकाले आयोजना झण्डै २ वर्ष ढिला हुने संकेत देखिएको हो।

आयोजनाले निर्माण कार्यलाई छिटो छरितो बनाउन ४ भागमा विभाजन गरी ठेक्का लगाएको तर भारती ठेकेदार कम्पनी टेक्सम्याको रेल्वे इन्जिनियरिङले लक्ष्यअनुसार काम नगर्दा आयोजना करिब २ वर्ष ढिला हुने संकेत देखिएको आयोजनको उच्च स्रोतले जनाएको छ।

टेक्सम्याकोले ढुवानी गरी जडान गर्नुपर्ने ५ मिटर लम्बाई र ३ दशमलव ६ गोलाई भएको १ सय ६० वटा पेनस्टक पाइपमध्ये आयोजनास्थलमा करिब ४० वटामात्र ढुवानी भएको छ। आयोजना व्यवस्थापनले कम्तिमा २० वटा गाडीबाट ढुवानी गर्न पटकपटक पत्राचार गरे पनि भारतीय ठेकेदार कम्पनीले ३ वटा



गाडीले मात्र ढुवानी गरिरहेको आयोजनाको उच्च स्रोतले जनाएको छ।

लट-२ को ठेकेदार टेक्सम्याकाले लक्ष्यअनुसार कार्य नगरिदिँदा समयमा नै आयोजनको काम सम्पन्न गर्न समस्या भएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले स्वीकार गरेका छन्। आयोजनाको निर्माण कार्य करिब ९४ प्रतिशत सम्पन्न हुँदा भारतीय ठेकेदार कम्पनी टेक्सम्याकोको ठेक्काको काम भने ४० प्रतिशत पनि सम्पन्न हुन सकेको छैन। टेक्सम्याकोले एउटा पेनस्टक पाइप सिमरादेखि सिन्धुपाल्चोकको सुनकोसीसम्म ५ दिन र सुनकोसीबाट आयोजनास्थल लामाबगरसम्म करिब १२ दिन लगाएर ढुवानी गर्दै आएको छ। उक्त ठेकेदार कम्पनिले बाँकी सामान पनि यहि प्रक्रियाले ढुवानी गरे १२० वटा पेनस्टक पाइप ढुवानी गर्न साढे २ वर्ष लाग्ने देखिन्छ।

आयोजनाको ३७३ मिटरको ठाडो सुरुङ, १०० मिटरको तेर्सो सुरुङ र ३१० मिटरको अर्को ठाडो सुरुङमा पेनस्टक पाइप जडान गर्नुपर्ने हुन्छ। पेनस्टक पाइप जडानको काम नभई विद्युत उत्पादन सम्भव नभएकाले आयोजनाको काम पछि धकेलिने संकेत देखिएको आयोजनाको उच्च स्रोतको भनाइ छ। नेपाल विद्युत् प्राधिकरणका एक उच्च अधिकारीका अनुसार तामाकोसी आयोजनाले निर्धारित समयमा विद्युत् उत्पादन गर्दा भारतलाई वार्षिक करिब १६ अर्ब घाटा लाग्ने हुँदा भारतीय कम्पनीले नियतबस काममा ढिलाई गरिरहेको हुन सक्छ। राष्ट्रिय गौरवको आयोजनालाई समयमै सम्पन्न गर्ने र काममा कसैले जानी जानी ढिलाइ गरेको छ भने त्यस्तोलाई कारबाही गर्ने आँट सरकारले गर्नुपर्ने सरोकारवालाको भनाइ छ।

{ नेपालबाट सबैभन्दा बढी निर्यात हुने वस्तुमा बोरा, झोला, अन्य कपडा पदार्थ तथा रफ कागज रहेका छन्। यसबाहेक नेपालबाट सेन्थेटिक यार्न, अदुवा, सुठो, पिना, काँच, चोकर, भुस, तारका जालीलगायत अन्य सामग्रीसमेत रहेको कार्यालयले जनाएको छ।

अर्थ

# क्षमता विस्तार गर्दै निगम

दीपेन्द्र थापा, काठमाडौं

नेपालको वार्षिक पेट्रोलियम पदार्थको खपत २० प्रतिशतका दरले वृद्धि हुने गरेको अवस्थामा नेपाल आयल निगमले ९० दिनको खपत धान्ने भण्डारण क्षमता विकास गर्न लागेको छ। निगमले आगामी ५ वर्षभित्रमा ७ वटै प्रदेशमा ९० दिनको भण्डारण क्षमता विस्तार गर्न लागेको हो।

भण्डारण क्षमता बढाउन सरकारको निर्देशन बमोजिम अगाडि बढाएको नेपाल आयल निगमका निमित्त प्रमुख सुशील भट्टराईले जानकारी दिनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै भट्टराईले निगमले हाल आन्तरिक परामर्शदाता नियुक्ति गर्ने गृहकार्यको काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'भण्डारण क्षमता वृद्धि गरी अहिलेको मौज्दातअनुसार ९० दिनको पुर्‍याइँदै छ। त्यसका लागि अहिले लागत स्टेटमेन्टको प्रक्रिया अगाडि बढेको छ।'

निगमले ९० दिन खपत धान्न आवश्यक पर्ने थप ५ लाख ३० हजार किलोलिटर पेट्रोल, डिजल, मटितेल, एलपी ग्यास र हवाई इन्धन भण्डारण क्षमता विस्तार गर्न लागेको निमित्त प्रमुख भट्टराईको दाबी छ। वर्षेनी वृद्धि हुँदै गरेको पेट्रोलियम पदार्थको खपतको प्रमुख कारण प्रतिदिन सवारी चाप रहेको छ भने अर्को भारतमा भन्दा नेपालमा इन्धनको मूल्य कमि हुँदा पनि खपत बढेको उहाँले बताउनुभयो।

निगमका अनुसार हाल राष्ट्रिय रूपमा निगमको भण्डारण क्षमता पेट्रोलमा जम्मा ८ हजार ६ सय किलोलिटर रहेको छ भने दैनिक बिक्री परिमाण १ हजार ४ सय किलोलिटर रहेको छ। यस हिसाबमा भण्डारणले देशभरको माग ६ दिनसम्म धान्ने छ। यसमध्ये उपत्यकामा मात्र दैनिक ५ देखि ७ सय किलोलिटर खपत हुँदै आएको छ।

त्यस्तै डिजेलमा देशभरको भण्डारण क्षमता ४२ हजार किलोलिटर रहेकोमा दैनिक ५ हजार २ सय किलोलिटर खपत रहेको छ। ४ हजार २ सय भण्डारणले ६ दिनसम्म देशभरिको मागलाई धान्न सक्ने निगमको दाबी छ। एलपी ग्यासमा भने निगमसँग हालसम्म अतिरिक्त भण्डारण छैन।

**पेट्रोल भण्डारण क्षमता ९ हजार किलोलिटर, दैनिक खपत १ हजार ४ सय किलोलिटर, धान्ने क्षमता ६ दिन, डिजेल भण्डारण क्षमता ४२ हजार किलोलिटर, दैनिक खपत ५२ हजार किलोलिटर, खपत धान्ने क्षमता ८ दिन रहेको छ। निजी ग्यास कम्पनीको ५६ ग्यास प्लान्टमा ६ हजार मेट्रिक टन, दैनिक खपत ३४ हजार मेट्रिक टन रहेको छ। यसैगरी हवाई इन्धनको मौज्दात ८ हजार ४ सय ९९ किलोलिटर हवाई इन्धनमा १० दिन खपत क्षमता रहेको छ।**

तर निजी ग्यास उद्योगीसँग भएको क्षमताले देशको करिब ५ दिनसम्म माग धान्न सक्ने निमित्त प्रमुख भट्टराईको भनाइ छ। निजी ग्यास कम्पनीको ५६ ग्यास प्लान्टमा ६ हजार मेट्रिक टन क्षमता रहेको छ। एलपी ग्यासको हाल दैनिक खपत ३४ हजार मेट्रिक टन रहेको छ।

यसैगरी हवाई इन्धनको मौज्दात ८ हजार ४ सय ९९ किलोलिटर हवाई इन्धनमा भने १० दिनको मौज्दात क्षमता रहेको छ। मट्टितेलको भने १६ हजार ३ सय १४ किलोलिटर मौज्दात छ। निगमले ३ नम्बर प्रदेशमा अत्याधिक इन्धन खपतलाई सम्बोधन गर्नको लागि चितवन, ललितपुर र नुवाकोटको त्रिशूलीमा भण्डार केन्द्र बनाउन लागेको हो। चीन र भारतबाट दुवै देशबाट इन्धन आयत गर्न सजिलो होस् भनेर निगमले त्रिशूलीमा भण्डार केन्द्र बनाउनको लागेको निमित्त प्रमुखले बताउनुभयो। निगमले द्रुतमार्गलाई ध्यानमा राखेर पनि निगमले ललितपुरमा पनि भण्डार गर्न लागेको हो भने सपोर्टका लागि चितवनमा निर्माण गर्न लागेको हो।

केही समय अगाडि निगमले काभ्रेमा १० हजार मेट्रिक टन एलपी ग्यास भण्डारण संरचना निर्माण गर्न सम्भाव्यता अध्ययन गरेको थियो। प्रदेश नम्वर ४ को लागि भने तनहुँको खैरेनीमा भण्डार केन्द्र बनाउन लागेको हो। त्यसका लागि सरकारले पनि जग्गा दिने योजना बनाएको छ भने निगमले पनि जग्गा खरिद गर्ने योजना बनाएको छ। हाल निगमले १, ३ र ५ नम्बर प्रदेशमा नयाँ जग्गा खरिद गर्ने खोजेको छ भने ५, ६ र ७ नम्बर प्रदेशमा समेत जग्गा खरिद गर्न योजना बनाएको छ।

जग्गाको आकार अनुसार भण्डारण केन्द्र बन्ने भएकाले जग्गा प्राप्त गर्नको लागि निगम लागि परेको निगमको धारणा छ। निगमले पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि न्यूनतम ९० दिनको माग धान्न सक्ने गरी नेपाल आयल निगमको भण्डारण क्षमता वृद्धि गर्न विभिन्न ठाउँ पहिचान गरी जग्गा खरिद गरिरेको र भण्डारण गृह बनाउन लागि परेको निगमले जनाएको छ। निगमले उपत्यकाको र आसपासको मागलाई सम्बोघन गर्न निगमसँग भएको ट्याङ्कीलाई स्तरोन्नत्ति गरी पेट्रोलमा ५ हजार ३ सय भण्डारण क्षमता बढाएको छ। पेट्रोलमा हालको जम्मा भण्डारण क्षमता ७१ हजार किलोलिटर रहेको छ। निगमले सातै प्रदेशमा भण्डारण गर्न लक्ष्य अनुरूप झापा, सर्लाही, चितवन भैरहवामा जग्गा खरिद गरिसकेको र अरू ठाउँमा पनि खरीद प्रक्रियाको लागि गृहकार्य भइरहेको निगमका निमित्त प्रमुख भट्टराईले बताउनुभयो।

सरकारको तथ्यांकमा हेर्दा उपत्यकाको १६ सय ५० किलोमिटर सडकमा १० लाख बढी सवारी साधन दैनिक आवतजावत गर्ने गर्दछन्। २०४६ सालदेखि २०७४ सालसम्म सबै प्रकारका सवारी गरी कुल २७ लाख ८३ हजार ४ सय २८ सवारी दर्ता भएको तथ्यांक यातायात व्यावस्था विभागसँग छ। विभागको तथ्यांकअनुसार तीमध्ये सबैभन्दा बढी बाग्मती अञ्चल कार्यालयमा मात्रै २०४६ देखि २०७४ सम्म १० लाख ४२ हजार ८ सय ५६ वटा साना तथा ठूला सवारी साधन दर्ता भएको देखिन्छ। उपत्यकामा मात्र ८ लाख ७६ हजार ४ सय ७३ दुई पाङग्रे सवारी रहेका छन्।

## विश्व बजार

## जिज्ञाशुले अर्बपति

काठमाडौं, (नेस)

आज विश्वका सडकमा चल्ने चिल्ला गाडी फोर्डको पछाडि एउटा नाम जोडिएको छ। 'फार्ड' नाम अमेरिकी राज्य मिसिगनको एक गरिब किसान परिवारमा जन्मेका हेनरी फोर्डको ट्रेडमार्क हो भन्ने सायद कमैलाई थाहा होला।

फोर्ड मोटर कम्पनीका संस्थापक हेनरी फोर्डको जन्म ३० जुलाई १८६३ मा अमेरिकी राज्य मिसिगनमा भएको



थियो। उनी आठ वर्षका हुँदा हेनरीका बुबा विलियम फोर्डले नजिकैको एक विद्यालयमा उनको भर्ना गरिदिए। विलियम चाहन्थे कि छोरोले खेती किसानी नै गरोस्। तर, हेनरी मेसिन देख्नै नहुने। जिज्ञासु थिए, भेट्यो कि चलाइहाल्थे।

हेनरीका बाल्यकालका रमाइला घटना सुन्न पाइन्छ। जन्मदिनको उपहार घडी खोलेर फेरि सेट गरेका थिए हेनरीले। त्यसका लागि उनका औजार थिए- एउटा सानो किला, चिम्टा र सुई खोजे।

उनका बुबा विलिएम छोरोको यो चालाले आजित भइसकेका थिए। बेला-बेलामा पिटाइ खानु सामान्य कुरा थियो। अन्तत: प्राइमरी शिक्षा पूरा गरेपछि बुबाले उनलाई खेतीकै काममा लगाए।

हेनरी घरमा बस्न सकेनन्। १६ वर्षको उमेरमा भागेर डेट्रोइट शहर पुगे र त्यहाँ स्टिम इन्जिन बनाउने वर्कसपमा काम गर्न थाले। उनको मेहनतले उनलाई सो वर्कसपको प्रमुख इन्जिनियरसमेत बनायो।

**जतिबेला हेनरीको तलब १ सय २५ अमेरिकी डलर थियो। बचाएको पैसाबाट उनले एन वर्षमै 'मोडेल टी' नामको एउटा सस्तो कार बनाए। सडकमा आएलगत्तै त्यो कारले तहल्का मच्चाइदियो। यो यति सस्तो थियो, जोकोहीले पनि खरिद गर्न सक्थ्यो।**

जतिबेला हेनरीको तलब १ सय २५ अमेरिकी डलर थियो। बचाएको पैसाबाट उनले एन वर्षमै 'मोडेल टी' नामको एउटा सस्तो कार बनाए। सडकमा आएलगत्तै त्यो कारले तहल्का मच्चाइदियो। यो यति सस्तो थियो, जोकोहीले पनि खरिद गर्न सक्थ्यो। यस कारले बिक्रीको रेकर्ड नै तोड्यो। हेनरीले जति कार बनाउँथे, सब बिक्री हुन थाल्यो। हेनरीलाई भ्याईनभ्याई भयो।

२०औं शताब्दीको शुरूमा उद्योगपतिले श्रमिक वर्गलाई यन्त्रको रूपमा लिए पनि हेनरी फोर्ड भने 'गिभ मोर, गेन मोर' अर्थात् धेरै देऊ, धेरै फर्किन्छ भन्ने विचार अपनाएर अघि बढे।

उनले सबैभन्दा पहिले 'मोडेल टी'को मूल्य घटाएर ३ सय ४० अमेरिकी डलर बनाए। ८ घण्टा पुर्‍याए, मजदुरको तलब दुई गुणाले वृद्धि गरिदिए। फोर्ड मोटर कम्पनीमा ३ सिफ्टमा कार उत्पादन हुन थाल्यो, ३ गुणा कार उत्पादन हुन थाल्यो। कम्पनीलाई फाइदै फाइदा हुन थाल्यो।

हेनरीले थोमस अल्बा एडिसनको एल्युमिनेटिङ कम्पनीमा रात्रीकालीन अपरेटरका रूपमा काम पनि गरे। इलेक्ट्रिकल इन्जिनियरिङ सिक्न हेनरी सँ कम्पनीमा काम गरेको भन्ने जानकारहरू बताउँछन्। त्यससमय कामबाट फर्कर आएपछि हेनरी फोर्ड घरमा अबेर रातिसम्म वाफ इन्जिन बनाउने प्रयास गर्थे। सन् १८९६ जुन ४ मा उनलाई सफलता हात पर्यो। उनले ३३ वर्षकै उमेरमा बाफबाट चल्ने वाहन बनाए।

हेनरीले आफ्नो मृत्युभन्दा २ वर्षअघि कम्पनीको अध्यक्ष आफ्नो नाति हेनरी फोर्ड द्वितीयलाई बनाएका थिए। हेनरीले आफ्नो अथक परिश्रमबाटै आफूले खडा गरेको फोर्ड कार उत्पादन कम्पनीलाई सफलताको शिखरमा पुर्‍याए। आज पनि उनले स्थापना गरेको कम्पनी विश्वविख्यात छ।

उनी भन्थे-'परिश्रम कहिले पनि खेर जाँदैन, कुनै न कुनै दिन त्यसले सफलताको शिखरमा पुर्‍याउँछ तर यसका लागि दृढ विश्वासचाहिँ हुनैपर्छ।' हेनरी फोर्डका बारेमा धेरै कथन चर्चित छन्। हेनरीलाई आफ्ना सन्तानलाई पकेट खर्च निकाल्न जुत्तामा पालिस गर्न सडकमा पठाउने पिताको रूपमा लिइन्छ। यसप्रति उनको भनाइ थियो- 'अहिले पो म अर्बपति छु। मेरो समयमा जो अर्बपति थिए, ती सबैको अवस्था भिख माग्ने भइसकेको छ, अर्थात उनीहरूको अवस्था ठिक छैन।'

त्यस्तै लन्डन यात्राको क्रममा सोधपुछ अफिसमा गएर सस्तो होटलबारे जानकारी लिएका थिए। अर्बपति भएर सस्तो होटलको खोजी गर्ने भन्ने प्रश्नमा उनको उत्तर आफू गरिबको छोरो रहेको उनले बताएका थिए। उनीको एउटै भनाइ थियो- 'मानिसले कामका कारण सम्मान पाउँछ, महँगो पोशाकले होइन।'

*(विभिन्न एजेन्सीहरूको सहयोगमा)*

## 'ट्राभलर्स र च्वाइस अवार्ड' डालियालाई

काठमाडौं, (नेस)

ट्राभलर्स च्वाइस अवार्ड २०१८ बाट पोखराको डालिया बुटिक होटल ट्राभलर्स च्वाइस अवार्ड जितेको छ। प्रत्येक वर्ष प्रदान गर्ने अन्तर्राष्ट्रिय ट्राभल साइट ट्रिप एडभाइजरको उक्त अवाड हात पारेको हो।

सन् २०१५ बाट आरामदायी ३१ कोठा बाट आफनो सेवा शुरू गरेको थियो। थोरै पैसामा धेरै सेवा सुविधा दिन सकेकाले नै अवार्ड डालियाले प्राप्त गर्न सकेको होटेलका प्रबन्ध निर्देशक सागर पंगेनीले बताउनु भएको छ। ट्रिप एडभाइजरले होटलबाट पाउनाले पाएको सेवा सुविधाको आधारमा अवार्ड प्रदान गर्दै आएको छ। यसै वर्ष होटेलले सेवा सुविधालाई विस्तार गरेर रूफ टप स्वीमिङ पुल विस्तार गर्दैछ भने ९ थप कोठा विस्तार गरेर कुल ४० कोठा बनाउँदै छ।

## टुर्गानमा नयाँ नेतृत्व

काठमाडौं, (नेस)

टुरिस्ट गाइड एसोसिएसन अफ नेपाल (टुर्गान)को २४औं वार्षिक साधारणसभाले नयाँ नेतृत्व चयन गरेको छ। साधारणसभाले केदार तामाङको अध्यक्षमा १४ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन गरेको हो।

उक्त कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा भाईकृष्ण खड्का, प्रथम उपाध्यक्षमा थानेश्वर देवकोटा, द्वितीय उपाध्यक्षमा प्रभालक्ष्मी प्रधानाङ, महासचिवमा बद्री नेपाल, सचिवमा ब्रमदेव शाक्य र कोषाध्यक्षमा कुमार पुरी हुनुहुन्छ।

त्यसैगरी कार्यसमिति सदस्यहरूमा यज्ञबहदुर कार्की, विष्णुप्रसाद भट्टराई, मथुराप्रसाद मानन्धर, राजेन्द्रबहादुर राई, दीपचन्द्र कालिका, शंकर भट्टराई र दीपक गिरी रहनुभएको छ।

# कालीगण्डकी करिडोरको कुस्मा-मिर्मी खण्डको असारभित्र



दुर्गाप्रसाद शर्मा, पर्वत

उत्तर दक्षिण जोड्ने कालीगण्डकी करिडारको कुस्मा-मिर्मी खण्डमा यसै आर्थिक वर्षभित्रमा ट्र्याक खोलिने भएको छ।

करिडोरको मर्मी-कुस्मा खण्डमा पर्वतको मुडिकुवादेखि अर्मादी र स्याङ्जाको मोहनडाँडादेखि मिर्मीसम्मको थोरै बाँकी रहेको ट्र्याक खोल्ने काम असारसम्ममा नै सक्न लागिएको हो। करिडोरको मिर्मी-कुस्मा खण्डमा झण्डै दुई किलोमिटरमात्रै सडकमा ट्र्याक खोल्न बाँकी छ।

भारतसँगको सिमाना सुनौलीदेखि उत्तरमा चीनको तिब्बती सीमा कोरल्लासम्म पुग्ने गैंडाकोट-मिर्मी-फलेबास-जोमसोम-कोरल्ला' सडक ३ सय ७७ किलोमिटर लामो छ। सेतीबेणी-मिर्मी खण्डामा पर्ने पिँडीखोलाको ठूलोखोलादेखि मिर्मीसम्मको १ सय मिटर कठिन पहरोमा ट्र्याक खोल्न बाँकी छ भने पर्वतको मोदीबेणीदेखि अर्मादीसम्म मात्रै डेढ किलोमिटर मिटर ट्र्याक खोल्नका लागि काम भइरहेको छ।

'थोरै मात्र ट्र्याक खोल्न बाँकी छ, यसै वर्षभित्र खोली सक्ने गरी काम अगाडि बढाइएको छ,' करिडोरको गैंडाकोट-राम्दी-मालढुंगा' आयोजनाका प्रमुख नारायणदत्त भण्डारीले बताउनुभयो। मोदीबेणी र मोहनडाँडा, मिर्मी खण्डको पहरोमा ट्र्याक बनाउन विष्फोटन गर्नुपर्ने आवश्यकता भएकाले नेपाली सेनाको सहयोग लिनुपर्ने देखिएको छ।

कालीगण्डकी करिडोरमा कालीगण्डकी पश्चिममा पाल्पा-गुल्मी-बागुङ खण्डमा सडकको अधिकांश ट्र्याक नेपाली सेनाले खोलेको छ भने विभिन्न खोलामा बेलीब्रिज बनाउने कामसमेत सम्पन्न गरिसकेको छ। पर्वत खण्डमा भने ठेकेदारले समयमा काम नगर्दा गत वर्ष नै ट्र्याक खोल्ने भनिए पनि अझै काम हुन सकेको छैन। अहिले फलेबास नगरपालिकाको मुडिकुवादेखि अर्मादी खण्डमा ट्र्याक खोल्ने काम भइरहेको छ। मोहनडाँडादेखि मिर्मीसम्म विष्फोटन गर्नुपर्ने भएकाले सेनाले सहयोग नगरेसम्म काम अधुरै छ। आयोजना कार्यालयका अनुसार फलेबासदेखि अर्मादीसम्मको सडकको ट्र्याक खोल्ने काम असारसम्ममा सक्ने लक्ष्य छ। रानीपानीदेखि फलेबाससम्मको २२ किलोमिटर सडक चक्लाबन्दी गरी ग्राभेल स्टान्डर्डको बनाउन टेन्डर आह्वान भइसकेको छ। त्यसका लागि ३९ करोड ३० लाख बजेट विनियोजन भएको छ। अहिले पनि मोदीखोला, लमायखोला र सेतीखोलामा पक्कीपुल निर्माणका लागि काम शुरू भएको छ भने आँधीखोलामा पुल निर्माणका लागि टेण्डर आह्वान गर्न अन्तिम चरणमा रहेको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो।

'सडकको धेरै क्षेत्रमा काम भइरहेको छ, बजेटको पनि अभाव छैन' उहाँले भन्नुभयो-'भूगोल र ठेकेदारका कारण कहिले काहीं समस्या आएको छ,' उहाँले ठेकेदारलाई प्रेसर दिएर पनि लक्ष्य अनुसार समयमा काम सम्पन्न गर्ने तयारी भइरहेको बताउनुभयो।

कालीगण्डकी करिडोरको पर्वत-मिर्मी खण्ड जम्मा ५५ किलोमिटर छ भने बागलुङ-गुल्मी-पाल्पा खण्ड यो भन्दा झण्डै ३० किलोमिटर बढी छ। पर्वत खण्डमा समयमा पुल र सडकको काम सक्ने हो भने उत्तर दक्षिण आउने सवारी साधन यही मार्गलाई प्रयोग गर्ने सम्भावना छ। कालीगण्डकी करिडोरको पर्वत खण्डका लागि निरन्तर अभियान चलाइरहेका प्रदेशसभा सदस्य विकास लम्साल यो खण्डको काम जुनसुकै हालतमा पनि समयमा पूरा गराउने बताउनुभयो। 'कुस्मा-मिर्मी खण्डमा पुल र सडक निर्माणका लागि निरन्तर दबाब र अनुगमन जारी रहन्छ,' उहाँले भन्नुभयो-'समयमा नै काम सम्पन्न गर्न बजेटदेखि प्रक्रियागत ढिलाइ हुन दिइने छैन'

पर्वतका प्रतिनिधिसभा सदस्य पदम गिरीले पनि करिडोरको कामलाई जुनसुकै हालतमा पनि सम्पन्न गराउन बजेटको कमि हुन नदिने बताउनुभयो। ठेकेदारका कारण ढिलाइ हुने अवस्थामा नेपाली सेनालाई जिम्मा दिएर पनि काम अघि बढाउनुपर्ने उहाँको धारणा छ। गिरीसहितको टोलीले बागलुङ-गुल्मी खण्डमा नेपाली सेनाले गरेको काम अवलोकन गरेर फर्केको छ।


## लिलाम विक्रीसम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०७४/१०/१३

यस महालक्ष्मी विकास बैंक लि. (साविक मनकामना डेभलपमेण्ट बैंक लि.) दरबारमार्ग काठमाण्डौका तपसिलमा उल्लेखित तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७१/७/१३ को राजधानी दैनिकमा ३५ दिने, मिति २०७१/८/२२ को राजधानी दैनिकमा १५ दिने , मिति २०७३/१२/११ गते को नागरिक दैनिकमा ७ दिने, र मिति २०७४/०४/३ नयाँ पत्रिकामा ७ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी ऋणी, व्यक्तिगत जमानी समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसीलमा उल्लेखित अचल सम्पत्ति जग्गाहरु तथा सोमा कुनै निर्माण कार्यहरु भए सो लगायतको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि पुन यो ७ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्धी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। साथै यस सूचना बमोजिम लिलाम विक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१.ऋणी** : **श्री नेपाल कोल्ड स्टोरेज एण्ड आईस इण्डस्ट्रिज प्रा.लि.**
ठेगाना : बारा जि.लिपनीमाल गा.वि.स. वडा नं. ४।
प्रा.लि. नं. : २०२४।०४२
**संचालक** : **श्री नरेन्द्र बहादुर महर्जन**
का.जि.का.म.न.पा. वडा नं. १४ रविभवन, काठमाण्डौ।
बाबु : सिद्धि बहादुर महर्जन
बाजे : निर बहादुर महर्जन
**संचालक** : **श्री विनय बहादुर महर्जन**
का.जि.का.म.न.पा. वडा नं. १४ रविभवन, काठमाण्डौ।
बाबु : नरेन्द्र बहादुर महर्जन
बाजे : सिद्धि बहादुर महर्जन
व्यक्तिगत जमानीकर्ताहरु : श्री नरेन्द्र बहादुर महर्जन, श्री विनय बहादुर महर्जन, श्रीमती शोभादेवी महर्जन।
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा





**धितो रहेको जग्गाको विवरण**

१. सिद्धि बहादुर महर्जनको नाति, नरेन्द्र बहादुर महर्जनको छोरा का.जि.का.म.न.पा. वडा नं. १४ रविभवन, काठमाण्डौ बस्ने वर्ष ४४ को विनय बहादुर महर्जनको नाममा मालपोत कार्यालय बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जि.लिपनीमाल गा.वि.स. वडा नं.४ स्थित कि.न.७५ को क्षेत्रफल : ०-२-०, को जग्गा तथा सम्पूर्ण लिगलगापात समेत।
२. ऋणी कम्पनी श्री नेपाल कोल्ड स्टोरेज एण्ड आईस इण्डस्ट्रिज प्रा.लि. को नाममा मालपोत कार्यालय बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जि.लिपनीमाल गा.वि.स. वडा नं. ४ स्थित कि.न.७४ को क्षेत्रफल : ०-६-०, को जग्गा तथा सोमा निर्मित घर तथा सम्पूर्ण लिगलगापात समेत।

**तपसिल**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र दरबारमार्ग, शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
२. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको शाखा कार्यालय, दरबारमार्गमा सम्पर्क गर्नु हुन।
३. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद, बैंक ग्यारेण्टी, गुड फर पेमेण्ट चेक धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ।
४. बोलपत्र स्विकृतवालाले बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुनेछ।
५. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सर्म्पूण खर्चहरु बोलकबोलदाताले ब्यहोर्नु पर्नेछ।
६. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ।
७. बोलपत्र स्विकृत अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/१०/१९ गते शुक्रबार
खोलिने मिति : २०७४/१०/२१ गते आइतबार दिनको ३ बजे (२० गते शनिबार परेको)
स्थान : महालक्ष्मी बिकास बैंक लि. दरबारमार्ग, काठमाण्डौ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)
दरबारमार्ग, काठमाण्डौ
फोन नं. ४२६८१५३।

# फेडेररलाई रेकर्ड बराबरी गर्ने मौका



मेलबर्न, (एजेन्सी)

अस्ट्रेलियन ओपनको फाइनलमा पुगेसँगै रोजर फेडेररले मेलबर्नमा रेकर्ड बराबरी गर्ने मौका प्राप्त भएको छ।

शुक्रबार सेमिफाइनल खेलमा दक्षिण कोरियाका हेअन चुंग रिटायर्ड हर्ट हुँदा फेडेरर फाइनलमा पुगेका हुन्। चुंगले खेल परित्याग गर्दासम्म स्विस खेलाडी ६-१, ५-२ को सेटले अगाडि थिए। २१ वर्षीय चुंगले बायाँ पैतालामा फोका उठेपछि खेल्न असमर्थ भएका थिए। अन्तिम चारमा निरास बने पनि उनले यहाँसम्म पुगेर इतिहास रचेका छन्। उनी कुनै पनि ग्रान्डस्लाम प्रतियोगिताको सेमिफाइनल पुग्ने पहिलो दक्षिण कोरियाली खेलाडी हुन्।

फेडेररले आइतबार हुने फाइनल खेलमा क्रोएसियाका छैटौं वरियता मारिन चिलीचसँग खेल्नेछन्। ३६ वर्षीय डिफेन्डिङ च्याम्पियनका लागि रेकर्ड बनाउने मौका छ। यदि फाइनल जितेमा उनी रोय इमर्सन र नोभाक जोकोभिचको ६/६ अस्ट्रेलियन ओपन उपाधिको रेकर्ड बराबरीमा पुग्नेछन्। साथै उनको करिअरमा २०औं ग्रान्डस्लाम उपाधि हुनेछ।

फेडेरर विश्व टेनिसको इतिहासमा सबैभन्दा सफल टेनिस खेलाडी बनेका छन्। उनले सन् २००३ मा पहिलो ग्रान्डस्लाम उपाधि जितेका थिए। उनले ८ विम्बल्डन, ५-५ अस्ट्रेलियन र युएस ओपन तथा १ फ्रेन्च ओपन उपाधि जितेका छन्। फेडेरर चोटका कारण सन् २०१३ देखि १०१६ सम्म कुनै पनि ग्रान्डस्लाम उपाधि जितेका थिएनन्। तर गत वर्ष उनले अस्ट्रेलियन ओपन र विम्बल्डन जितेर टेनिस कोर्टमा पुनः धाक जमाएका छन्।

**फेडेरर सातौं पटक अस्ट्रेलियन ओपनको फाइनलमा पुगेका छन्। उनले आइतबार हुने फाइनलमा करिअरको २०औं ग्रान्डस्लाम उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। २००४, २००६, २००७, २०१० र २०१७ वर्षमा उपाधि जितेका फेडेरर २००९ मा राफाल नाडालसँग फाइनल हारेका थिए।**

# पुलिस क्वाटरफाइनलमा

नेपाल समाचारपत्र

पोखरा


झापा ११ सँग २ वर्षअघिको हारको बदला लिँदै नेपाल पुलिस क्लब १६औं आहा रारा गोल्डकपको क्वाटरफाइनल यात्रा सुरक्षित बनाएको छ।

१३औं मिनेटमा सुमन लामाले गरेको गोल निर्णायक बनेपछि पुलिसले झापालाई १-० गोलअन्तरले हराएको हो। १४औं सस्करणमा पुलिसलाई पराजित गर्दै झापाले अन्तिम चारमा स्थान बनाएको थियो। यसपटक झापाको अन्तिम १६ बाट विदाइ भएको छ। सात पटकको फाइनलिस्ट विभागीय टोलीको सो प्रतिद्वन्द्वीसँग पोखरामा तेस्रो भेटसमेत थियो।




बलमाथिको नियन्त्रण कम, हतार र हताश अनि गलत पासले झापा हारको स्थितिमा पुग्यो। झापाले ९० मिनेटमा अवसरको सृजना खासै गर्न सकेन। ३८ औं मिनेटमा सौरभ मगरको पासलाई विकेश लिम्बूले बललाई हेडिङ गर्न भ्याएनन्। एक गोलले पछि परेपछि निकै हतारिएको झापाले बलमाथिको नियन्त्रण लिने प्रयास गरे पनि पुलिसले असफल बनाइदिएको थियो।

# नेयमार फेरि महँगो बन्ने



मेड्रिड, (एजेन्सी)

क्रिस्टियानो रोनाल्डोले रियल मेड्रिड यसै सिजनमा छोडेमा नेयमार दोस्रो पटक सबैभन्दा महँगो खेलाडी बन्न सक्नेछन्। यसअघि ब्राजिली स्ट्राइकर पेरिस सेन्ट जर्मेनले बार्सिलोनाबाट कीर्तिमानी १९ करोड ८० लाख पाउन्डमा किनेपछि सबैभन्दा महँगो खेलाडी बनेका हुन्। मार्काको अनुसार रियल मेड्रिडले नेयमारलाई ३० करोड युरोमा किन्ने तयारीमा रहेको छ। यो सम्झौता साकार हुन रोनाल्डो सबैभन्दा ठूलो बाधक भएको पनि जनाइएको छ। रोनाल्डोले क्लबसँग बार्सिलोनाका लियोनल मेसी सरह साताको पारिश्रमिक ५ लाख पाउन्ड हुनुपर्ने माँग राखिरहेका छन्। क्लबले भने उनको माँगलाई बेवास्ता गरिरहँदा रोनाल्डो अन्य क्लबको खोजीमा रहेको पनि स्पेनी अखबारले उल्लेख गरेको छ।

# जगत् मन्दिर क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

जगत् मन्दिर र माउन्ट ग्लोरी १०औं ओडिसी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शुक्रबार क्वाटरफाइनलमा प्रवेश गरेका छन्। जगत मन्दिरले हिमरश्मीलाई ११-७ ले पराजित गऱ्यो। त्यस्तै माउन्ट ग्लोरीले एचएचसीएलाई १८-१६ ले, बसुन्धारा नेसनल एकेडेमी (बीएनए) ले इडेन ब्रिज एकेडेमीलाई २४-१८, सेबले आयोजक ओडिसीलाई २०-१६, लालीगुराँसले भद्रकालीलाई १३-८ तथा लक्ष्मीपुरले कान्तिपुर इङलिस एकेडेमीलाई ९-५ ले पाखा लगाउँदै अन्तिम आठमा स्थान बनाए।

# नेरिक सेमिफाइनलमा

काठमाडौं, (नेस)

नेरिक एकेडेमी दोस्रो बौद्ध इन्टरनेसनल अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ शुक्रबार सेमिफाइनलमा प्रवेश गरेको छ। नेरिकले पिस नेपाल एकेडेमीलाई ५३-१६ ले सहजै पराजित गऱ्यो। अर्को खेलमा डाफोडिलले आयोजक बौद्ध इन्टरनेसनल स्कुललाई ५३-४१ ले पन्छायो। गर्ल्सको राउन्ड रोबिन लिगमा आयोजक बौद्धले न्यु बुद्ध प्रकाशमाथि २३-२२ को कठिन जित दर्ता गऱ्यो।

## धरहरा

# पहलमान माफिया



नेपालको प्रमुख आयस्रोतका रूपमा रहेको पर्यटन क्षेत्र जहिले पनि लथालिङ्ग अवस्थामा रहेको छ। संसारलाई आकर्षित गर्न सक्ने एभरेस्टदेखि कुन्नि के-के हो मनोरम दृष्य भएका स्थान पनि नेपालमा नै छन् तर वर्षमा १० लाख पर्यटक भित्र्याउने भन्दै सरकारले ललकारेको पनि २० वर्ष भयो। अहिलेसम्म १० लाख पर्यटक आउन सक्या हैन। किन यस्तो भो भनेर धरहराले सोचविचार गरेको त पर्यटन भित्र्याउने मन्त्रालयमा नै हुने गडबडीले गर्दा यस्तो हुँदोरहेछ भन्ने निष्कर्षमा धरहरा पुगेको छ। सरकार परिर्वतनभन्दा बढी पर्यटन मन्त्रालयमा मन्त्री परिर्वतन हुँदा रहेछन्। माफियाको चंगुलमा मन्त्री पर्ने र उनीहरूलाई पर्यटन माफियाले सजिलै हटाउँदा रहेछन्। बितेको केही वर्षमा ४ वटा प्रधानमन्त्री परिर्वतन हुँदा पर्यटन मन्त्रालयमा मन्त्री भने ८ वटा फेरिएछन्। हैन के छ त्यस्तो मन्त्री नै फेर्नुपर्ने कारण खोज्दै गएको लिने र दिने बीच कुरा नमिलेपछि दिनेलाई लिन नपाइ नै जय नेपाल गरिदिँदा रहेछन्। अनि कहाँबाट टिक्नु त मन्त्री प्रधानमन्त्री र मन्त्रीबीच मात्र होइन मन्त्री र सचिवबीच पनि कुरा नमिलेपछि मन्त्रीभन्दा बढी सचिव फेरिँदा रहेछन्। यस्ता पहलमान माफियाको दादागिरी देखेर धरहरा पनि नतमस्तक भएको छ है पाठकवृन्द ? तपाईं के हुनुभएको छ धरहराले बुझ्को छैन है।

# सिमोनलाई एक तोला सुन

काठमाडौं, (नेस)

कान्तिपुर यातायात व्यवसायी संघले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्न सफल ४ बादोरियो कराँते खेलाडीलाई सम्मान गरेको छ। संघको चौथो साधारणसभामा जापान, जर्मनी, मलेसिया, श्रीलंका, फिलिपिन्स र भारतमा विभिन्न समयमा भएका अन्तर्राष्ट्रिय प्रतियोगितामा ५ स्वर्ण, २ रजत र २ कास्य जितेका सिमोन खत्रीलाई एक तोला सुन प्रदान गरियो।



कामनाको प्रत्येक अंक, विशेष अंक




यस अंकका आकर्षणहरू

**कामना फिल्म अवार्डस माघ १६ मा**

प्रकाशनको ३ दशकभन्दा लामो यात्रा पार गरेको अवसरमा कामनाले गत २०७१ सालबाट आयोजना गर्दै आएको कामना फिल्म अवार्डसको तेस्रो संस्करण आगामी माघ १६ गते राजधानीमा कसरी आयोजना हुँदै छ। पहिलो संस्करणदेखि नै प्रिय बनेको कामना फिल्म अवार्डस २०७४ मा कुन-कुन फिल्म मनोनयमा परेका छन्? को-को कलाकार र प्राविधिक कुन-कुन फिल्मबाट प्रतिस्पर्धाको मैदानमा छन्। पूर्ण विवरण।

**चिन्ता उन्नतिको**

कलाकार र फिल्मकर्मीलाई केवल आफनो क्षेत्रको मात्र चिन्ता छैन। उनीहरु देशले उन्नति गर्न नसकेको तथा आर्थिकरुपमा फडको मार्न नसकेकाले पनि उत्तिकै चिन्तित छन्। देशको समृद्धि उन्नतिका लागि मुलुक हाँक्ने राजनीतिज्ञहरूलाई समेत उपयोगी कलाकर्मीले दिएका उपयोगी सुझाव र टिप्स।

**पोर्न सिनेमा : एउटा दमित यथार्थ**

छोटो फिल्मका नाममा हिजोआज नेपाली भाषामै पोर्न सिनेमा अश्लील फिल्म) बनिरहेका छन्। यस्ता फिल्म सामाजिक सञ्जाल युटयुबबाट संसारभरि जालोसरी फैलिरहेको छ। एउटा तीतो र डरलाग्दो यथार्थ।

**नयाँ पुस्ताले धानेको फिल्म क्षेत्र**

जमाना नयाँको छ। फिल्म क्षेत्रमा नयाँ अनुहारको वर्चश्व छ। वर्तमान फिल्म क्षेत्र नयाँ पुस्ताकै बलले अगाडि बढिरहेको छ। कस्ता छन, फिल्म क्षेत्र हाँकिरहेका नयाँ पुस्ताका कलाकार र निर्देशकहरु। रोचक सामग्री।

**चन्द्रराज शर्मा : संगीतका सारथी**

सांगीतिक वातावरण हुर्किंई जीवनकालभरि केवल गीत-संगीतमा रमाउँदै र खेल्दै यस क्षेत्रको श्रीवृद्धिका लागि अहोरात्र खटिएका संगीतसाधक चन्द्रराज शर्मा अब हामीबीच रहेनन। स्व शर्माको संग्रहणीय पूर्ण जीवनी।

**नेपाली मोडल भारतमा छाउँदै**

नेपाली मोडलहरूले नेपालमा मात्र नाम कमाएका छैनन। सुन्दरीको नगरीका रुपमा परिचित बलिउडमा समेत लोकप्रियता कमाएका छन। दिनहुँ दर्जनौं मोडलको प्रवेश हुने बलिउडका मोडलहरूलाई समेत चुनौती दिंदै आफनोसँगै नेपालको छवीसमेत निर्माण गरिरहेका छन। नेपाली मोडलले भारतमा कमाएको लोभलाग्दो सफलताको कथा।

**अभिनयमा फर्किएकाहरूको सफलता र असफलता**

आफनो जमानामा नाम कमाएका कतिपय कलाकार फेरि फिल्ममा फर्केका छन। फिल्म क्षेत्रमा पुनरागमन गर्ने सबै कलाकार र निर्देशकले भने आफनो जमानमा जस्तो सफलता हासिल गर्न सकिरहेका छैनन। सफलता र असफलताको अर्को कथा।

**साथमा**

- नाच्न सिकाउने गोपालको पुस्तक
- पुसको चिसोमा फेसनको गर्मी
- विन्ध्यवासिनी अवार्डमा रामकृष्णको हुरी हाबी
- पश्चिमेली सेलिब्रेटीको ग्ल्यामरस छवि
- स्वरमा सुनीता
- सुमनकुमारको स्वर सिर्जना

र नियमति स्तम्भहरू
सम्पादकीय, समाचार, हलिउड बलिउड, हुइयाँ, क्लिक क्लिक

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ